वर्ष : १४, अंक : १६, काठमाडौं, २०७५ साउन १८ गते शुक्रबार 3 August 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## 'मधेशी नेताले नै मधेशलाई बर्बाद गरे'



जनकपुरधाम । संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले मधेशलाई बर्बाद गर्ने मधेशी नेता नै भएको टिप्पणी गरेका छन् । स्वास्थ्यमन्त्री समेत रहेका यादवले मधेशको विकास बजेट हिनामिना गरेर मधेशलाई मधेशी नेताले नै पछाडि पारेको आरोप लगाए । मधेशी दलका मधेशी नेता मात्र होइन, अरू दलका मधेशी नेताले पनि मधेसलाई बर्बाद गरेको मन्त्री यादवको आशंय थियो ।

जनकपुर अञ्चल अस्पतालको निरीक्षणपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री यादवले भने, 'मधेसमा विकासका लागि पर्याप्त बजेट आएपनि दुरूपयोग भइरहेको छ ।' मन्त्री उपेन्द्र यादवले जनकपुर अत्यन्तै फोहर सहर भएको बताउँदै सरसफाईको नाममा आएको बजेट मधेशी नेताहरूले नै अनियमितता गरेको आरोप लगाए ।

## 'ओली सरकारलाई दिएको समर्थन फिर्ता हुँदैन'



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय नेता राजेन्द्र महतोले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारबाट राजपाले समर्थन फिर्ता नलिने बताएका छन् । उनले ओली नेतृत्वको सरकारले संविधान संशोधन गर्नेमा आफूहरू पूर्ण विश्वस्त रहेको बताउँदै सरकारलाई दिएको समर्थन फिर्ता नलिने स्पष्ट पारेका छन् । उनले भने,'सरकारलाई दिएको समर्थन अहिले फिर्ता हुँदैन । फिर्ता लिनेबारे हाम्रो पार्टीले अहिलेसम्म कुनै योजना बनाएको छैन । यो सरकार दुई तिहाईको हो । संविधान संशोधनको लागि सरकारले पहल गर्नेमा हामी आशावादी छौं । हामी अहिले पर्ख र हेरको अवस्थामा छौं ।'

सोमबार राजधानीमा आयोजित एक साक्षात्कारमा बोल्दै नेता महतोले भने, 'हामी सरकारको रवैया र व्यवहार हेरेर अघि बढ्छौं । सरकार जसरी अघि बढ्छ, हामी पनि त्यसैगरि अगाढि बढ्छौं । सरकारलाई दिएको समर्थन फिर्ता लिने वा नलिने भन्नेबारे समय आएपछि योजना बन्ला । तर अहिले हाम्रो कुनै योजना छैन ।'

महतोले आफ्नो पार्टी सरकारमा सहभागी हुनेबारे कुनै सम्भावना नरहेको स्पष्ट पारे । उनले भने, 'हामी सरकारमा जानेबारे कुनै सम्भावना छैन ।' सरकारले संविधान संशोधन गर्छ भन्नेमा आफूहरू पूर्ण रूपमा आशावादी भएकोले यदि संशोधन नगरे त्यसपछि आफूहरूले दबाई गर्न जानेको उनले बताए । उनले थपे, 'अहिले नै दबाई गर्ने बेला भएको छैन् ।' पार्टीको महाधिवेशनबाट सहमतिबाटै नेतृत्व चयन गरिनेपनि उनले विश्वास दिलाए । उनले भने, 'हामी सहमतिमै महाधिवेशन सम्पन्न छौं । पार्टीको नेतृत्व र संगठनात्मक संरचनापनि सहमतिमै टुंगो लगाउँछौं ।'

## सिडियो र प्रहरी प्रमुखलाई फिर्ता पठाउन माग

जनकपुरधाम । प्रदेश २ का सत्तारूढ दल फोरम नेपाल र राजपा नेपालले प्रदेश सरकारको आदेश नमान्ने सिडियो र प्रहरी प्रमुखलाई प्रदेश २ बाट फिर्ता पठाउन माग गरेका छन् । सोमबार प्रदेशसभा २ को बैठकमा राजपा र फोरमका प्रदेशसभा सदस्यहरूले यस्तो माग गरेका हुन् । बैठकमा सांसद प्रल्हाद गिरीले मन्त्रीको निर्देशन नमान्ने प्रमुख जिल्ला अधिकारीहरूको प्रदेशमा आवश्यकता नभएको टिप्पणी गरेका छन् । संघीय समाजवादी फोरमले प्रदेश सरकारको निर्देशन अनुसार नागरिकता दिन नमान्ने प्रमुख जिल्ला अधिकारीलाई फिर्ता पठाउन माग गरेको छ । प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्रीले एक हप्ताअघि प्रदेशका ८ वटै जिल्लाका सीडीओलाई जन्मको आधारमा नागरिकता दिन निर्देशन दिँदै काटेको पत्रलाई अटेरी गर्ने सीडीओलाई फिर्ता पठाउन माग गरेका हुन् । राष्ट्रिय जनता पार्टी नेपालका सांसद बाबुलाल साहले संविधानमा लिपिबद्ध गरिएको अधिकारसमेत प्रदेश सरकारले उपभोग गर्न नपाएको प्रति आक्रोश व्यक्त गरे ।

## भाजपा महासचिवको सुझाव



काठमाडौं । भारतीय जनता पार्टीका महासचिव राम माधवले नेपालले सामुन्द्रिक मार्गको सहज पहुँच र त्यसबाट धेरै फाइदा लिनका लागि 'दक्षिण हेर्ने' नीति अपनाउनुपर्ने सुझाव दिएका छन् । इन्डिया थिंक ट्याङ्क फाउन्डेसनका निर्देशकसमेत रहेका माधवले समुन्द्रले नेपालको विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउँदै यसबारेमा नेपाल सरकारले विशेष ध्यान दिनुपर्ने बताएका हुन् ।

काठमाडौंमा भएको सम्मेलनलाई सम्बोधन गर्ने क्रममा माधवले भू-परिवेष्ठित राष्ट्र नेपालले उत्तरी छिमेकी भन्दा दक्षिणका छिमेकी देशहरूको बन्दरगाह प्रयोग गर्दा धेरै फाइदा लिन सक्ने सुझाव दिए । नेपाललाई दक्षिण हेर्ने नीति अवलम्वन गर्न सुझाव दिँदै उनले भने, 'नेपालले भारतलाई मात्रै हेर्नुपर्छ भन्ने छैन तर, नेपाललाई भारतको कोलकाता र बंगलादेशको चिटगोङ बन्दरगाहमार्फत हिन्द महासागरसँग जोडिँदा धेरै फाइदा हुन्छ ।' यी बन्दरगाहबाट नेपालमात्रै नभई चीनको स्वशासित क्षेत्र तिब्बतलाई समेत फाइदा पुग्ने उनले दाबी गरे ।

## जनकपुरलाई 'धार्मिक पर्यटकीय स्थल'को रूपमा विकास गर्न मन्त्री यादवको जोड

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले जनकपुरलाई 'धार्मिक पर्यटक स्थल' को रूपमा विकास गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् । मन्त्री यादवले नेपालको पर्यटन क्षेत्रको विकासका लागि जनकपुरलाई धार्मिक पर्यटक स्थलको रूपमा विकास गर्न उपयुक्त हुने संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई सुझाव दिएका हुन् । जनकपुर मन्दिरहरूको सहर भएकाले यसलाई उचित व्यवस्थापन गरे धार्मिक पर्यटकको संख्या नेपालमा बढाउन उपयोगी हुने मन्त्री यादवको भनाई छ । काठमाडौंमा आयोजित 'पर्यटन क्षेत्रको भावी कार्य दिशा' विषयक अन्तरक्रियामा उनले जनकपुरको पोखरीहरूलाई व्यवस्थित बनाउन सकेपनि पर्यटकको संख्यामा वृद्धि गर्न सकिने स्पष्ट पारे । मन्त्री यादवले जनकपुरलाई धार्मिक पर्यटक स्थलको रूपमा विकास गर्न प्रदेश २ को सरकारसँग सहकार्य गरेर अघि बढनुपर्ने सुझाव दिए ।



**कांग्रेस र राजपाबीच सहकार्य हुने सम्भावना छ**

: रमेश लेखक



**मधेशको राजनीति र मुद्दा विसर्जनवादीले खाइसके**

: सर्वदेव ओझा

अन्तर्वार्ता पृष्ठ ३ मा

## केन्द्र र प्रदेश २ बीचको द्वन्द्व

# प्रदेश मन्त्री ठूलो कि सिडिओ ?

**मधेशवाणी डेस्क**

काठमाडौं । साउन ७ गते प्रदेश २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले प्रदेशका सबै आठ वटै प्रमुख जिल्ला अधिकारी (सीडीओ)लाई जन्मसिद्ध नागरिकता प्राप्त गरेका बुवा तथा वंशजका आधारमा नागरिकता प्राप्त आमाका सन्तानलाई वंशजको आधारमा सहज रूपमा नागरिकताको प्रमाणपत्र दिन लिखित पत्र पठाए ।

मन्त्री यादवको पत्रमा सर्वोच्च अदालतबाट विगतमा भएका पटक-पटकका फैसला र संविधान बमोजिम जन्मसिद्ध नागरिकता लिएका नेपाली नागरिकको सन्तानलाई वंशज नागरिकताको प्रमाणपत्र उपलब्धका लागि सहजीकरण गरिदिन भनिएको छ ।

मन्त्रीको पत्र पाएलगत्तै धनुषाका प्रमुख जिल्ला अधिकारी गोपाल पराजुलीले पत्र अनुसार नागरिकता दिन मिल्ने वा नमिल्ने भन्दै निर्देशन पाउनका लागि संघीय सरकारको गृह मन्त्रालयमा पत्राचार गरे । यद्यपी पत्रबारे गृह मन्त्रालयले अहिलेसम्म कुनै जवाफ दिएको छैन ।

यसैबीच जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता प्रमाणपत्र प्राप्त गर्न कठिनाइ भोग्न नपर्ने गरी सरल तथा सुलभ ढंगले नागरिकता उपलब्ध गराइदिन भन्दै मन्त्री यादवले संघीय सरकारको गृह मन्त्रालयलाई अनुरोध गर्दै साउन १० गते आफै पत्राचार गरे ।

तर प्रदेश मन्त्रीले दिएको निर्देशन सिडिओहरूले मानेका छैनन् र उनीहरूले यस विषयमा केही पनि बोलेका छैनन् । मन्त्रीको आदेश सिडिओले नमाने पछि संघीय समाजवादी फोरमले प्रदेश सरकारको निर्देशन अनुसार नागरिकता दिन नमान्ने सिडिओलाई फिर्ता पठाउन माग गरेको छ ।

फोरम नेपालका सांसद प्रल्हाद गिरी भन्छन्, 'मन्त्रीको निर्देशन नमान्ने सिडिओहरूको प्रदेशमा आवश्यक्ता छैन ।'

'पहिले त कानूनमन्त्रीले पत्र नै काट्न नहुने थियो र यदि काटिसकेको छ, भने त्यसको पालना सीडीओहरूले नगरेपछि उनीहरूको यस प्रदेशमा बस्ने आवश्यक्ता नै छैन । यदि सीडीओ र प्रहरी प्रमुखले प्रदेश सरकारको आदेश नमान्ने हो भने, प्रदेश सरकारको के महत्व, हाम्रो के महत्व ?' उनले भने । यस्तै, राष्ट्रिय जनता पार्टी नेपालका सांसद बाबुलाल साहले संविधानमा लिपिबद्ध गरिएको अधिकारसमेत प्रदेश सरकारले उपभोग गर्न नपाएको प्रति आक्रोश व्यक्त गरे ।

उनले मधेश आन्दोलनको क्रममा





'अपना शासन, अपना प्रशासन' को नारालाई सार्थकता प्रदान गर्न संघीय लोकसेवा आयोग, निजामति सेवा आयोग, शिक्षक सेवा आयोग जस्ता निकायको गठन गरी संघीय सरकारबाट पदपुर्ति गरिए मात्र संघीय सरकारलाई सहज हुने बताए ।

उनले भने, 'जबसम्म संघीय सरकारको प्रहरी, प्रशासन र कर्मचारी हुँदैन तबसम्म प्रदेश सरकार यस्तै अवहेलनाबाट गुज्रिनुपर्छ ।'

प्रदेश मन्त्री र सिडिओबीचको अहिलेको द्वन्द्व वस्तुतः केन्द्र र प्रदेशकै हो । केन्द्रले प्रदेशका अधिकार आफूमा निहित गरेपछि यस्ता यस्ता द्वन्द्वहरू सार्वजनिक हुँदै आएको छ । केन्द्र सरकारले पनि प्रदेशको अधिकार स्पष्ट नपार्दा प्रदेश २ मा मात्र होइन, अन्य प्रदेशहरूमा पनि यस्ता खाले द्वन्द्व बढ्दै गएको छ । प्रदेश सरकार र केन्द्र सरकारबीच योजनाहरूमा बजेट तथा अन्य अधिकारका विषयलाई लिएर द्वन्द्व बढ्ने संकेत देखिएको छ । केन्द्रीय सरकार अहिले पनि केन्द्रित मानसिकताबाट चलेको लगभग सबै प्रदेशका मुख्यमन्त्रीहरूको गुनासो छ । केन्द्र सरकारले संविधानअनुसारको अधिकार प्रदेश सरकारलाई नदिँदा यस्तो समस्या आएको हो ।

सिडिओको गुनासो

अधिकांश प्रमुख जिल्ला अधिकारीहरूले शान्ति सुरक्षासँग जोडिएको निकाय जिल्ला प्रशासन कार्यालयलाई प्रदेशअन्तर्गत नभई केन्द्र मातहतमा राखेर कानून बनाउन सरकारलाई सुझाव दिएका छन् ।

संघीय ढाँचा अनुरूप गृह मन्त्रालयको पुनर्संरचना गर्नका निम्ति सुझाव दिन गठित उच्चस्तरीय समितिसँग प्रमुख जिल्ला अधिकारीहरूले त्यस्तो धारणा राखेका हुन् । उनीहरूको तर्क के छ भने प्रदेशअन्तर्गत विभिन्न ऐन नियमहरू आफ्नै तरिकाले बन्ने र त्यसरी प्रमुख जिल्ला अधिकारी सञ्चालन हुने हो भने समग्र राष्ट्रलाई एउटै नियममा बाँधेर लान सकिँदैन र काम गर्न पनि असहज हुन्छ । यसले के देखाउँछ भने सिडिओहरू प्रदेश सरकारको भन्दा केन्द्रीय सरकारकै अन्तर्गत रहेर बस्न चाहेका छन् । सिडिओहरूमा अहिले केन्द्रित मानसिकता छ र संघीय संरचनालाई स्वीकार गर्न सकेका छैनन् ।

नागरिकता, पासपोर्ट, सीमा सुरक्षा वा राष्ट्रिय हितका विषयमा समग्र देशको एउटै धारणा हुनुपर्ने भएकाले गृह मन्त्रालयअन्तर्गत देशभर रहने जिल्ला प्रशासन कार्यालयमार्फत व्यक्त हुनुपर्ने अधिकांश सिडिओहरूको मत छ ।

संघीय ढाँचामा अब केन्द्रमा केन्द्रीय गृह मन्त्रालय र सातवटै प्रदेशमा प्रादेशिक प्रहरीको संरचना बन्ने छ । तर संविधानको अनुसूचीमा शान्ति सुरक्षासँग सम्बन्धित विषय संघ र प्रदेश दुवै तहको अधिकार सूचीमा उल्लेख भएकाले जिल्ला प्रशासन कार्यालय कुन मातहतमा रहने भन्ने विषयमा स्पष्टता देखिएको छैन ।

भारतको उदाहरण दिँदै गृह मन्त्रालयका अधिकारीले त्यहाँ गृह प्रशासन केन्द्रकै नेतृत्वमा तलसम्म गएकाले नेपालमा पनि त्यस्तै व्यवस्था हुनुपर्ने बताउँछन् र यही धारणालाई बोकेर सिडिओहरूले प्रदेश मन्त्रीको आदेश नमानेका हुन् । तर जिल्ला प्रशासन कार्यालयलाई प्रदेशभन्दा माथि राख्दा त्यसले प्रदेशसँगको शक्ति सन्तुलनमा विवाद निम्तिन पनि सक्ने भएकाले त्यसतर्फ पनि ध्यान जान जरूरी छ ।

## राज्यमन्त्री शर्मालाई पक्राउ गर्न परमादेश



काठमाडौं । सशस्त्र प्रहरी बलका असई थमन विकको हत्याको आरोपमा जनकपुर उच्च अदालतले २ नम्बर प्रदेशका सामाजिक विकास राज्यमन्त्री अभिराम शर्मा सहित घटनाका सबै २८ अभियुक्तहरूलाई अविलम्ब पक्राउ गर्न परमादेश जारी गरेको छ । तेस्रो मधेश आन्दोलनका क्रममा महोत्तरीमा कार्यरत विकको २०७२ भदौ २५ गते हत्या भएको थियो । आन्दोलनकारीको आक्रमणमा गम्भीर घाइते विकलाई उपचारका लागि जनकपुर ल्याउने क्रममा एम्बुलेन्सबाट थुतेर हत्या गरिएको थियो ।

विकको हत्या अभियोग लागेका अभिराम शर्मा प्रदेश २ को सामाजिक विकास राज्यमन्त्री छन् । अर्का अभियुक्त रामशंकर मिश्र (शंकर शाही) जलेश्वर नगरपालिकाका मेयर छन् । शर्मा र मिश्र राजपाबाट निर्वाचित भएका हुन् । महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ (क) का प्रदेशसभा सदस्य कौशल राय मुख्य अभियुक्त छन् । उनी संघीय समाजवादी फोरमका नेता हुन् । महोत्तरीको जलेश्वरमा कार्यरत तत्कालीन प्रहरी सहायक निरीक्षक (असई) थमन विकको हत्याका प्रतिवादीलाई पक्राउ पूर्जी जारी गर्न जिल्ला अदालत महोत्तरीबाट आदेश भएपनि जिल्ला प्रहरी कार्यालय महोत्तरी तथा कार्यालय प्रमुखले प्रतिवादीलाई पक्राउ नगरेका कारण अबिलम्ब पक्राउ गर्न परमादेश जारी गरिएको हो ।

घटनामा राष्ट्रिय जनता पार्टी (राजपा) का केन्द्रिय नेताहरू सुरेश पाण्डे, देवेन्द्र यादव, संघीय समाजवादी फोरम नेपालका नेता लक्ष्मी महतो लगायतका प्रतिवादी रहेका छन् । हत्यामा २८ जनालाई विपक्षी बनाइएको छ । तीमध्ये महोत्तरीका सञ्जय साह र प्रदीप साह पुर्पक्षका लागि कारागार चलान भइसकेका छन् । अर्का अभियुक्त मोहन ठाकुर तारिखमा छन् । उच्च अदालत, जनकपुरका रजिस्ट्रार मानबहादुर कार्कीले परमादेशको फैसलासहित बाँकी सबै अभियुक्त पक्राउ गर्न जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरिने बताए ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले पत्र पाएलगत्तै फरार रहेका ती प्रतिवादीलाई पक्राउ गर्नुपर्ने कार्की बताउँछन् । प्रदेश राज्यमन्त्री भएपछि शर्मा सशस्त्र प्रहरी बलका कर्मचारीको सुरक्षामा रहेका छन् ।

## समय-सन्दर्भ

सिके लाल



# नेपालको सविधान जंगली राज्यको विधान जस्तै

अब त यस्तो सविधान आयो कि परिवारको ठाउँमा वंशले लिएको छ । नश्लले लिएको छ । परिवारवादलाई हटायो नश्लवाद ल्यायो । यसलाई न लोकतन्त्र भन्न सकिन्छ न गणतन्त्र भन्न सकिन्छ । यसलाई के शब्दमा भन्न सकिन्छ मनपरितन्त्र ।

*'चिराग इस अन्धेरे में जला रखिए सुबह होने के है,*
*समा जलाए रखिए ।'*

बिहान अर्थात् सुबह त हुनु नै छ । आजसम्म यस्तो रात छैन, जसको बिहान (सुबह) नभएको होस् । कुनै रात लामो हुन्छ त कुनै रात छोटो हुन्छ, त्यो अलग कुरा हो तर रात हुन्छ नै र रात भएपछि बिहान पनि हुन्छ । अन्ध्यारो छ, त्यसमा कुनै शंका छैन तर त्यो अन्ध्यारोलाई दीप (समा) जलाएर उज्यालो बनाउन सकिन्छ, । र नेपालको सन्दर्भमा त्यो समा मधेशका विभिन्न संघ संगठनहरूले मधेशमा गरिरहेका छन् ।

जंगल राज्यमा र मानव राज्यमा धेरै फरक हुँदैन । त्यसमा केही मात्र फरक हुन्छ । जंगलमा शेरलाई जे मन लाग्छ त्यो गर्छ तर मानव राज्यमा त्यस्तो हुँदैन । किन हुँदैन ? किनभने जंगलमा कुनै लिखित कानुन हुँदैन तर मानव राज्यमा लिखित कानुन हुन्छ । कुनै जमानामा कुनै ऋषिले कानुन लेख्नुभयो, कुनै जमानामा जेसिसले कानुन लेख्नुभयो, कुनै जमानामा अल्लाहले कानुन लेख्नुभयो, कुनै जमानामा बुद्धले बाटो देखाउनुभयो । यो सबै आ-आफ्नो जमानाको सविधान हो ।

सविधानको मुख्य उद्देश्य के हुन्छ भने जंगल राज्यलाई मानवीय बनाइयोस् । *परोपकराय पुन्य: पापायच: परपिरनम:* । हरेक पुरानमा यही कुरा भनिएको छ कि जो परोकार हो त्यो धर्म हो । जो परपिरक हो त्यो अधर्म हो ।

हामीले जुन सविधानको कुरा गर्छौं, त्यो सविधानले जंगलको कानुनलाई मानवको कानुन भन्दैछ । सविधानको काम हो, बलियो (शासक) लाई बाँध्ने र कमजोर (शोषित) लाई अधिकार दिने । यदि सविधानमा शेरलाई जे मन लाग्छ त्यही गरोस् भनि लेखि दिए भने त्यो के सविधान हुन्छ ? त्यो त सविधान हुनै सक्दैन । त्यसलाई मनमानी भनिन्छ ।

अहिले जुन सविधान निर्माण भएको छ त्यसमा मनमानी भएको छ र त्यसलाई संस्थागत गर्ने प्रयोग भइरहेको छ । त्यसले यसलाई सविधान भन्न सकिदैन । यसलाई जे पनि नाम दिन सकिन्छ । पदमशम्शेरले पनि एउटा सविधान निर्माण गरेका थिए । त्यसलाई सविधान भनिएन । नेपाल राज्यको विधान भनियो । यसलाई पनि यस्तै केही नाम राखि दियौं । माओवादी, माले, मसाले र मण्डलेको विधान हो भन्न सकिन्छ के फरक पर्छ । स्वस्थानी व्रत कथा, सत्यनारायण कथाको विषेशज्ञ तीन जना बस्यो सविधान लेखिदिए र त्यसमा भनिएको छ-तपाईंको आमालाई अधिकार दिइन्न, बुवालाई मात्र अधिकार दिन्छु ।

**कोशिश**

गैरमधेशी दलका नेताहरू भन्छन्- 'तपाईंको चार भोट र हाम्रो एक भोट बराबर हो, किन ? किनभने उनीहरू भन्छन्, 'हामी उच्चकुलका हौं, हामी शासक हौं र तिमीहरू शासित हौं अनि कहाँबाट अधिकार दिन्छौ, तिमीले त स्वास्थानी व्रत कथा पढेका छैनौ ।' यहाँसम्म कि उनीहरू भन्छन्, 'विहे गरेर ल्याऊ तर हामी अधिकार दिँदैनौ, कोशिश गर्ने अधिकार पनि दिदैनौ । यस्तोलाई सविधान भन्न सकिदैन ।'

त्यसपछि के के गर्ने त्यसलाई च्यातेर फ्याल्ने हो कि जलाई दिने हो, के गर्ने अनेक प्रश्नहरू दिमागमा आउनसक्छ । त्यसका लागि विभिन्न प्रयासहरू भएका छन् पनि । तर सन्तोषजनक सफलता हात लागेन । भन्ने गरिन्छ, जति पनि आन्दोलन गर्नुस्, टेबल (वार्ता) मा बस्न त पर्छ नै । तर मेरो विचारमा टेबलमा बस्नु अघि केही तयारीको आवश्यक्ता पर्छ, केही शक्तिको आवश्यक्ता पर्छ, जो बन्द कोठाबाट प्राप्त हुँदैन । त्यो सडकबाट मात्र प्राप्त हुन्छ । त्यही सडकको शक्ति हेरेर नै उनीहरू कुनै अधिकार दिने पक्षमा छैनन् ।

मानव अधिकार त्यसको हुन्छ,

बाँकी पृष्ठ ४ मा



## सम्पादकीय



# बेनाम प्रदेश

प्रदेश २ मा प्रदेश सरकार गठन भएको झन्डै ६ महिना भइसकेको छ । तर, प्रदेशको नाम र स्थायी राजधानी अहिलेसम्म टुंगो लागेको छैन । संविधानले प्रदेशको नामाकरण र स्थायी राजधानी तोक्ने जिम्मा प्रदेश सभालाई नै दिएको छ । तर प्रदेश सरकारले यी दुबै विषयमा अहिलेसम्म सामान्य गृहकार्य समेत सुरू गरेको छैन । नाम र स्थायी राजधानी प्रस्ताव गर्दा विवादमा फस्ने डरले सरकारले प्रस्ताव तयार गर्न सकेको छैन । प्रदेशसभा बैठकमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रामनरेश राय यादवले प्रदेश नामाकरण चाँडै गर्नुपर्ने बताएका थिए । तर यस विषयमा प्रदेश सरकारले कुनै पहल नै नगरेको देखिन्छ ।

प्रदेशसभाको यहि आइतबार बसेको बैठकमा विशेष समय लिएर बोलेका सांसदहरूले प्रदेश राजधानी, नामकरण र कामकाजको भाषाका विषयमा चासो नदेखाएको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका थिए । उनीहरूले संसद् छिरेको झन्डै ६ महिना हुन लाग्दा पनि प्रदेश राजधानी, भाषा र नामकरण अन्योलमै रहेको भन्दै सरकारको आलोचना गरेका छन् ।

राजपाका मनीष सुमनले राजधानी, कामकाजी भाषा र नामकरणसम्बन्धी विधेयक नल्याएर सरकार षड्यन्त्रमा लागेको त होइन भन्नु आफ्नै दलको सरकारमाथि आशंका गर्नु जस्तै हो ।

**राजपाका मनीष सुमनले राजधानी, कामकाजी भाषा र नामकरणसम्बन्धी विधेयक नल्याएर सरकार षड्यन्त्रमा लागेको त होइन भन्नु आफ्नै दलको सरकारमाथि आशंका गर्नु जस्तै हो ।**

प्रमुख प्रतिपक्षी दल एमालेले प्रदेशको राजधानी र नामाकरणमा सरकारले ढिलाइ गरिरहेको टिप्पणी गरे पनि प्रदेशसभाको बैठकमा उसले नाम, राजधानी र भाषा के हुने भन्ने सुझाव पनि दिएको छैन । कांग्रेस पनि प्रदेशको नाम के हुने र स्थायी राजधानी कहाँ राख्ने बारे मौन बसेको छ । प्रदेशको राजधानी, नामाकरण र प्रदेशको सरकारी कामकाजको भाषाको विषयमा ढिलाइ हुँदा प्रदेशको पहिचान स्थापित हुन सकेको छैन ।

पूर्वमा सप्तरीदेखि पश्चिम पर्सासम्मका आठ जिल्लामा समेटिएको प्रदेश २ को नामको विषयमा सत्तारूढ र विपक्षी दलको आ–आफ्नै धारणा छ । प्रदेश सरकारले प्रदेशको नामाकरण र स्थायी राजधानीको विषयमा प्रदेशसभामा प्रस्ताव नलगे पनि प्रदेश सरकारको आधिकारिक वेबसाइटमा प्रदेश २ नै नामाकरण गरिएको छ ।

सरकारको नेतृत्व गरिरहेका संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीका नेताहरूले मधेश प्रदेश भनेर नामाकरण गर्ने पक्षमा छन् । मधेश आन्दोलनबाट संघीयता प्राप्त भएकोले प्रदेशको नाम मधेश प्रदेश राख्नु पर्ने फोरम र राजपाका नेताहरूको तर्क छ । तर, विपक्षी दल एमाले, कांग्रेस, माओवादीलगायत मधेश प्रदेश स्वीकार गर्ने अवस्थामा छैनन् । कांग्रेसले आठ जिल्ला मात्र समेटिएको प्रदेशलाई मधेश प्रदेश स्वीकार नगर्ने बताउँदै आएको छ । काँग्रेस प्रदेश–२ को नाम मिथिला नामाकरण हुनुपर्ने पक्षमा छ । काँग्रेस मात्र होइन, यस क्षेत्रका अधिकांश जनता मिथिला प्रदेशको पक्षमा छन् । प्रदेश २ मिथिला क्षेत्र रहेकोले प्रदेशको नाम मिथिला नै हुनु पर्ने उनीहरूको जोड छ ।

यस्तै, प्रदेश २ को स्थायी राजधानी कहाँ राख्ने भन्ने विषय पनि अहिले विवादित छ । सरकारले प्रदेश २ को अस्थायी राजधानी जनकपुरलाई तोके पछि वीरगञ्जमा आन्दोलन भएको थियो । स्थायी राजधानी जनकपुर कि वीरगञ्ज भन्ने विवाद धेरै दिनसम्म चलिरहँदा अन्ततः आन्दोलन कुनै निष्कर्षमा पुग्न सकेन । यद्यपी अहिले पनि राजधानीको विवाद कायमै छ ।

जनकपुर धार्मिक, सांस्कृतिक र ऐतिहासिक सहर भएकाले यसलाई नै राजधानीको रूपमा निरन्तरता दिनुपर्छ भन्ने एक थरीको तर्क छ भने वीरगञ्ज प्रदेश २ को मात्र नभइ नेपालकै प्रवेशद्वार भएकाले यसलाई स्थायी राजधानी बनाउनु पर्ने अर्को थरीको दाबी छ । तर, प्रदेश सरकारले सबै तर्क र आधारलाई मनन गरी स्थायी राजधानी घोषणा गर्न विलम्ब गर्नु हुँदैन ।

## साताको सात बात



राजनीतिक नेतृत्वले आर्थिक नियम र कानुनभित्र बस्नुपर्छ । भ्रष्टाचार र अनियमितता गर्ने राज्यका कुनै पनि निकायले उन्मुक्ति पाउने छैनन् । नेपाली भ्रष्टाचार गर्ने र ठगठाग गर्ने जाति होईन, तर हामीमा मौलाएको महत्वकांक्षा र गलत संस्कारले नेपालीलाइ भ्रष्टाचारतिर तान्यो । **केपी आली, प्रधानमन्त्री**



संवैधानिक व्यवस्थाअनुसार संसदमा सभामुख र उपसभामुख अलगअलग दल र बेग्लाबेग्लै लिंगको हुनुपर्ने व्यवस्था रहेकोले अहिले सरकारले एउटै पार्टीको राखेकाले संविधानको उल्लंघन भईरहेको छ । संविधानको रक्षा गर्न कांग्रेसले विरोध प्रदर्शन गरेको हो । **विजयकुमार गच्छदार, संसदीय दलका उपनेता, नेपाली कांग्रेस**



सरकारले संविधान संशोधनका सवालहरूमा कुनै काम गरेको देखिएन । हाम्रा आफ्नै सांसद रेशम चौधरीको सपथ भएको छैन । सबै सवाललाई लिएर पर्ख र हेरको नीतिमा हामी छौं । फोरमसँग राजपाको एकता हुन सक्दैन । फोरम सरकारमा छ, राजपा प्रतिपक्षमा । **राजेन्द्र महतो, नेता, राष्ट्रिय जनता पार्टी नेपाल**



युरोपेली मुलुकहरू नेपालको उर्जा, पूर्वाधार र कृषि क्षेत्रमा लगानीका लागि बढी रहेको मैले भ्रमणका क्रममा पाएको छु । नयाँ सरकारको आर्थिक नीति, लगानी मैत्री वातावरण, आर्थिक नीति, समावेशी संविधानका विषयमा मैले प्रष्ट पारेको छु । **प्रदीप ज्ञवाली, परराष्ट्रमन्त्री**



सरकारले खासै केही काम गर्न नै पाएको छैन अनि केको आधारमा अधिनायकवादी भयो भनेर प्रतिपक्षले आलोचना गर्नु । प्रतिपक्षीले आलोचना गर्नु अन्यथा होईन तर जनता नै त्रसित हुने ढंगले आलोचना गर्नु हुँदैन । **सुवासचन्द्र नेम्वाङ, नेता, नेपाल कम्युनिष्ट पार्टी**



गण्डकी प्रदेश भौतिक, सामाजिक, सांस्कृति हिसाबले अब्बल रहेको छ सभ्यता र संस्कृतिको संरक्षण गर्दै त्यसको माध्यमबाट पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउनु पर्छ । राष्ट्रिय एकता, आर्थिक विकास, मानवीयताको आधारमा अघि बढ्न सकियो भो मात्र समृद्धि हाँसिल गर्न सकिन्छ । **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



म अहिले पार्टीको काम र अध्ययन अनुसन्धानमा व्यस्त छु । अहिले म पार्टीको सचिवालयमा छैन । राष्ट्रिय हित, स्वाधिनता, स्वतन्त्रता, जनताको अधिकार, समृद्धि र विकासका बारेमा आफ्नो दृष्टीकोण स्थायी समितिमा राख्दै आएको छु । तर राष्ट्रिय राजनीतिको महत्वपूर्ण विषयमा भने म संलग्न छैन । **भिम रावल, नेता, नेपाल कम्युनिष्ट पार्टी**

# प्रदेश नं. २ का नदीहरू : एक समस्या

**विचार-विश्लेषण** भाग-१९



**उपेन्द्र झा**

**तराईको समथर क्षेत्रलाई छोडेर कृषिको उत्पादन बढाउने सरकारको नीति कोरा कल्पनामा सीमित हुने कुरा स्पष्ट छ । कृषिका लागि उब्जाउ भूमि तराई नै हो । कृषि भूमिको यसरी हुने क्षयीकरणले कृषि उत्पादनमा नकारात्मक प्रभाव त पर्छ नै, मानव वस्ती पनि विस्थापित हुने खतरा विद्यमान रहन्छ ।**

सप्तरीदेखि पर्सासम्म तोकिएको प्रदेश नं. २ को सिमानाभित्र बग्ने नदीहरू पश्चिमको नदीहरूभन्दा भिन्न चरित्रको रहेकोले यसले वर्षेनी बाढीले मात्र जनधनको क्षति गर्दैन, असिमित बालुवा ल्याएर हजारौं बीघा उर्बरक भूमिमा थुपार्ने काम गरेको छ । बागमति, कमला, बलान, कोशी नियमित बग्ने नदीहरू हुन् भने खाँडो, महुली, सुन्दरी, गंगाजली, पोडा, जीता आदि लगायत खहरे खोलाहरू बर्षायाममा बाढी लिएर बग्ने गर्दछन् ।

सामान्य अवस्थाबाहेक नियमित बग्ने नदीहरू वर्षायाममा बाढीको भेलसंगै अपार बालुवा ओसार्ने गरेकोले नदीको गहिराई विस्तारै पुरिंदै गएको छ । कोशी, कमला, बलान, बागमति आदि नदीले बाढीको समयमा आफ्नो बाटो बदल्ने कार्य गरेकोले बस्ती बगाउने, जनधनको क्षति गर्ने, उर्बरक भूमिमा बालुवा थुपार्ने आदि कार्यबाट यी नदीहरू जनजीवनमा अभिशापको रूपमा देखिएको छ । कोशी, कमला, बलान, बागमति पहाडबाट निस्केर सीमापारि बग्ने नदीहरू हुन् भने बर्षायाममा सक्रिय हुने नदीहरू गंगाजली, पोडा, सुन्दरी, महुली आदि नदीहरू चूरेबाट निस्केर क्रमशः ३ कि.मी. २ कि.मी. ६ कि.मी. तथा १० कि.मी.को दूरी तय गरेर कोशी नदीमा मिसिएर आफ्नो अस्तित्व समाप्त पारेका छन् । खाँडो नदीको चरित्र भने फरक छ । चूरेबाट निस्केर खाँडो २५ कि.मी. को दूरी पार गरेर यो कुनौलीको भारतीय सीमाको बाँधमा ठोकिएर अनियन्त्रित हुन्छ र यसले नेपालको सीमामा रहेको तिलाठी, बेल्ही, बरही, वीरपुर आदि गाउँमा पसेर बालुवा थुपार्ने काम गर्दछ ।

कुनौलीको बाँधले खाँडो नदीको बहावलाई थुनेको कारण सीमामा रहेका नेपाली भुभागमा पर्ने गाउँहरूको जनजीवन कष्टमय बनेको छ । बर्षेनी बाढीको प्रकोप, सयकडौं बीघा जग्गामा थुपारिने बालुवाले मानिसको उठिवास हुने सम्भावना बढेको छ । खाँडो नदीको गहिराई पुरिएर पानीको बहाव अनियन्त्रित भएर यत्रतत्र बाडीको पानी पस्ने भएकोले खाँडो नदीबाट हुने क्षतिको दीर्घकालीन समाधान केही हुन सकेको छैन । कुनौलीको छेकिने बाँधले खाँडो नदीको बाढीको पानीले तिलाठी, बेल्ही डुब्ने अवस्थामा नेपालीद्वारा बाँध काटिने र झडप हुने घटनाहरू पनि भई रहने स्थिति सृजना हुन्छ । तर यसको पनि दीर्घकालीन समाधान खोजिएको छैन । बाढी हटि सकेपछि यो समस्या पनि हटेकोले बर्षेनी भोग्नु पर्ने यो समस्या यथावत रहेको छ ।

खाँडो नदीको पानी कुनौली भन्सारमा नै ठोक्किएकोले यो पानीले कुनौली बजार जलमग्न हुने सम्भावना देखाएर भारतीय सीमाका मानिसहरूले बाढीलाई छेक्ने यो बाँध बनाएको छ । कुनौलीवासीले आफ्नो सुरक्षाको लागि बनाएको यो बाँधले पानी थुनिएर नेपालको गाउँ बस्ती बगाउने समस्याबाट उनीहरूलाई कुनै मतलब नरहेको मानसिकताले यो समस्या जन्माएको छ । माथिबाट तलतिर बग्ने पानीलाई यसरी छेकेर समाधान गर्न खोज्ने हो भने यो समस्या कहिल्यै समाधान हुँदैन र पारस्परिक संघर्षको स्थिति रहि रहन्छ ।

गहिराई पुरिएर समथरबाट बग्ने गंगाजली, पोडा, महुली, सुन्दरी जस्तो मौसमी खोलाहरूले बर्षेनी बालुवा थुपार्ने क्रियाले प्रदेश नं. २ को उर्वरक जग्गा मरूभूमिमा परिणत भई रहेको छ । यो समस्याको केन्द्र सरकारले टालटुले प्रयासबाहेक दीर्घकालीन उपाय खोजेको देखिदैन । नारायणीदेखि पूर्वमा रहेको यो समस्यालाई अब प्रादेशिक सरकारको जिम्मा लगाएपनि मरूभूमिमा परिणत भई रहेको समथर क्षेत्र राष्ट्रिय समस्याको रूपमा उपस्थित भएको छ । बाढी आएको बेला नदी नियन्त्रणको नाममा करोडौं खर्च गरिने बजेट अन्य मौसममा नदी नियन्त्रणको स्थाई समाधान खोजिने प्रयास गरिएको देखिदैन । यही वर्ष खाँडो नदीको नियन्त्रण गर्न १५ करोडको बजेटले दुबैतिर बालुवाको बाँध बाँधेर तत्काल नियन्त्रण गर्ने प्रयास गरेको देखिन्छ । मधेशमा अब शुरू भएको वर्षाले त्यो बाँधलाई एकछिन मै बगाएर लाने सम्भावना छ । पुनश्च खाँडो पूर्ववत् अवस्थामा आएपछि हुने क्षतिको राहत बाँडेर जिम्मेवारी पूरा गर्ने सरकार स्थाई उपाय नखोजे नेपालको अन्न भण्डार कहलिने समथर क्षेत्र मरूभूमिमा परिणत हुने बेर छैन ।

मेरै गाउँमा रहेको गंगाजली खोलाको बालुवालाई निर्माणकार्यमा प्रयोग गर्न उत्कृष्ट ठहराएदेखि सन् १९६० देखि गंगाजलीको बालुवा निकासी भई रहेको म देख्दै आएको छु । ब्यारेज बनाउन गंगाजली खोलासम्म रेल लाइन ओछ्याएर तथा ट्रकबाट लाखौं बोरा प्रतिदिन ओसार्ने प्रक्रिया दुई वर्षसम्म चल्दा पनि गंगाजली खोला जस्ताको त्यस्तै रहेको कुरा मैले ५८ वर्षदेखि देख्दै आएको छु । प्रतिवर्ष लाखौं ट्रक बालुवा निकासी भई रहँदा पनि गंगाजली खोला पूर्वावस्थामा नै रहेकोले यति धेरै बालुवा कहाँबाट आउने गरेको मेरो मनमा जिज्ञासाको विषय सधैं रह्यो । वर्षायाममा मात्र सक्रिय हुने यी खोलाहरू बाढीको पानी ल्याउने भएकोले यिनको मुहान हिमाल पहाड नभएर चूरे मात्र रहेको प्रष्ट छ ।

भूगर्भ विशेषज्ञहरूको भनाई अनुसार ढुँगाको घर्षणबाट निस्किने कणहरू नै बालुवा हो । नियमित बग्ने नदीहरू पनि असिमित बालुवा ल्याउने गर्दछ । जुन परिमाणमा नदीहरूले तराईमा बालुवा ल्याउने गर्दछ, ढुँगाको घर्षणबाट बन्ने बालुवा पर्याप्त छैन । यो चूरेको क्षयीकरणका कारण आउने बालुवा हो । पहिलेकोभन्दा चूरेको क्षयीकरण तीव्र रूपमा बढेको छ । कारणहरू विभिन्न होला तर चूरेमा मानव अतिक्रमण प्रमुख हो । जनसंख्याको वृद्धिसंगै जंगल मासिने क्रम शुरू भयो । मासिदै जंगल टाढिंदै गयो । सहज पहुँचमा रहेको चूरेलाई मानिसहरूले दोहन गर्दै रह्यो । जंगल पहुँचभन्दा बाहिर गएकोले मानिसहरू चुरेमा रहेको वन पैदावारलाई आफ्नो आवश्यकता अनुसार प्रयोग गर्दै जाँदा चूरे नाँगिन थाल्यो । फलतः वर्षाको पानीले चुरेमा निर्वाध भूक्षय गर्न थाल्यो । पानीको स्रोत सुक्न थाल्यो । चुरेबाट निस्किने बालुवा तराईको भूमिलाई मरूभूमि बनाउँदै जाँदा कालान्तरमा मानव वस्ती नरह्ने यथार्थप्रति मौन संघीय र प्रदेश सरकार के नियत राखेको छ भन्न सकिंदैन ।

चुरे संरक्षण र नदी नियन्त्रणको नाममा वर्षेनी करोडौंको बजेट निष्कर्षविहीन रूपले खर्च भई रहेको र क्षतिहरू नरोकिएको कारण यो राष्ट्रिय समस्याको रूपमा सबैको सामू उपस्थित छ । प्रदेश नं. २ मा बाढीको प्रकोप अत्यधिक रहेकोले मानिसहरू सालसालै भोग्नु पर्ने पीडाबाट मुक्त हुन बस्ती नै पलायन हुने सम्भावना बढेको छ ।

प्रदेश नं. २ का वस्तीहरू डुवानमा परेको दर्दनाक दृश्यहरू टी.वी.मा देखाउँदा सरकारभन्दा निजीक्षेत्र विशेष आहत हुने गरेकोले सरकारसंगै निजीक्षेत्र पनि राहत बाँडेर आफ्नो जिम्मेवारी पूरा गर्ने चलन नै बसेको छ । व्यक्ति, संस्था तथा सरकारी निकायहरूले नाम चम्काउने गरि राहत वितरणका तस्वीरहरू छापा र टी.वी.मा आउँदा स्थलगत निरिक्षण गर्न विशेषज्ञहरूको टोलीको ओइरो लाग्ने गर्दछ । वर्षायाम समाप्त हुँदै सरकारी स्तरबाट तथा निजीक्षेत्रबाट विशेषज्ञहरूको टोली आउने क्रम जारी रहेपनि उपलब्धिमूलक काम भएको खासै देखिदैन । यो लेख लेख्नुभन्दा पूर्व म पनि एउटा निरिक्षण टोलीमा सम्मिलित भएको थिएँ । बालुवा ल्याउने नदीहरूले गरेको क्षतिको अनुपातमा सरकारले क्षति रोक्न गरेको प्रयास कति न्यून रहेको सम्बन्धमा निरिक्षण गराउँदै विशेषज्ञ टोलीलाई पठाएको थिएँ । विशेषज्ञ टोलीले पनि न चूरेक्षेत्रको संरक्षण भएको न नदी नियन्त्रणको स्थाई समाधान हुन सकेको देख्यो । बाढीको पानी जस्तै बजेट खर्च भई रहेको कुराबाट न केन्द्र सरकार न प्रादेशिक सरकार सम्बेदनशील बन्न सकेको छ ।

मंसीर पुषमा सप्तकोशी महोत्सव मनाउने उद्देश्यले निरिक्षण गर्न आएका ९ सदस्यीय विशेषज्ञहरूको टोली जिल्लाभरिको समस्याग्रस्त सबै ठाउँको निरिक्षण गरि श्रावण ११ गते राजविराजमा प्रेस सम्मेलन गरि समस्या बढाउने अवयव र यसको निदानबारे सबैकुरा स्पष्ट गऱ्यो । सप्तकोशी महोत्सबको कुराले राष्ट्रिय स्तरमा यसको प्रचार हुँदा यस तर्फ सबैको ध्यान आकर्षित हुने भएकोले समस्या समाधानका उपायहरू खेजिने प्रयासमा लागेका विशेषज्ञहरू सक्रिय देखिएका थिए ।

नेपालको शासन प्रणाली स्थानीय सरकार, प्रादेशिक सरकार र संघीय सरकार तीन तहमा बाँडिएकोले प्रादेशिक समस्या कसको जिम्मेवारीमा पर्ने भन्ने समस्या आफैमा जटिल छ । भर्खर अभ्यासमा आएका स्थानीय तथा प्रादेशिक सरकारको बजेट पनि संघीय सरकारले निर्धारण गर्ने भएको र प्रादेशिक अपेक्षालाई सो अल्प बजेटले पूरा गर्न नसक्ने स्थितिमा चूरे संरक्षण र नदी नियन्त्रणको समस्या यथावत् रह्ने स्थिति छ । बजेटको अभाव तथा टालटुले प्रयासले नदीबाट हुने क्षतिको समस्या किञ्चित पनि सम्बोधन हुन नसक्ने भएकोले तराईको अन्न भण्डार ठूलो जोखिममा पर्ने अवस्था विद्यमान छ ।

तराईको समथर क्षेत्रलाई छोडेर कृषिको उत्पादन बढाउने सरकारको नीति कोरा कल्पनामा सीमित हुने कुरा स्पष्ट छ । कृषिका लागि उब्जाउ भूमि तराई नै हो । कृषि भूमिको यसरी हुने क्षयीकरणले कृषि उत्पादनमा नकारात्मक प्रभाव त पर्छ नै, मानव वस्ती पनि विस्थापित हुने खतरा विद्यमान रहन्छ । त्यसकारण समस्याको समाधानमा संघीय सरकारको जिम्मेवारी अहम् रहेकोले यसको दीर्घकालीन उपायको खोजी गरि स्थानीय सहयोगबाट समस्याको निदान खोज्न सबै एकजूट हुन जरूरी देखिन्छ । प्रदेश नं. २ मा अवसरका सम्भावना पनि धेरै रहेकोले त्यसको पनि खोजी गरौं । उत्पादनशीलताको क्षेत्रमा अब्बल आउने सप्तरी जिल्लालाई विशेष ध्यान दिन पनि जरूरी देखिन्छ ।

janukjha24@gmail.com

# टीकापुर घटनासम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्न माग

**कारी महतो**

चितवन । थारू कल्याणकारिणी सभा (थाकस) चितवन शाखाले विभिन्न माग राखी चितवनका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत मार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई मंगलबार ज्ञापन पत्र बुझाएको छ ।

ज्ञापन पत्रमा शान्तिपूर्ण थरूहट आन्दोलनको क्रममा ०७२ भाद्र ७ गतेका दिन भएको टिकापुर घटना एउटा रहस्यमय राजनैतिक घटना भएकोले त्यसलाई राजनैतिक सहमतिबाटै समाधान गरी थाकसका केन्द्रिय अध्यक्ष धनिराम चौधरी लगायत थारू नेता तथा कार्यकर्ताहरू माथि लगाइको झुटा मुद्दाहरू खारेज गरी बन्दीहरूको रिहाई र विस्थापितहरूको पुनर्स्थापना गर्नुपर्ने माग राखिएको छ ।

साथै टिकापुर घटनाको सत्यतथ्य जाँचबुझगर्न गठन गरेको देवीराम शर्मा, सर्वोच्च अदालतको पुर्व न्यायाधिश गिरीशचन्द्रलाल दास, संसदीय समिति लगायतका टिकापुर घटनाको छानविनका लागि गठित सम्पूर्ण आयोगहरूको प्रतिवेदनहरू अविलम्ब सार्वजनिक गर्न जोडदार माग गरेका छन् ।

भूमिपुत्र आदिवासी थारूहरूको क्लस्टरलाई छिन्नभिन्न पारी थारू समुदायलाई विभाजित, खण्डित र कमजोर बनाई समाप्त पार्ने गुरूयोजना बनाएकोमा संघियताको सिमांकनप्रति थाकसले असहमति जनाएको छ ।

नेपाल सरकारको नीति, बजेट तथा कार्यक्रममा थारू समुदायको लागि कुनै पनि शिर्षकमा बजेट नछुटयाएकोले बजेट व्यवस्थापन गर्नुपर्ने, थरूहट आन्दोलनको क्रममा शहादत प्राप्त गर्ने शहिद परिवारहरू विगतको सम्झौता सहमति अनुसार शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गर्नुपर्ने, जनआन्दोलन १, २ र मधेश आन्दोलनमा शहादत प्राप्त गरेका शहिद सरह थरूहट आन्दोलनमा शहादत प्राप्त गरेका शहिद परिवारलाई सम्पूर्ण सुविधा उपलब्ध गराइनुपर्ने, साथै चितवनको थरूहट आन्दोलनमा घाइते भई हालसम्म कष्टककर जीवन यापन गरिरहेका रत्ननगर–७, सिसुवारका सन्जीत महतो लगायत देशभरिका अन्य घाइतेहरूको उचित क्षतिपूर्ति र व्यवस्थापन गर्नुपर्ने माग राखेका छन् ।

**“हाम्रो माग उपर नेपाल सरकारले सम्बोधन नगरेमा हामीले उत्पादन गरेको धान नेपाल सरकारलाई नबेच्ने लगायतका ३० किसिमका आन्दोलन गर्नेछौं ।”**

ज्ञापन पत्रमा विभिन्न १३ बुँदे राजनैतिक मागहरू राखी पेश गरिएको छ । जसमा संघीयताका सवालहरू, समानुपातिक प्रतिनिधित्व र रोजगारीका सवाल, आयोगहरूको व्यवस्थापन बारे, भाषिक शैक्षिक अधिकार बारे, सन्धी सम्झौता बारे र आन्दोलन सम्बन्धी बिषयहरू किटान गरिएको छ ।

ज्ञापन पत्रमा उल्लेख भएको मागहरू नेपाल सरकारले सम्बोधन नगरेमा विभिन्न चरणमा भद्र संघर्ष गर्ने थाकस चितवनका सभापति ललित कुमार चौधरीले बताए । उनले भने “हाम्रो माग उपर नेपाल सरकारले सम्बोधन नगरेमा हामीले उत्पादन गरेको धान नेपाल सरकारलाई नबेच्ने लगायतका ३० किसिमका आन्दोलन गर्नेछौं ।”

ज्ञापन पत्र बुझिलिदै प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले उक्त ज्ञापन पत्र आजैको मितिमा प्रधानमन्त्रीलाई पठाउने जनाएका छन् । उनले भने “तपाईहरूले दिनुभएको ज्ञापन पत्र म आजैको मितिमा प्रधानमन्त्रीलाई पठाउनेछु र तपाईहरूले उठाउनु भएको राजनैतिक मुद्दाहरू नेपाल सरकारले पक्कै पनि सम्बोधन गर्नेछ । प्रमुख जिल्ला अधिकारीको हैसियतले जिल्लास्तरका माग र मुद्दाहरू अत्यन्त चाँडो सम्बोधन गर्ने प्रयत्न गर्नेछु ।”

# कांग्रेस र राजपाबीच सहकार्य हुने सम्भावना छ

कांग्रेससँग अहिले संविधान संशोधन गर्ने हैसियत छैन, त्यसकारण राजपा कांग्रेससँग मिल्दा त मधेशका मुद्दाहरू सम्बोधन हुँदैन। खालि आन्दोलन गरेर सम्बोधन गराउने मात्र हामीसँग एउटा बाटो रहन्छ। तर, सत्तामा रहेका दलहरूले सम्बोधन गर्न चाह्यो भने हप्ता दश दिनमा गर्न सक्छन्। तर, उसले गर्छन् कि गर्दैनन् त्यो हेर्नुपर्ने महत्वपूर्ण कुरा छ। यदि यो सरकारले मधेशको मुद्दा सम्बोधन गर्दैन भने त्यसपछि कांग्रेससँग सहकार्य हुन्छ।



रमेश लेखक
केन्द्रीय सदस्य, नेपाली कांग्रेस

**० नेपाली कांग्रेसले साउन १५ गते देशव्यापीरूपमा किन विरोध प्रदर्शन गरेको हो ?**

– यो सरकार गठन भएको चार महिना भएको छ। यो चार महिनाको अवधिलाई हामीले सूक्ष्म ढंगले केलाएर हेर्‍यौं। यो सरकार संविधानको विपरीत दिशामा हिंड्न लागेको देखियो। हामीले धेरै लामो मेहनत र संघर्षपछि यो संविधान प्राप्त गरेका हौं। अहिले यो संविधानको रक्षा गर्नुपर्ने र संविधानका मूल तत्व गणतन्त्र, संघीयता, लोकतन्त्र, समावेशी चरित्रको राज्य व्यवस्था बनाउनु पर्नेछ। यी चार वटा जुन आधारभूत तत्व छन् त्यसलाई संरक्षण गर्दै संविधानलाई कार्यान्वयन गर्नुपर्ने बेलामा अहिलेको सरकार त्यो अनुसार अगाडि बढेन। संविधान विपरीत गतिविधिहरू गर्न थाल्यो। त्यसले गर्दा लोकतन्त्र, संघीयता कमजोर हुन्छ भन्ने आशंका लागेको छ। यो सरकारलाई संविधान सम्मत काम गर भन्ने उद्देश्यका साथ हामीले देशव्यापीरूपमा विरोध प्रदर्शन गरेका हौं। अर्को कुरा यो सरकारले यति धेरै महँगी बढाएको छ कि उपभोग्य वस्तुहरूको दिनानु मूल्य आकाशिएको छ। मूल्य वृद्धि नियन्त्रणका लागि सरकारले कुनै पनि सार्थक प्रयत्न गरेन। त्यसैले मूल्य वृद्धि नियन्त्रण गर भन्ने पनि एउटा विषय हो। एकातिर मूल्यवृद्धि भएको छ र अर्कोतर्फ यति धेरै कर वृद्धि भएको छ कि जनता आहतमा छन्। तेस्रो कुरा अहिले शान्ति सुरक्षाको स्थिति भयावह ढंगले बढेको छ। यस्ता-यस्ता कारणले गर्दा जनता आहत भए, मुलुक ठिक ढंगले अगाडि बढेन भनेर कांग्रेसले कार्यक्रमहरू सञ्चालन गरेको हो।

**० विरोध प्रदर्शनपश्चात् कांग्रेसको अबको रणनीति के हुने त ?**

– सरकारका गतिविधिहरू कस्ता रहन्छन् त्यो हामी हेर्छौं। सरकारले संविधानसम्मत कुरामा आफूलाई कसरी अगाडि बढाउँछ, संविधान विपरित कामहरू बन्द गर्छ कि गर्दैन, संविधानको भावनाअनुसार अगाडि बढ्छ कि बढ्दैन ती कुराहरू हेरेर कांग्रेस आफ्नो रणनीति तय गर्छ। जस्तो उदाहरणका लागि हामीले संविधानमा सभामुख र उपसभामुखको पद अलग-अलग पार्टीका मानिस हुनुपर्छ भनेर लेख्यौं। तर, अहिले एउटै पार्टीका मानिसहरू दुईटै पदमा छन् र एउटा पद छोड्न तयार छैनन्। यो संविधानको खिलाप हो। हिजोका सरकारले गरेका कामहरू यो सरकारले बदर गर्ने काम गरिरहेको छ। सर्वोच्च अदालतका प्रधानन्यायाधीश पद खाली भएको एक महिनाभित्र नियुक्त गरिसक्नुपर्ने संविधानमा छ तर सरकारका गतिविधि सबैले हेरिसकेका छन्। भनेपछि एकपछि अर्को प्रत्येक घटना संविधान विपरित अगाडि बढ्ने गरेको छ।

**० कांग्रेसभित्रको आन्तरिक गुटबन्दीका कारण संसद र सडकमा सशक्त भूमिका निर्वाह गर्न नसकेको भनिन्छ नि ?**

– संसद र सडकमा कांग्रेसको भूमिका सशक्त छैन भन्ने कुरा म मान्दिन। अहिले सदनभित्र पनि कांग्रेस सशक्त रूपले प्रस्तुत भएको छ र सडकमा पनि सशक्त ढंगले प्रस्तुत भएको छ। त्यसकारणले कांग्रेसको भूमिका कमजोर भयो भनेर त लाग्दैन। तर, कांग्रेसभित्र केही समस्याहरू छन्। आन्तरिक विषयहरूमा हाम्रा नेताहरूबीच मतैक्यता छ। फरक मतहरू छन्। पार्टीभित्र समूहहरू छन्, ती समूहहरूका बीचमा व्यवस्थापन हुन सकेको छैन। त्यसले गर्दा एक खालको द्वन्द्वको परिस्थिति त देखियो र त्यसको व्यवस्थापन हुन सकेको छैन। ती समस्याहरूलाई समाधान र सम्बोधन गरेर जानुको विकल्प छैन।

**० अहिले जसरी कांग्रेस संसदमा संख्यात्मकरूपमा कमजोर छ, त्यसरी नै राष्ट्रिय जनता पार्टी नेपाल पनि सरकारबाट सन्तुष्ट छैन। राजपा र कांग्रेसबीच सहकार्य हुने सम्भावना कति छ ?**

– राजपा र कांग्रेसबीच सहकार्य हुने मैले सम्भावना देखेको छु। खासगरी सरकारमा रहेका दलहरूको कुरा गर्ने हो भने हिजोका माओवादी अर्कै खालको थियो। तर केपी ओलीजी भाषणमा आफूलाई मधेशीको सबैभन्दा ठूलो मसिहाका रूपमा चित्रित गर्नुहुन्छ। मधेशको मुद्दा सम्बोधन गर्छौं, हित गर्छौं भनेर केपी ओलीजी भाषण गर्नुहुन्छ तर व्यवहारमा उहाँका गतिविधिहरू पूर्णरूपमा मधेश र मधेशी विरोधी छन्। कांग्रेसले हिजोका दिनमा संविधान संशोधनका एजेन्डा ल्याउँदा हिजोका एमाले अहिलेको सरकारको नेतृत्व गरिरहेका मानिसहरूले त्यसलाई राष्ट्रघाती भने। अहिले आएर फेरि संविधान संशोधन गरेर मधेशका एजेन्डा समाधान गर्छौं भनेर भन्छन्। तर, संशोधनको कुनै तारतम्यता देखिँदैन। त्यसो भएको हुनाले अहिले सत्ताको नेतृत्व गरिरहेका खासगरी तत्कालीन एमालेका मानिसहरू त्यसमा पनि केपी ओली मधेश विरोधी व्यक्ति हो। उहाँले मधेशको हितमा कहिल्यै पनि काम गर्नुहुन्न भन्ने आज पनि देखिएको छ। कांग्रेसको जन्मभूमि मधेश हो र कांग्रेसले जहिले पनि मधेशको मुद्दालाई आफ्नो मुद्दा बनाएर हिंडेको छ। राजपाले पनि मधेशको मुद्दालाई आफ्नो मुद्दा बनाएको छ। त्यसकारण मधेशको मुद्दा सम्बोधन गर्ने सवालमा कांग्रेस र राजपाको मुद्दा एउटै भएकोले सहकार्य हुन सक्छ। तर, अहिलेको सत्ता सञ्चालन गरिरहेको दलहरूसँग राजपाको सहकार्य हुने सम्भावना छैन।

**० राजपासँग सहकार्यका लागि पहल भइरहेको छ ?**

– राजपासँग सहकार्यका लागि अहिलेसम्म त्यस्तो ठोस छलफल त अगाडि बढेको छैन। तर, नेतृत्व तहमा कुराकानी भइरहेको छ। यी कुराहरूलाई ठोस रूपले अगाडि बढाउनुपर्ने आवश्यक्ता छ। तर, अहिले पनि राजपाको मनोविज्ञान के छ भने प्रतिनिधिसभामा अहिलेको सत्ता सञ्चालकहरूसँग दुई तिहाईको बहुमत छ, संविधान संशोधन गर्नका लागि दुई तिहाई मत चाहिन्छ। त्यसकारणले यिनीहरूले गरिहाल्छन् कि भन्ने आशा राजपाको छ। यसलाई हामीले अस्वाभाविक ठानेका छैनौं। किनकि कांग्रेससँग अहिले संविधान संशोधन गर्ने हैसियत छैन, त्यसकारण राजपा कांग्रेससँग मिल्दा त मधेशका मुद्दाहरू सम्बोधन हुँदैन। खालि आन्दोलन गरेर सम्बोधन गराउने मात्र हामीसँग एउटा बाटो रहन्छ। तर, सत्तामा रहेका दलहरूले सम्बोधन गर्न चाह्यो भने हप्ता दश दिनमा गर्न सक्छन्। तर, उसले गर्छन् कि गर्दैनन् त्यो हेर्नुपर्ने महत्वपूर्ण कुरा छ। यदि यो सरकारले मधेशको मुद्दा सम्बोधन गर्दैन भने त्यसपछि कांग्रेससँग सहकार्य हुन्छ।

**० अहिलेको अवस्थामा कांग्रेस जसरी विभिन्न मुद्दाहरू उठाएर आन्दोलन गरिरहेको छ संविधान संशोधनलाई आफ्नो एजेन्डा बनाएको छैन किन ?**

– संविधान संशोधनको एजेन्डा अहिले पनि कांग्रेसले बोकेको छ। यदि हामीले संशोधनको मुद्दा नलिएको भए हिजोका दिनमा किन हामी संशोधन प्रस्ताव दर्ता गराउँथ्यो त ? कसरी त्यो संशोधन विधेयक तात्कालीन संसदमा पेश भयो। त्यसैले संविधान संशोधन हाम्रो मुद्दा त छँदैछ नि। हामीले मधेशकेन्द्रित दलहरूसँग मिलेर बनाएको मुद्दा हो। अहिले कांग्रेससँग संविधान संशोधन गर्ने क्षमता छैन। त्यसकारणले हामीले संविधान संशोधन गरिदिन्छौं भनेर भन्यौं भने त्यसको केही अर्थ हुँदैन। अहिलेको सरकारसँग संशोधन गर्ने क्षमता छ र यो सरकार संशोधनका निमित्त अगाडि बढ्छ कि बढ्दैन त्यो हेरिरहेका छौं। संविधान संशोधन गर्ने सर्तमा अहिलेको सरकारलाई राजपाले समर्थन गरेको हो। त्यसो भएको हुनाले अहिलेको सरकारले संशोधन गर्नुपर्‍यो नि। अहिलेको सरकारले संशोधन गर्दैन भने त्यसपछि फेरि हामी त्यो मुद्दा लिएर सडकमा जान्छौं।

**० सत्तापक्षीय दल नेकपाले फोरमसँग संशोधन गर्छौं भनेर सहमति गर्‍यो तर अहिले पनि प्रधानमन्त्री केपी शर्मा ओलीले आवश्यक्ता र औचित्यको आधारमा संशोधन गर्छौं भनिरहनु भएको छ। अर्थात औचित्य र आवश्यक्ता कहिले हुन्छ होला ?**

– मधेश र मधेशीको हितमा संविधान संशोधन गर्ने औचित्य यो सरकारलाई कहिल्यै पनि महसुस हुनेबाला छैन। अहिले सरकारको नेतृत्व गरिरहेका मानिसहरू मधेश र मधेशी विरोधी हुन्। मत लिनका लागि मधेशका कुरा गरेका हुन्। उहाँहरूले मधेश र मधेशीको भावनाअनुसार संविधान संशोधन गर्नुहुन्न। त्यसको औचित्य उहाँहरूले कहिल्यै देख्नुहुन्न। मधेशकेन्द्रित दलहरू भुलभुलैयामा हुनुहुन्छ। अब उपेन्द्र यादवजी त सरकारमै सहभागी भइसक्नुभयो। उहाँको संविधान संशोधन मात्रै होइन, पुनर्लेखन मुद्दा हो। तर अहिले सरकारमा बस्नुभएको छ। यो सरकार मधेश र मधेशीको भावनाअनुसार संविधान संशोधन गर्छ भन्ने विश्वास छैन। हिजो हामीले संशोधनको एजेन्डा उठाउँदा राष्ट्रघाती भन्ने मानिसहरू कसरी संशोधन गर्छन् ?

# मधेशको राजनीति र मुद्दा विसर्जनवादीले खाइसके

मधेशका लागि अहिले बडो चिन्ताजनक र दुःखदायी बाटो छ। किनभने मधेशको माग पूरा गराउने मौका नेताहरूले गुमाइसकेका छन्। अहिले नेतृत्वबाट मधेशको भविष्य देखा परेको छैन।



सर्वदेव ओझा
पूर्वमन्त्री

**० तपाईं लामो समयदेखि राजनीतिबाट टाढा बसिरहनु भएको छ, के राजनीतिबाट सन्याश लिनुभएको हो ?**

– म राजनीतिबाट सन्यास लिएको छैन। मुख्य कुरा अहिले जस्तो राजनीतिक परिस्थिति छ, हाम्रा नेतृत्ववर्गको जुन कामकारबाही छ त्यसबाट असन्तुष्ट भएर म टाढा बसेको हुँ। उनीहरू सिद्धान्त र मुद्दाप्रति इमान्दार नरहेकोले म राजनीतिमा सक्रिय छैन।

**० अहिले केमा व्यस्त हुनुहुन्छ ?**

– म अहिले अध्ययन गरिरहेको छु, देश दुनियाको गतिविधिलाई हेरिरहेको छु। देश कहाँ गइरहेको छ, यो संविधान कतिसम्म कार्यान्वयन हुन सक्छ त्यसबारे सुक्ष्म अध्ययन गरिरहेको छु।

**० देशको राजनीति कतातिर गइरहेको छ त ?**

– म पहिलो संविधानसभामा एकदमै क्रियाशील भएर काम गरेको थिएँ। राज्य पुनर्संरचनादेखि सबै ठाउँमा सक्रिय नै थिएँ। त्यसपछि हामी नेतृत्वपंक्तिका नेताहरूको काम कारबाही र इमान्दारिताप्रति विश्वास लागेन। वर्तमान संविधान अहिले जारी भएको छ, त्यसलाई गहनरूपमा अध्ययन गरेँ। संविधानलाई अध्ययन गर्दा के निष्कर्षमा पुगें भने यसले देशलाई कुनै न कुनै दिन ठूलो द्वन्द्वमा फसाउनेछ। त्यसकारणले उनीहरूसँग बसेर मलामी जानुभन्दा छुट्टै बस्ने वेश ठाने।

**० कसरी यो संविधानले देशलाई ठूलो द्वन्द्वमा फसाउँछ त ?**

– संविधानका बुँदाहरू एकआपसमा बाँझिएका छन्, नेताहरूको काम गर्ने तरिका र नेताहरूको झुठ बोल्ने बानी, जनतालाई गलत बचनबद्धता दिने काम भइरहेको छ, त्यसले मुलुकमा द्वन्द्वको नयाँ बिजारोपण भइरहेको छ।

**० भनेपछि, मुलुक अहिले गृहयुद्धतर्फ लम्किँदैछ ?**

– गृहयुद्ध शब्द नभनौं। तर, सामान्यभन्दा सामान्य समस्याहरू समाधान तिर गइरहेको स्थिति छैन।

**० अहिले मधेशको राजनीतिलाई कसरी नियालिरहनु भएको छ ?**

– वर्तमान अवस्थामा मधेशको राजनीति र मुद्दा विसर्जनवादीहरूले खाइसके। अहिले मधेशको मुद्दा बोकेर अगाडि बढ्न सक्ने क्षमता भएका कुनै नेता वा पार्टी छैनन्। किनभने उनीहरूले मधेशको मुद्दा सम्बोधन गराउन सक्दैनन्। बरू, आफ्नो स्वार्थपूर्ति गराउन सक्छन्। मधेश आन्दोलनपश्चात् पहिलो संविधानसभाको गठन भयो त्यो बेला यत्रो संख्या थियो कि त्यति बेला हाम्रा नेताहरू चुके भनेपछि अहिलेको अवस्थामा झन् के नै गर्न सक्छन्। उनीहरूलाई पैसा, पद, सुविधा, मन्त्री चाहियो, त्यति भएपनि मधेशी जनताले केही पाएका छैनन्। उनीहरूबाट मधेशी जनताले केही पाउनेबाला छैनन्।

**० त्यतिबेला तपाईं पनि त मन्त्री हुनुहुन्थ्यो, किन गर्न सकिएन ?**

– त्यो बेला म राज्यपुनर्संरचना आयोगमा क्रियाशील थिएँ। मैले मधेशी नेताहरूलाई भनेको थिएँ कि तपाइँहरू आफ्नो स्वार्थ छोड्नुस्, एउटा अडानमा बसौं, हाम्रो कुरा पूरा भएन भने जनतामा जाऔं, त्यसपछि जनताले हामीलाई साथ दिन्छन्। आउने दिनमा हामी योभन्दा पनि ठूलो संख्यामा संसद्मा आउन सक्छौं। तर, त्यसपछि मधेशकेन्द्रित दलहरूबीच विभाजनको शृङ्खला सुरू भयो। त्यसपछि मधेशकेन्द्रित दलहरू राज्यको सियासतमा फस्ने एउटा खेलमा फसे। हामीले शासकलाई मात्र गाली गर्नुहुँदैन, हाम्रो कमजोरी आफैमा थियो, हाम्रा नेतृत्वमै थियो। शासकवर्गलाई गाली गर्नुभन्दा पनि हाम्रा नेतृत्व नै गद्दार भए। त्यसैले यो नेतृत्वबाट हामीले अगाडि बढाउने केही देखेनौं।

**० अहिलेका मधेशकेन्द्रित दलहरू राजपा र फोरमको क्रियाकलाप सन्तोषजनक छ त ?**

– राजपा र फोरमले त प्रदेश २ मा सरकार पनि बनाएको छ, तर त्यो प्रान्तीय सरकारसँग केही अधिकार छैन। कर बढाएको विरोधमा वीरगन्जमा आन्दोलन भइरहेको छ। जब कर बढाउनेलगायतका सबै काम केन्द्रले तय गर्ने हो भने प्रदेश र केन्द्रबीच टकराव त हुन्छ नै। जब स्वायत्तता छैन, शक्ति छैन भने यो कस्तो संघीयता हो ? यो संघीयता टिक्दैन, यसले द्वन्द्व निम्त्याउँछ। स्थानीय सरकार केन्द्रको मातहतमा छ भने त्यसले प्रान्तलाई टेर्छ त ?

**० तपाइँले यसरी व्याख्या गरिरहँदा संघीयताको भविष्य कति देख्नुहुन्छ ?**

– नेपालमा संघीयताको भविष्य छैन। अब समाप्त भइसक्यो। किनकि जुन संघीयता हामीले उठान गरेका थियौं, त्यसमा हामीले समावेशिता, समानुपातिक, समन्यायको कुरा गरेका थियौं। त्यसमध्ये कुनै पनि मूल्यमान्यता आएन। हामीले नेताहरूलाई मन्त्री बनाउन र तलब भत्ता मात्र खान संघीयता खोजेको होइन नि। जनतालाई कसरी समृद्ध बनाउने, सुशासित बनाउने, परिचालन गर्ने खालको संघीयता हामीले खोजेका थियौं। अहिलेको बजेटमा १५ खर्बमध्ये एक खर्ब पुँजिगत खर्च छ। त्यसमा पनि २६ प्रतिशत नेपाल सरकारको स्रोत हो र ७४ प्रतिशत ऋण र अनुदानमा छ। भनेपछि के अपेक्षा गर्ने ? यसबाट देशको के कल्याण हुन्छ सहजै मूल्यांकन गर्न सकिन्छ।

**० मधेश आन्दोलनबाट आएको संघीयता यसरी असफल हुँदा अब फेरि संघीयताका लागि आन्दोलन हुने अवस्था छ ?**

– हुँदैन अब, जनता अघाइसके। जनताले राम्ररी बुझिसकेका छन् कि अब कसलाई नेता बनाउने। जनताले नेता बनाउनका लागि होइन, स्वायत्तताका लागि संघीयता चाहेका थिए। मधेश आन्दोलनमा यत्रो सहादत भयो, तिनका मर्म र भावनाको कदर भएको छैन। यो तरिकाले जनता अब फेरि कसरी आन्दोलनका लागि सडकमा आउँछन्। अहिलेको संविधानमा संशोधन गराउँछु भन्ने कुरा जतिसुकै भने पनि कसैले पनि गराउन सक्दैनन्। नेताहरूका लागि मन्त्री खाने बाटो मात्र हुन्।

**० मधेशको अबको बाटो के देख्नुहुन्छ ?**

– मधेशका लागि अहिले बडो चिन्ताजनक र दुःखदायी बाटो छ। किनभने मधेशको माग पूरा गराउने मौका नेताहरूले गुमाइसकेका छन्। अहिले नेतृत्वबाट मधेशको भविष्य देखा परेको छैन।

**० भनेपछि, मधेशमा अब वैकल्पिक शक्तिको आवश्यक्ता महसुस भएको हो ?**

– अब मधेशमा कहीं न कहीं ठूलो 'रिएक्सन' हुन्छ। त्यो 'रिएक्सन'बाट अर्को रूप लिन्छ। प्रदेश २ कै कुरा गर्ने हो भने सिडियोले त्यहाँका मुख्यमन्त्रीको कुरा टेर्दैन। जिल्लाका हरेक निकाय केन्द्रको मातहतमा छन् भनेपछि संघीयता कहाँ छ ? बरू तत्कालिक रूपमा धेरै जनाले जागिर पाएका छन्, स्वार्थ सिद्धि गर्न सक्छन्।

**० तपाइँजस्ता मधेशवादी नेता वा बुद्धिजीबीहरू जो हालका नेतृत्वबाट असन्तुष्ट छन्, तपाइँहरूको बाटो के हुने ?**

– मजस्ता नेता वा बुद्धिजीबीहरू मौन छैनन्। तर, काठमाडौं नै यो देशको हर्ताकर्ता भएका छन्। काठमाडौंमा जो बसेका हुन्छन्, डेरा जमाएका हुन्छन्, दिनभरि घुम्छन् मिडियामा उसैको कुराहरू बढी आउँछन्। जो बाहिर हुन्छन् उनीहरूको आवाज आउँदैन। अब काठमाडौं नै नेपाल हो भने हामी पनि त्यही हिसावले आनन्दले सुशुप्त अवस्थामा बसेका छौं। विचार र बीऊ मर्दैन, एक न एक दिन जुर्मुराउँछ। म पर्ख र हेरको अवस्थामा छु। यो अवस्थामा कहीं न कहीं परिवर्तन होला। अहिले नै हुँदैन तर भयंकर हुन्छ। त्यो दिनका लागि प्रतिक्षामा छौं।

**० अहिलेको दुई तिहाईको बहुमतको सरकारले संविधान संशोधन गर्ने भनेर लिखित सहमति गरेको छ, के संशोधन होला त ?**

– यो सहमति सरकारमा जाने बाटो मात्र थियो। यस्ता सहमतिहरू हेर्ने हो भने मसँग २०६३ देखि अहिलेसम्म दर्जनौं छन्। मैले सबै दस्तावेज राखेको छु। यो त कागजी भुलभुलैया हो, यसमा भरै नपरे हुन्छ।

**० फोरम नेपालका नेताहरूले संविधान संशोधन गराउन सरकारमा गएको भन्छन् नि ?**

– छोड्नुस् यस्ता कुराहरू। तपाइँसँग मैले लडाई लड्छु, विद्रोह गर्छु भने तपाइँकै घरमा गएर दालभात खाएर म झगडा गर्न सक्छु ? नुनको सोझो हो त्यो ? त्यत्रो हिम्मत छ ? अहिले प्रधानमन्त्रीले कुनै निर्णय गर्‍यो भने प्रधानमन्त्रीको विरोध गर्ने कसैको हैसियत छ ? विगतकै कुरा गर्दा जेपी गुप्ता सञ्चारमन्त्री हुँदा सरकारको प्रवक्ता हुनुस् भनेर प्रधानमन्त्रीले भन्दा उनले चारबुँदे सहमति कार्यान्वयन गर्नुस् अनि मात्रै प्रवक्ता बन्छु भन्दा गुप्ताजीको के हालत भयो सबैलाई थाहा छ। त्यसैले फोरम सरकारमा गए पनि, नगए पनि केही हुनेबाला छैन। फोरमका नेताहरूले केही गराउन सक्छन् भन्ने कुरा कल्पना पनि गर्न सकिँदैन। यदि गराए भने सुनमा सुहागा हुन्छ। तर, त्यसको कुनै आधार नै छैन।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# अर्को मधेश विद्रोह निम्त्याइँदैछ

**अरविन्द साह**



> आफ्नो हक अधिकार स्थापित गर्न गराउन मधेशी समाज दृढ संकल्पका साथ कम्मर कसेर योजनाबद्ध रूपमा एकीकृत ढंगले अगाडी बढ्नु पर्छ ।

सदियौंदेखि मधेशी, दलित, आदिवासी जनजाति, महिला तथा मुस्लिम समूदायमाथि केन्द्रिकृत एकात्मक तथा पितृसत्तात्मक राज्य व्यवस्थद्वारा हुँदै आएको अन्याय, अत्याचार, रंगभेद, विभेद र शोषणको अन्त्य गर्नका लागि मधेश विद्रोह भएको थियो । नेपालका हरेक राजनीतिक दल तथा संघसंस्थाहरूमा आबद्ध शहरी तथा ग्रामीण भूभागका जनता तन, मन, धन, कर्म र बचनका साथ ऐतिहासिक मधेश आन्दोलनमा लाखौंको संख्यामा स्वस्फूर्त रूपमा सक्रिय सहभागी भई भोग्दै आएका विभेदकारी नीति तथा व्यवहारको अन्त्यको माग गर्दै बन्द हड्तालमा उत्रिएका थिए । मधेश आन्दोलनका मुख्य माग मधेशी समुदायलाई बिना जालझेल नेपाली नागरिकताको प्रमाणपत्र वितरण, समान नागरिक अधिकार, स्वायत्तता, आत्मनिर्णयको अधिकारसहितको समग्र मधेश एक स्वायत प्रदेश, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणाली, राज्यको हरेक अंग, तह र निकायहरूमा लगायत सेना प्रहरी समेतमा जनसंख्याको आधारमा समानुपातिक समावेशी पहुँच, प्रतिनिधित्व र सहभागिताको सुनिश्चितता, संविधानसभा र निर्वाचन क्षेत्रहरूमा जनसंख्याको घनत्वको आधारमा निर्वाचित प्रतिनिधित्व आदि जायज मागहरू थिए । यसका लागि मधेशी जनताले ठूलो बलिदान दिनु परेको थियो । दुई-दुई पटक मधेश आन्दोलन गर्नु परेको थियो । तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला जस्तो कट्टरपंथी नेतालाई घुटना टेकाउँदै मधेश आन्दोलनको मागलाई नेपालको अन्तरिम संविधान २०६३ मा उल्लेख गर्न बाध्य पारियो । यसरी सयौ मधेशी वीर सपुतहरूको सहादतपूर्ण बलिदानबाट लेखिएको नेपालको अन्तरमि संविधान २०६३ को मर्म र भावनालाई ख्यालै नगरि मधेशी, जनजाति आदिवासी, दलित, महिला, मुस्लिम समुदायहरूको हक अधिकारको विपरीत दोस्रो संविधानसभाबाट नेपाली कांग्रेस, एमाले र माओवादीको दुई तिहाई बहुमतको आधारमा नेपालको संविधान २०७२ जारी गरियो । जसको विरोधमा मधेशी जनता ६ महिनासम्मको बन्द हड्ताल र नाकाबन्दी समेत गरेको थियो । यस मधेश आन्दोलनमा पनि सयौं मधेशी योद्धाहरूले सहादतपूर्ण बलिदान दिनु परेको सबैमा विदितै छ ।

मधेशीलाई माखे, मर्सिया, युपि विहार र विखण्डनकारी भन्दै तथानाम गाली गर्दै आएका तत्कालीन एमालेका अध्यक्ष खड्ग प्रसाद ओली सबैभन्दा महान् राष्ट्रवादी र पहाडी खस समुदायको ठूलो हितैसीको रूपमा उदयीमान भएका छन् । मधेशीमाथि गोली, बोली र गोलीको बर्षात गर्दै ठूलो नरसंहार र दमन गर्न ओली सफल भएकै कारण स्थानीय तह, प्रादेशिक र संघीय निर्वाचनमा एमाले पार्टी भारी बहुमत हात पार्न सफल भएको छ । दुई नम्बर प्रदेश बाहेक अन्य ६ ओटै प्रदेशमा एमालेको बहुमतको सरकार छ । एमाले र माओवादी केन्द्र एकीकरण भई ठूलो शक्तिशाली पार्टीको रूपमा लेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएको छ । दुई तिहाइ बहुमतको हाराहारीमा रहेको शक्तिशाली प्रधानमन्त्री केपी ओली मधेशवादी दलका एक घटक संघीय समाजवादी फोरम नेपाललाई सरकारमा सहभागी गराई झन् शक्तिशाली बनेको छ । मधेशी जनताको मसिहाको रूपमा परिचित संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव केपी ओली सरकारको उपप्रधान तथा स्वास्थ्यमन्त्री हुनु भएको छ । मधेशका अर्को दल राष्ट्रिय जनता पार्टी नेपाल ओली सरकारमा सहभागी नभई समर्थन मात्र गरेको छ ।

संविधानलाई संशोधन गरी मधेशीको हक अधिकार उल्लेख गर्नुपर्ने सम्झौता गरी केपी ओलीको सरकारमा फोरम अध्यक्ष उपेन्द्र यादव सहभागी हुनु भएको छ भने संविधान संशोधन, माननीय रेशमलाल चौधरीको रिहाइ तथा शपथ ग्रहण र मधेशी आन्दोलनकारीमाथि लगाइएका मुद्दाहरू फिर्ता लिन दबाब दिँदै आएका राजपा नेपालको माग पुरा नभए पुन: आन्दोलन गर्ने चेतावनी दिने गरेको छ । मधेशका शक्ति प्राप्त दुइटा पार्टी दुईतिर फर्केको अवस्था छ । मिलीजुली गठबन्धनको सरकारको नेतृत्व गरेको बखत अति ठूलो मधेश आन्दोलनलाई दबाउँदै जारी संविधानलाई मान्यता दिलाउन मधेशी नेताहरूलाई निर्वाचनमा भाग लिन बाध्य पारिदिएका केपी ओली विभाजित मधेशका शक्तिलाई मान्यता दिन्छ भन्ने सोच राख्न कति विश्वासजनक हो ।

राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम नेपालका साझा उम्मेदवारहरूलाई मधेशी जनताले मत दिएर दुई नम्बर प्रदेशमा बहुमत साथ विजय बनाएको छ । मधेशी जनताले आफ्नो कर्तव्य पूरा गरी मधेशी नेताहरूलाई आफ्नो प्रतिनिधि बनाएका छन् । मधेशी जनतालाई आधिकार सम्पन्न बनाउने सपना बाँड्दै आएका मधेशका मसिहाहरू आफ्नो बचनबद्धता पूरा गर्न कतिसम्म त्याग गर्न सक्छन् भन्ने विषय हेर्न बाँकी नै छन् । समयले छर्लङ्ग पारी नै दिन्छ । त्याग र स्वार्थको कसीमा मधेशी नेताहरू छन् । मधेशी जनताले गरेको विश्वासमा खरो उत्रिन सक्छ कि सक्दैन ठूलो चुनौतीको विषय छ । विगतमा सहमति सम्झौता गरी ठग्दै आएका खस शासकहरू पनि मधेशी जनतासँग अधिकारको सुनिश्चित गर्ने प्रतिबद्धता गरी मधेशीको मत प्राप्त गरेको छ । उनीहरू पनि मधेशी जनताको विश्वासको कसीमा छन् । यसपाली पनि कुनै प्रकारको जालझेल वा षड्यन्त्र गरेमा अर्को मधेश विद्रोहबाट देशलाई जोगाउन सकिँदैन ।

बास्तवमा नेपालका पहाडी समाज हिमाल र पहाडका कठिन र कष्टकर जीवन, गरिबी, भोकमरी र अनेकौं किसिमको पीडा र अभावबाट गुज्रिदै आफ्नो जीवनयापनका लागि देश तथा विदेशमा भौतारिँदै अन्यन्त्र बसाई सराई गर्दै विभिन्न ठाउँको भाषा, संस्कृति, भेषभूषा तथा प्राप्त हुन सक्ने अवसरका बारेमा राम्ररी जानेका, बुझेका, अनुभव गरेका र देशको प्रशासनिक, बौधिक शक्ति, उद्योग, व्यापार, बैंकिङ्ग, शैक्षिक सेवा, वैदेशिक रोजगार लगायतका क्रियाकलापमा एकाधिकार प्राप्त समाज हो । यस पहाडी समाजसँग मधेशी समाजले पनि प्रतिस्पर्धा गरेर हरेक क्षेत्रमा अगाडी बढ्नु पर्छ । पहाडी समाजभन्दा अगाडी बढ्न मधेशी समाजले आफ्नो परम्परागत सोच, परनिर्भतावादी प्रकृति, संकुचित भावना र गुलामी मानसिकतालाई त्याग्दै उच्च मनोवलका साथ कडा प्रतिस्पर्धीको रूपमा अगाडी बढ्नु पर्छ । कुनै पनि शासक आफ्नो उन्नति, प्रगति भोग्दै आएको सुविधा र शानलाई धरापमा पारेर अरूको उन्नति, प्रगति र विकासको बाटो सिजना गर्न सक्दैन । जय जयकारी र गुलामीलाई समानताको हक प्राप्त हुँदैन कुनै । पनि ठाउँमा गरिबी, कमजोर र अशिक्षितलाई दबाउने काम मात्रै हुँदै आएको छ । आफ्नो घरमा पनि पढेलेखेका सक्षम भाईले मुर्ख दाईलाई सम्मान गर्दैन बरू एक गिलास पानी ल्याइदिन खटाई हाल्छ । त्यसैले पहाडी समाजसँग मधेशी समाजले विकास र समृद्धिको आशा राख्नु र उनीहरूको पिछलग्गु भएर बस्नु आफ्नो उन्नति प्रगतिको बाटो अवरोध गर्नु नै हो । आफ्नो हक अधिकार स्थापित गर्न गराउन मधेशी समाज दृढ संकल्पका साथ कम्मर कसेर योजनाबद्ध रूपमा एकीकृत ढंगले अगाडी बढ्नु पर्छ । क्षणिक स्वार्थ र लोभ लालचमा फस्नु हुँदैन व्यक्तिगत स्वार्थ पूर्तिका लागि समूह तथा समुदायलाई नोक्सानीमा पार्नु हुँदैन । सबै खाले अवरोध, अवरोह र रोकावटलाई चिर्दै अर्जुन दृष्टिका साथ आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिका लागि संघर्षशील हुनुपर्छ । शासकको काम नै हो साम, दाम, दण्ड, भेद प्रयोग गरी लामो समयसम्म सत्तामा टिकीरहने । एक आपसमा मतभेद र घृणा उत्पन्न गराउँदै, आपसमा लडाउँदै सम्पूर्ण शासन व्यवस्थामा एकाधिकार तथा पकड मजबुतिका साथ बनाइराख्ने शासकीय सोच नै हुन्छ । त्यसैले मधेशवादी दलहरू फुटेर होइन, जुटेर मजबुतिका साथ अगाडि बढ्ने र मधेशीको माग पूरा गरी मधेशीको हक अधिकारको स्थापित गराउन जोस जाँगरका साथ दृढ संकल्पित भई लाग्नु पर्छ । सत्ता, भत्ता र लोभ लालचमा अल्झिनु हुँदैन ।

## नेपालको संविधान...

जसलाई मानव मानिएको हुन्छ । जब यहाँ मानव मान्नलाई तयार छैन भने कहाँको मानव अधिकार ? छातीमा गोली हान्छन् नै । खिल्ली उडाउँछन् नै । 'आप करो तो सत्यनारायण कथा, हम करे तो तामाशा' । यसको लागि आफूलाई बलियो बनाउनुपर्छ । आफूलाई सशक्त रूपमा सडकमा देखाउनु पर्छ अनि मात्र उपलब्धि प्राप्त हुन्छ ।

बुद्ध जस्तो व्यक्ति जन्मन्छन्, मर्दैनन् । अहिले पनि छदैछन् । संसारभरमा छन् । तर विश्वका लागि बुद्ध भगवान होला तर हाम्रो लागि कसैको दाजु (भैया) हुन्, कसैको काका हुन् । हामी त अवधका हौ (बुद्ध पनि अवधमा जन्मेको) । मधेशमा दुईटा सभ्याता मात्र रहेका छन्, एउटा मिथिलाको सभ्यता र अर्को अवधको सभ्यता । मिथिलको सभ्याताको कुरा गरौं भने जानकीजी विश्वका लागि आमा ( माँ) हुन् तर हाम्रो त छोरी हुन्, हाम्रो बहिनी हुन्, फुपु हुन् । त्यस्तै दुनियाँका लागि बुद्ध भगवान होला तर हाम्रो लागि सिद्धार्थ भैया (दाजु) हुन् ।

### अधिकार

सिद्धार्थ दाजुले राम्रो गर्नुभयो कि उहाँले चीन, जपानका लागि हिड्नुभयो नत्र भने उहाँ यहाँ बसेको भए धेरै बेइज्जति हुन्थ्यो । किनभने शासन त उहाँको आफ्नो भाइको रहदैन्थ्यो । जंगल राज्य हुन्थ्यो । जंगल राज्यमा बुद्धको के काम ? त्यहाँ त बचाउनेबालाको अधिकार हुँदैन, मार्नेबालाको अधिकार हुन्छ । यहाँ त मधेशीको अधिकार छैन । यहाँ त गोली चलाउनेबालाका अधिकार छ । गोली चलाउन आदेश दिनेको अधिकार छ । त्यसैले बुद्धले राम्रो गर्नुभएको थियो । नेपालबाट निस्केपछि फर्केर आउनु भएन । उतै टहल्नुभयो । राम्रो गर्नुभयो । आएको भए सायद नागरिकता पनि प्राप्त गर्नुहुन्थेन होला ।

बुद्धले भनेको सबै कुरा ठिक छ त्यसमध्ये एउटा उहाँले आफै ज्योति बन्नुस् अरूको ज्योतिबाट धेरै टाढासम्म जान सकिदैन भन्नुभएको छ । त्यो ज्योतिलाई हासिल गर्नुपर्छ । यदि त्यो ज्योति हासिल गर्न सकिएन भने त्यसलाई जुन सविधान भनिदैछन् त्यो खस आर्यको विधान बन्छ र त्यसमा हामी तेस्रो दर्जाको नागरिक भएर बस्छौ ।

### ज्योति

राजेन्द्र महतो मन्त्री बने तर के के गरे । महन्थ ठाकुर नेपाली काँग्रेसको कोषाध्यक्ष थिए, के के गरे । हामीमा एउटा समस्या छ कि हामीले आफ्नो अन्तर मनमा गहिरिएर हेर्दैनौ कि हामीले के गर्दैछौ ? जसले हाम्रो लागि कुर्वानी ( बलिदानी) दिएका छन्, त्यसका लागि हाम्रो मनमा कही न कही त यो छ कि उनले हाम्रो भोलीका लागि आफ्नो भोली (भविष्य) लाई बलिदानी दिए ।

उनी कुन जातका थिए, कुन लिङ्गका थिए, कुन समुदायका थिए र उनले किन र केका लागि बलिदानी दिए यी सबै कुरा एकपटक सोचौं । हामीमाथि एउटा ऋण छ । त्यो ऋण यो जुनीमा नै तिर्ने हो कि अर्को जुनीमा तिर्ने हो यसको बारेमा सोचौं । मनन गरौं । हिसाब किताब त गर्नैपर्छ ।

### मानवअधिकार

मानवअधिकारको कुरा छोड्नुस् । तपाईंले कुनै जनावरलाई लट्ठीले हिर्काउनु हुन्छ भने भाग्छ, हिर्काउन (लात हान्ने) पनि खोज्छ । हामी त त्यो भन्दा पनि गएगुजरेका भयौं । हामीलाई त हिर्काउने हैसियतमा छैन । रून पनि दिँदैन । एक्कासौं शताब्दीका कस्तो नागरिक हौं हामी जो हामीलाई रून, हाँस्न, प्रतिक्रिया दिने अधिकार पनि छैन । हाम्रो आमाले कस्तो दूध खुवाउनु भयो जसको इज्जत हामी राख्न सक्छौ कि सक्दैनौ । यो हाम्रो कुरा मात्र होइन ।

जब कसैमाथि उत्पीडन हुन्छ, बहिष्करण हुन्छ त्यो अपराध हो । जसले अपराध गर्छ, त्यो अपराधी त हो नै तर जसले अपराध सहन्छन् त्यो त झन अपराधी हो । किनभने त्यसले त्यसको प्रतिकार गर्न सकेन । जसले अपराध गर्छ, त्यो त आफैमा अपराधी हुन् । हामीले जुन अधिकारका कुरा गर्छौ, त्यो एक्काइसौं शताब्दीमा सभ्यराज्य स्थापनाका लागि हो । जंगल राज्यबाट आधुनिक राज्य बनाउनका लागि हो । यो त कुनै गलत काम होइन ।

### मानव राज्य

सुशिल कोइराल त गए । गइसकेकाको गल्ती के भन्नौं । जानेहरूसँग सबै गल्तीहरू राख (खरानी) भएर जान्छ । ओलीजी त अहिले छन् । ओलीजीलाई हामी मानव बनाउन चाहन्छौ । ओलीजीले आफ्नो इन्सानियत बिर्सिएका छन् । उनलाई इन्सानियत याद (सम्झाना) गराउन चाहन्छौ । पुष्पकमल दाहाल इन्सान बन्न लागेका थिए तर पुन: पछाडि फर्किए । हामीले उनलाई भन्न चाहन्छौ कि अझै उनीमा इन्सान बन्ने क्षमता बाँकी रहेको छ । उनी इन्सान बने भने सबैलाई सम्मान प्राप्त हुन्छ । सबैलाई सम्मान प्राप्त भयो भने उनी झन सम्मानित रहनेछन् । उनी पूर्वप्रधानमन्त्री हुन्, यति ठूलो क्रान्ति गरेर आएका छन् । लामो समयसम्म जंगलमा बसेर आएका छन् । इतिहासमा उनको नाम लेखिएको छ । यो भन्दा बढी के चाहियो ?

यो भन्दा बढी त यही हो कि यो देशलाई जंगल राज्यबाट मानव राज्यमा रूपान्तरण गरियोस् । यति मात्र चाहियो, हामीले रामराज्यको कुरा गरेका छैनौ । गान्धीवादको पनि कुरा गरेका छैनौ । माओसेतुगंको पनि कुरा गरेका छैनौ । मानव राज्यको मात्र कुरा गरेका छौ । हामी गरिब छौ, हामी कमजोर छौ भने एकसाथ मिलेर प्रयत्न गरौं कि गरिबीभन्दा केही माथी जाउँ, कमजोरी भन्दा केही माथि जाउँ । यो त्यतिबेला मात्र सम्भव हुन्छ जतिबेला सबैको साथ हुन्छ । यहाँ त दुई तिहाईको हात नै काटिएको छ । अधिकार नै काटिएको छ भने माथि उठ्न कसरी सम्भव हुन्छ ? सम्भव छैन । सबैले आ-आफ्नो ठाउँबाट कोशिश गर्नुपर्छ । गान्धीले भन्नेगर्थे, 'जसले हामीमाथि शोषण गरिरहेका छन्, शासन गरिरहेका छन् । त्यसैका तरिका हामीले पनि अपनाउन थालियो भने त्यसमा र हामीमा फरक रहदैन ।'

मुस्किल त छ । कुनै पनि परिवर्तन सजिलो तरिकाले भएको छैन । यदि परिवर्तन गर्न सजिलो तरिकाले भएको भए १७ हजार व्यक्तिको बलिदानी प्रदान गरेपछि पुष्पकमल दाहाल मानव भइसकेका हुन्थे । काठमाडौमा दाहाल (प्रचण्ड) ले हारे, मधेशबाट जिताएर ल्यायौं । उनले के गरिदिए ? माधव नेपालमाथि भरोस गरियौं के गरे उनले ?

### नश्लवाद

यो त भयो टाढाको कुरा, हामी आफ्नैतिरको कुरा गर्ने हो भने एकदिन सीतादेवी यादव (काँग्रेसकी कोषाध्यक्ष) सँग एकपटक भेट हुँदा मैले भने, सविधानमा हस्ताक्षर गर्न तपाईंलाई अलिकति पनि शर्म लागेन ? तपाई त आफ्नो प्रदेशको मुख्यमन्त्रीसम्म बन्नसक्नु हुन्न । प्रधानमन्त्रीको कुरा त छोड दिनुस् । मेरा मामा पनि नेपालको, मेरो ससुराली पनि नेपालमा तर मेरो बच्चा त हुन्छ नि । त्यसले त भारत वा अन्य देशमा विहे गर्न सक्छ अनि के मेरो बुहारीले नेपालमा आफ्नो अधिकार पाउँदैन ? सविधान त उनीहरूमाथि पनि लागू हुन्छ । उनीहरूको पनि विहे हुन्छ । उनीहरूको पनि बच्चा हुन्छ ।'

अब त यस्तो सविधान आयो कि परिवारको ठाउँमा वंशले लिएको छ । नश्लले लिएको छ । परिवारवादलाई हटायो नश्लवाद ल्यायो । यसलाई न लोकतन्त्र भन्न सकिन्छ न गणतन्त्र भन्न सकिन्छ । यसलाई के शब्दमा भन्न सकिन्छ मनपरितन्त्र । यो हाम्रो देश हो, यहाँ बस्नु छ भने बस्न नभए जाउँ भन्नु मनपरितन्त्र हो । यो मनपरितन्त्रलाई हटाउनका लागि हामीले बाटो खोज्नुपर्छ । निराश हुने अवश्यक्ता छैन ।

### निष्कर्ष

विश्वमा कसैले सोचेका थिएन कि विश्वका सबैभन्दा ठूलो शक्ति सोभियत संघ विघटन हुँदैन, तर भयो । कसैले सोचेका थिएन कि अंग्रेजको साम्राज्य समाप्त हुन्छ, तर भयो । कसैले सोचेका थिएन कि दक्षिण अफ्रिकाबाट नश्लवादको अन्त्य हुन्छ, तर भयो । विश्वमा यस्ता धेरै उदाहरणहरू छन् जो असम्भवलाई सम्भव बनाएको छ । त्यो एकताले मात्र भएको छ । यदि सबै तन मन र धनले एक ठाउँमा आएर परिवर्तनका लागि संघर्ष गर्‍यौं भने अवश्य प्राप्ति हुन्छ ।

## मधेश अपडेट

### बिना शुल्क न्याय दिलाउने प्रतिबद्धता

जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालका महासचिव राजीव झाले भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता अभियान सुरू गरेका छन् । उनले सरकारी कामकाज लगायतमा सानोभन्दा सानो कामका लागि घुस लिने जस्ता विकृत्तिहरू बढेकोले त्यसको अन्त्यका लागि यस्तो अभियान चलाएको बताएका छन् । उनले सामाजिक सञ्जालमार्फत् 'कहिँ कतै कसैमाथी अन्याय, अत्याचार भयो भने, कतै भ्रष्टाचार भएको हेर्नु भएको छ भने तपाईंसँग भएको प्रमाणसहित म कहाँ आउनुस्, तपाई आफ्नो नाम गोप्य राख्न चाहे भने पनि नाम गोप्य राखिन्छ । सम्बन्धित निकायबाट न्याय दिलाउने काम मेरो । यो काम बापत कुनै शुल्क लाग्ने छैन ।' आह्वान गरेका छन् । उनले प्रदेश २ लाई टारगेट गरी यस्तो अभियान चलाएका हुन् । उनले ९८५११४८२३४ र ९८०७८६७६५१ मा सम्पर्क गर्न सक्ने बताएका छन् । समस्या परेको व्यक्ति स्वयं आइ सम्पर्क गर्न आग्रह गरेका छन् । अख्तियारका लागि दिने निवेदन, प्रहरीलाई दिने निवेदनसहित नि:शुल्क लेखिने जनाएका छन् ।

### बहुविवाह तथा सम्बन्ध विच्छेदको घटना बढ्दो

वीरगञ्ज । जनचेतनाको अभाव ,वैदेशिक रोजगार र श्रीमान्श्रीमतीबीच अविश्वास जस्ता कारणले गर्दा प्रदेश नं २ मा बहुविवाह तथा सम्बन्ध विच्छेदका घटना बढ्दै गएको छ । वैदेशिक रोजगारमा पुरूषहरू खाडी मुलुक गएपछि महिलाहरू स्वतन्त्र हुन खोज्नु, गरिबी तथा अशिक्षाको कारण सानैमा छोरीको विवाह गरिनु, पतिपत्नीले एकअर्कालाई बुझ्न नसक्नु बहुविवाह तथा सम्बन्ध विच्छेदका कारण भएको सरोकारवालाहरूको ठम्याइ रहेको छ । पछिल्लो समयमा बारा जिल्लामा बहुविवाह तथा सम्बन्ध विच्छेदका घटनाहरू बढ्दै जानुले सामाजिक विकृति एकपछि अर्को उजागर हुँदै गएको छ । महिला तथा पुरूषबीच अविश्वासको खाडल बढ्दै गएपछि यस्ता घटनाहरू बारा जिल्लामा दोब्बरको संख्यामा वृद्धि हुनु चिन्ताको विषय बनेको प्रहरी तथा अदालतको तथ्यांकले पुष्टि गरेको छ । आव २०७३/७४ भन्दा आव २०७४/७५ मा बहुविवाहसम्बन्धी मुद्दा दोब्बरले बढेको जिल्ला अदालत बाराले जनाएको छ । जसअनुसार २०७३/७४ मा ६ वटा बहुविवाहको मुद्दा परेकामा २०७४/७५ मा यसको संख्या बढेर १४ वटा पुगेको छ । यस्तै आव २०७३/७४ मा १२७ वटा सम्बन्ध विच्छेदको मुद्दा परेकामा आव २०७४/७५ मा यसको संख्या बढेर १३० वटा पुगेको छ ।

### प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालन

नेपालगन्ज । कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सीप क्षमतामा सुधार ल्याई उनीहरूको शैक्षिक जग बलियो बनाउने उद्देश्यका साथ बर्दिया जिल्लामा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम शुरू गरिएको छ । सो कार्यक्रम बाँके जिल्लामा सफलतापूर्वक सम्पन्न भएपछि सरकारले बाँके युनेस्को क्लबलाई यही साउन महिनादेखि बर्दियामा पनि कार्यक्रम सञ्चालनको जिम्मेवारी दिएको हो । नेपाल सरकारले देशका १६ जिल्लामा सञ्चालन गरेको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमअन्तर्गत बर्दियामा सामाजिक तथा समुदाय परिचालन गरेर कार्यक्रमलाई सफल बनाउने जिम्मेवारी बाँके युनेस्को क्लबले पाएको शिक्षा विकास तथा समन्वय इकाई बर्दियाका प्रमुख नीलकण्ठ रेग्मीले बताए । बर्दियाका ३०० सामुदायिक विद्यालय र मदरसाका १ देखि ३ कक्षा सम्मका ३१ हजार ३२९ बालबालबालिका, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी र सदस्य तथा अभिभावकहरूलाई कार्यक्रमभित्र समेटिएको क्लबका अध्यक्ष प्रवेजअली सिद्धिकीले बताए ।

### "समृद्धिको आधार तय हुने गरी विकास गर्नुपर्ने"

विराटनगर । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले प्रदेशको समृद्धिको आधार तयार हुने गरी विकास निर्माणको कार्य थालनी हुनुपर्ने बताएका छन् । प्रदेश नं १ भौतिक पूर्वाधार विकास मन्त्रालयस्तरीय आर्थिक वर्ष २०७४/७५ को आइतबार यहाँ आयोजित प्रगति समीक्षा बैठकमा उहाँले छोटो अवधिमा विभिन्न कठिनाइ र अभावबीच पनि सडक, पुल, भवन, रंगशाला, सिँचाइ र खानेपानी योजनाको विस्तृत अध्ययन कार्य सम्पन्न गर्न सफल भएकामा प्रशंसा व्यक्त गरे । मुख्यमन्त्री राईले सडक वर्गीकरण गुरूयोजना तयार गर्नुपर्नेमा जोड दिँदै आगामी पाँच वर्षभित्र प्रदेशका सडकमा कालोपत्र देखिने गरी बजेट कार्यान्वयनको आवश्यकता औँल्याए । उनले १ प्रदेश निर्वाचन क्षेत्रमा सडक, पुल र नदी नियन्त्रण भवन, सिँचाइ आदि क्षेत्रका आयोजना छनोट गरी कार्य गर्नुपर्नेमा जोड दिँदै जनताको विकासप्रतिको चाहना र सरकारको सुशासन कायम गर्ने कार्यमा सहयोग गर्न सबैलाई आग्रह गरे ।

### बलात्कारका घटनामा सदस्यको चासो

धनगढी । प्रदेश नं ७ प्रदेशसभाका सदस्यहरूले प्रदेशमा बलात्कारपछि हत्याका घटना बढ्दै गएको भन्दै यस्ता घटना रोक्नका लागि आवश्यक पहल गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । प्रदेशसभाको आइतबारको बैठकको विशेष समयमा नेकपाकी देवकी मल्ल थापाले कञ्चनपुरमा बालिकाको बलात्कारपछि हत्या गरिएको भन्दै यस्ता घटनामा संलग्नलाई कसरी तह लगाउने भन्नेबारे सरकारले सोच्नुपर्छ भनिन् । काँग्रेस संसदीय दलका नेता डा रणबहादुर रावलले कैलाली र कञ्चनपुरमा बलात्कारपछि हत्याका घटना शृङ्खलाबद्धरूपमा बढ्दा जनता त्रसित र भयभित बनेको बताए । नेकपाका प्रमुख सचेतक तारा लामा तामाङ र प्रकाश रावलले कञ्चनपुरमा १३ वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनालाई लिएर विपक्षीले राजनीति गरेको आरोप लगाउँदै जघन्य अपराधका घटना हुन नदिन पहल हुनुपर्ने बताए ।

### ठेकेदारको चरम लापर्बाही

बाँके । नेपालगञ्जमा अत्याधुनिक बसपार्क निर्माणमा चरम लापर्बाही देखिएको छ । नेपालगञ्ज उपमहानगरपालिका-४, गणेशपुरमा निर्माणाधीन अत्याधुनिक बसपार्क निर्माण कार्यमा निकै सुस्त र चरम लापर्बाही देखिएको हो । नेपालगञ्ज उपमहानगरपालिकाले नगर विकास कोषसँगको ऋण लगानीमा अत्याधुनिक र सुविधा सम्पन्न बसपार्क निर्माण कार्य अगाडि बढाएको हो । पन्ध्र महिनाभित्र निर्माण सक्ने गरी युनाइटेड बिल्डर्सले अप्रिल २०१६ मा जिम्मा लिएको थियो । अव्यवस्थित रूपमा सञ्चालित नेपालगञ्जको बसपार्कलाई अत्याधुनिक र सुविधा सम्पन्न बनाउन १५ महिनाभित्र निर्माण सक्ने सम्झौता भए पनि सम्झौताअनुरूप निर्माण सम्पन्न नहुँदा दुई महिनाअघि पुन: म्याद थप गरिएको थियो ।

### पाइपलाइन ओछ्याउने काम प्रभावित

वीरगञ्ज । बहुप्रतिक्षित आयोजनाको रूपमा रहेको भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाइन ओछ्याउने काम वर्षाका कारण प्रभावित भएको छ । नेपालको लाइफलाइनको रूपमा रहेको भारतको मोतिहारीदेखि अमलेखगञ्जसम्मको ७० किलोमिटर लम्बाइ पाइपलाइन ओछ्याउने काम अत्यधिक वर्षापछि हालसम्म १५ किलोमिटर क्षेत्रमा मात्र सम्पन्न भएको छ । गत चैतको अन्तिम साता भारत भ्रमणको क्रममा प्रधानमन्त्री केपी शर्मा ओली तथा उनका समकक्षी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीको हैदरावाद हाउसबाट संयुक्तरूपमा मोतिहारी- अमलेखगन्ज पेट्रोलियम पाइपलाइनको शिलान्यास गरेका थिए । त्यसपछि जमिनमुनि पाइप बिछ्याउने काम शुरू भएको हो । सत्तरी किलोमिटर लम्बाइ भएको सो पाइपलाइन रू दुई अर्ब ७५ करोडको लागतमा निर्माण भइरहेको छ ।

### कपिलवस्तुमा आत्महत्याको घटना वृद्धि

कपिलवस्तु । कपिलवस्तुमा आत्महत्याको घटनामा वृद्धि भएको छ । विभिन्न कारणले बढ्दो आत्महत्याले सामाजिक खलल पैदा गरेको छ । विगत छ वर्ष यता यसको सङ्ख्या ह्वात्तै बढेको छ । छ वर्षभित्र ४८८ जनाले आत्महत्या गरेको घटना विवरण प्रहरीमा छ । गत आ. व. ०७४/०७५ मा कपिलवस्तुमा एक सय जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्क छ । जसमध्य ५९ जना झुण्डिएर मृत्युवरण गरे भने ४१ जनाको विष सेवनबाट मृत्यु भयो । यो सङ्ख्या पछिल्लो वर्षभन्दा २३ जनाले बढेको हो ।आ.व. ७३/७४ मा ७७ जनाले आत्महत्या गरेका थिए ।आत्महत्या गर्नेको सङ्ख्यामा हरेक वर्ष वृद्धि भएपछि यो गम्भीर सामाजिक समस्याका रूपमा देखिएको प्रहरीले जनाएको छ ।

### प्रदेश ७ मा विशेष सुझाव समिति गठन

कैलाली । प्रदेश ७ को स्थायी राजधानी र नामकरणका लागि विशेष सुझाव समिति गठन गरिएको छ । संसद् बैठकमा सभामुख अर्जुनबहादुर थापाले प्रदेशको स्थायी राजधानी तोक्न र नामकरणका लागि प्रतिवेदन पेस गर्न प्रदेश सांसद् तारालामा तामाङको संयोजकत्वमा पाँच सदस्यीय विशेष सुझाव समिति गठन गरिएको बताए । समितिमा प्रदेश सांसद् प्रेमप्रकाश भट्ट, बलदेव रेग्मी ,श्यामलाल राना र चुनकुमारी चौधरी सदस्य छन् । समितिमा रहेका श्यामलाल राना कांग्रेसतर्फबाट र अन्य नेकपाबाट निर्वाचित सांसद् हुन् ।समितिलाई साउन २१ गतेभित्र सरोकारवाला सबै पक्षसँग उपयुक्त छलफल गरी प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको सभामुख थापाले बताए ।

### उपमहानगरद्वारा बीउ र प्रविधि सहयोग

बुटवल । बुटवल उपमहागगरपालिकाले नगर क्षेत्रमा रहेका कृषकलाई कृषि क्षेत्रमा उत्प्रेरित गर्ने उद्देश्यले बीउ तथा कृषिका लागि आवश्यक उपकरण तथा प्रविधिमा सहयोग गरेको छ । उपमहानगरपालिका अन्तर्गतको कृषि विकास महाशाखाका अनुसार गत आर्थिक वर्ष २०७४/७५ मा व्यावसायिक बाली विकास कार्यक्रम अन्तर्गत मोतीपुर ,सेमलार र अन्य क्षेत्रमा विभिन्न व्यावसायिक कृषक , समूह र सहकारलिाई धानको बीज वृद्धिका लागि २० हेक्टर जमिनमा आवश्यक पर्ने स्रोत बीउ, १५० हेक्टरमा जमिनमा आवश्यक पर्ने मसिना तथा बासनादार धानको उन्नत बीउ र २६ वटा पावर स्प्रेयर वितरण गरिएको छ ।

### वडाध्यक्ष र वडा सचिवको विरोधमा प्रदर्शन

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वड़ा नम्बर ९ ब्रह्मपुरीका स्थानीय बासिन्दाहरू वडाध्यक्ष र वड़ा सचिवको विरोधमा बुधवार वड़ा कार्यालय घेराउ गरी विरोध प्रदर्शन गरेका छन् । आर्थिक वर्ष २०७४।२०७५ को सामाजिक सुरक्षा तथा बाल पोषण भत्तामा अनियमिता गरेको भन्दै स्थानीय सरोकारबालाहरूले वड़ा अध्यक्ष र सचिव विरूद्ध चर्को नाराबाजी गरेका हुन् । बालबालिकाको लागि आएको रकम सचिवले जेष्ठ नागरिक, दलित, अपांगलाइ वितरण गरेको स्थानीयहरूको आरोप रहेको छ । वड़ा अध्यक्ष फूलिंद्र दास र वड़ा सचिव दिनेश यादवले वाल बालिकाका लागि आएको बाल पोषणको रकम सामाजिक सुरक्षाको रकम सँगै बाडेकोले स्थानीयहरू आक्रोशित भएको स्थानीय युवा समाजसेवी नविन कुमार सिंहले बताएका छन् ।

### "संविधानको रक्षा गर्न कांग्रेसको विरोध कार्यक्रम"

विराटनगर । नेपाली कांग्रेस संसदीय दलका उपनेता विजयकुमार गच्छदारले संविधान रक्षा गर्न कांग्रेसले विरोध कार्यक्रम आयोजना गरेको बताएका छन् । विराटनगरमा मंगलबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले सरकारले एकलौटी ढंगले न्याय, प्रशासनीय अंगमा हस्ताक्षर गरेको आरोपसमेत लगाए । उनले संवैधानिक व्यवस्थाअनुसार संसदमा सभामुख र उपसभामुख अलगअलग दल र बेग्लाबेग्लै लिंगको हुनुपर्ने व्यवस्थाको सभामुख अहिले एउटै पार्टी भएकाले संविधानको उल्लंघन भएको धारणा व्यक्त गरे ।

# मलेठ घटनासम्बन्धी मानवअधिकार आयोगको प्रतिवेदन–३

६.१. कानूनी पक्ष

नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको छ । यो हक कसैले खोस्न पाउने होइन । यो प्रत्येक नेपालीको आधारभूत मानव अधिकार हो । मलेठ घटनाबाट केही मानिसको बाँच्न पाउने हक नै खोसिएको छ । यस्तो स्थिती सबैका लागि गम्भीर चिन्ता र चिन्तनको विषय हो । बाँच्न पाउने हक बाहेक अन्य कुनै हक अधिकार शत प्रतिशत पूर्ण ९ब्दकयगितϘ हुँदैनन्, हुन पनि सक्दैनन्। यहाँसम्म कि बाँच्न पाउने हकपनि प्रत्येक व्यक्ति कानूनको सीमा भित्र रहेमा मात्र पूर्ण रूपमा उपभोग गर्न सक्दछ । तर बाँच्न पाउने हकलाई अन्य हक अधिकारको प्रयोग विधिको अधीन बनाउन वा राख्न दिनु हुँदैन । मलेठ घटनाको सन्दर्भमा हेर्दा नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को अधिकार प्रयोग गर्दा मानिसको बाँच्न पाउने हकलाई समाप्त गर्ने परिस्थितीको सृजना भएको छ ।

संविधानको धारा १७ (२) ले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता (क), बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता (ख) र नेपालको कुनै पनि भागमा आवत जावत गर्ने स्वतन्त्रता (ङ) लाई सोही उपधाराको प्रतिवन्धात्मक खण्ड (१), (२) र (५) को सन्दर्भमा हेर्नु र कानूनको सीमा भित्र रही प्रयोग गर्नुपर्ने हुन्छ । यहाँसम्म कि सोही उपधारा (२) को खण्ड (ग) र (घ) अनुसार राजनीतिक दल, संघसंस्था खोल्न र खोलिएका दल वा संस्थाको संचालन गर्दा पनि संविधानको सोही धाराको प्रतिवन्धात्मक खण्ड (३) र (४) को व्यवस्था र सीमालाई मनन् एवम् अंगीकार गर्नुपर्ने हुन्छ । त्यसो नगर्दा त्यस्ता कुनै पनि हकको सही ढंगले प्रयोग र उपभोग गर्न सम्भव हुँदैन ।

यसको अतिरिक्त संविधानको धारा ४८ को खण्ड (ख) ले निर्दिष्ट गरेको संविधान र कानूनको पालन गर्नु पर्ने आधारभूत कर्तव्यबाट कुनै पनि व्यक्ति विमुख हुन सक्तैन । अर्काको हक माथि आघात हुनेगरी आफ्नो अधिकारको प्रयोग गर्ने छुट वा स्वतन्त्रता कसैलाई पनि छैन ।

संविधानको धारा १७ ले प्रदान गरेको स्वतन्त्रताहरू उपभोग गर्ने सन्दर्भमा स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति, व्यवस्था र सुरक्षा कायम गर्ने प्रयोजनले गरेको कानूनी व्यवस्था प्रति पनि सजग रहनु पर्ने हुन्छ । यसरी सर्वसाधारण जनताको जिउ, धन र सार्वजनिक शान्ति, सुव्यवस्था र सुरक्षा कायम राख्ने उद्देश्यले बनेको कानूनको एक अर्काको हकको उपेक्षा र नरादर गर्दै कसैले आफ्नो अधिकारको प्रयोग मात्र गर्न सक्दैन । त्यस्तो अवस्था व्यक्ति, समाज र राष्ट्रय हितमा हुँदैन । त्यो प्रजातान्त्रिक पद्धतीको विरूद्धमा हुन्छ । छाडातन्त्र र मनपरी तन्त्र मात्र हुन्छ । जस्को छुट कुनै पनि समाज र राष्ट्रले दिन सक्दैन । मलेठ घटनाको विभिन्न पक्षलाई दृष्टिगत गर्दा विद्यमान कानूनी प्रावधानहरूको सम्मान र उचित ढंगले प्रयोग गरिएको पाईदैन । अपितु घटनासँग सम्वन्धित मुख्य पक्षहरूले कानूनी व्यवस्थालाई जानाजान निरादर गरेको स्पष्ट देखिएको छ ।

प्रस्तुत संवैधानिक विवेचना पश्चात मलेठ घटनामा निम्न लिखित सवालहरूमा विवेचना गर्नुपर्ने देखियो:

१. सुरक्षाकर्मीहरूले अत्यधिक बल प्रयोग गरेको हो कि होइन?

२. आयोजक राजनैतिक दलहरूको कुनै दायित्व सृजना हुन्छ कि हुँदैन?

३. घाइते व्यक्तिहरूको सम्बन्धमा नेपाल सरकारले संबोधन गर्नु पर्छ कि पर्दैन?

४. मेडिको लिगल सम्बन्धी प्रश्नहरू विवाद रहित छन्कि छैनन्?

पहिलो सवालको सम्बन्धमा विवेचना गर्दा २०७३ फागुन २३ गते मोर्चाको विरोधको स्वरूप कस्तो रहेको थियो ? सुरक्षाकर्मीद्वारा प्रयोग भएको बल प्रयोग कानून संगत थियो कि थिएन? र सुरक्षाकर्मीहरूले गोली चलाउनै पर्ने परिस्थिती सृजना भएको थियो वा थिएन? भन्ने जस्ता सवालहरूको तथ्यगत आधारहरूको खोजीगर्नुपर्ने जरूरी हुन्छ ।

यि सवालहरूको जवाफ प्राप्त गर्न प्रहरीको काम कर्तव्य, अधिकारका बारेमा प्रचलित केही कानूनी व्यवस्थाहरू, अन्तर्राष्ट्रिय सिद्धान्तहरूको बारेमा चर्चा गर्नु बाञ्छनीय हुने देखियो ।

प्रहरी ऐन, २०१२ को दफा ८ बमोजिम प्रहरी उपर नियन्त्रण सम्बन्धी व्यवस्थाका बारेमा उल्लेख भएको पाइन्छ । यस अनुसार जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहनेछन् र सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ । कानुनबमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ ।

प्रहरी ऐन, २०१२ को दफा १९ मा सार्वजनिक सभा र जुलुसको व्यवस्था सम्बन्धमा निम्न लिखित व्यवस्था भएको पाइन्छ:

(१) सार्वजनिक बाटो, सडक वा आवत जावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जन साधारणलाई असुविधा पर्ने वा शान्ति भङ्ग हुने स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ, बाटो र समय तोक्न सक्नेछ ।

(२) उपदफा (१) विपरीत कुनै कार्य भए गरेमा प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले त्यस्तो सभा वा जुलुस रोक्न वा भङ्ग गर्न सक्नेछ । प्रहरी नियमावली, २०७१ को नियम ५५ मा क्षेत्रीय प्रहरी कार्यालयका प्रमुखको काम कर्तव्यहरू र अधिकारहरू देहाय बमोजिम उल्लेख गरेको पाइन्छ: क) प्रहरी जनशक्तिको प्रभावकारी परिचालन, रेखदेख, नियन्त्रण गर्ने र आवश्यक निर्देशन दिने । नियमावलीमा उल्लेखित लगायत अन्य व्यवस्थाहरूको अतिरिक्त सुरक्षा प्रतिकूल क्रियाकलाप तथा अपराध रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा योजना तर्जुमा गरी प्रभावकारी तथा जनमुखी प्रहरी सेवा प्रदान गर्ने वा गराउने, (नियम च) तालुक कार्यालयबाट लागू गरिएको नीति अनुरूप अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्था गर्ने वा गराउने साथै मातहत कार्यालयको सुरक्षा व्यवस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिने, (नियम ज), क्षेत्रभित्र शान्ति सुरक्षामा उत्पन्न हुन सक्ने असाधारण परिस्थितिलाई मध्यनजर राखी आकस्मिक तथा विशेष सुरक्षा योजना तयार गर्ने वा गराउने (नियम ण) समेतका दायित्वहरू प्रहरीको रहेको पाइन्छ ।

यस्तै सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६ बमोजिम निम्न लिखित प्रयोजनका लागि नेपाल सरकारले सशस्त्र प्रहरी परिचालन गर्न सक्ने प्रावधान रहेको छ:

(क) नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,

(ख) नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,

(ग) नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्न,

(घ) नेपालको कुनै भागमा भएको वा हुन सक्ने दङ्गा नियन्त्रण गर्न,

(ङ) नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,

(च) नेपालको कुनै नागरिक वा अरू कसैलाई अपरहण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,

(छ) नेपालको सीमा सुरक्षा गर्न,

(ज) वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रहीसहयोग गर्न,

(झ) नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,

(ञ) नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,

(ट) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानुनबमोजिम तोकिएका कार्यहरू गर्न,

(ठ) नेपाल सरकारले समय समयमा तोकेबमोजिमका अन्य कार्यहरू गर्न ।

अत: उल्लेखित ऐन र नियमावलीका प्रावधानहरूका आधारमा मुलुकको समग्र शान्ति सुरक्षाको दायित्व नेपाल प्रहरी र सशस्त्र प्रहरीको हुनेमा कुनै विवाद देखिँदैन ।

स्थानीय प्रशासन ऐनमा प्रमुख जिल्ला अधिकारीलाई शान्ति सुरक्षा र बल प्रयोग गर्ने दायित्व र विधिहरूको बारेमा उल्लेख भएको पाइन्छ । यस अनुसार कुनै सभा जुलुस वा भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यसको कुनै काम कारवाईबाट शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने, वा आफैं गई वा आफू मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाइ शान्ति कायम गराउने, नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्याँस, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने, यति गर्दा पनि शान्ति कायम हुन नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नु भन्दा अगाडि भीडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दापनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनको निमित्त आदेश लेखी सही गरिदिने भनी उल्लेख छ । यस्तै कुनै ठाउँमा हुलदङ्गा वा अशान्ति भएमा वा हुन सक्ने पर्याप्त आधार भएमा सो परिस्थितिलाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्र र समय तोकी सो क्षेत्र र समयमा हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा पाँच जना भन्दा बढी मानिस जम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्ने सक्ने अधिकार प्रदान गरेको देखिन्छ । (स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६)

बल प्रयोगको अन्तिम अवस्थामा प्रयोग गरिने घातक बल (जीवित गोली) प्रयोग गर्नुपूर्व लाठी चार्ज, अश्रु ग्यास प्रयोग, हवाइ फायर, रवर गोलीको प्रयोग गर्नु वल प्रयोग सिद्धान्तको महत्वपूर्ण प्रकृया हो । यसर्थ स्थानिय प्रशासन ऐन, २०२८ को दफा ६(क) को उपदफा ४ बल प्रयोग सम्बन्धी सिद्धान्तको रूपमा पनि लिन सकिन्छ । बल प्रयोग सम्बन्धी यस सिद्धान्तले आवस्यक्ता पुष्टि गर्नु पर्दछ । अर्थात् कम घातक बल प्रयोगबाट भीड नियन्त्रित हुन नसकी धनजनको क्षति हुन सक्ने परिस्थिती श्रृजना भएको बल प्रयोग गर्ने निकाय वा अधिकारीले पुष्टि गर्नुपर्दछ ।

Code of Conduct for Law Enforcement Officials, 1979 को धारा ३ मा कानून कार्यान्वयन गर्ने पदाधिकारीले सख्त आवश्यकता परेको बेलामा मात्र बल प्रयोग गर्न सक्छ भन्ने "Law enforcement officials may use force only when strictly necessary and to the extent required for the performance of their duty" भन्ने व्यवस्था र उल्लेखित स्थानीय प्रशासन ऐन, २०२८ को व्यवस्थाको भाव र मर्म समान नै छन् । यि व्यवस्थाहरूबाट अत्यावश्यक भएको अवस्थामा चलाइएको गोली वैध मानिन्छ अन्यथा अनावश्यक रूपमा चलाइएको गोली गैर कानूनी मानिन्छ ।

शान्तिपूर्ण भेला भएका प्रदर्शनकारीहरूको व्यवहार शान्तिपूर्ण नै रहनुपर्ने भन्ने एक अन्तर्राष्ट्रिय निर्देशिका (नगष्मभष्लिभϘ मा उल्लेख भएको पाइन्छ । उक्त निर्देशिकामा प्रदर्शनकारीहरूको तवसम्म मात्र संरक्षणको प्रत्याभूती हुने गर्दछ जवसम्म उनीहरूले प्रदर्शन गरेको व्यवहार शान्तिपूर्ण रहन्छ । यो सिद्धान्त अनुसार कुनै हतियार वा कानूनबाट निषेध गरिएका कुनै सामाग्री प्रयोग गर्नु मात्र नभई प्रयोग गर्ने योजना भएमा पनि उक्त प्रदर्शन शान्तिपूर्ण हुँदैनन् भनी Osmani and Others v. FYR of Macedonia, 2001 को केसमा उल्लेख भएको पाइन्छ ।

कानुन कार्यान्वयन गर्ने अधिकारीले गरेको बल प्रयोग सम्बन्धी कयौं घटनाहरू विवादित नै बनेका छन् । यस्ता घटनाहरू कम विवादित बनाउन विभिन्न समयमा अन्तर्राष्ट्रिय अभ्यासहरू भई संयुक्त राष्ट्रसंघले आचार संहिता तय गरेको पाइन्छ । कानून कार्यान्वयन गर्ने अधिकारीहरूको लागि बनेको आचार संहिता १९७९ को धारा ३ टिप्पणी नं. (ग) मा सामान्यत: आरोपित शंकास्पद पक्षले सशस्त्र प्रतिरोध गर्न वा अरूको ज्यान खतरामा पार्न सक्ने अवस्था र त्यसलाई नियन्त्रण गर्न वा समात्न अन्य कम क्षतिको उपायबाट असम्भव हुने अवस्थामा गोली गट्ठाको प्रयोग गर्न सकिने उल्लेख भएको पाइन्छ । बल तथा गोली गट्ठाको प्रयोग सम्बन्धी आधारभूत सिद्धान्तले कुनै प्रकारको हतियारको प्रयोगलाई घटाउन कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई ढाल (सिल्ड), हेल्मेट, बुलेटप्रुफ ज्याकेट, बुलेटप्रुफ सवारी साधन जस्ता आत्म सुरक्षाकारी उपकरणहरू उपलब्ध गराउनु पर्नेद्द भनी राज्यलाई दायित्व सुम्पेको देखिन्छ । यस सिद्धान्तमा बल तथा गोली गट्ठाको प्रयोग सकेसम्म अहिंसात्मक माध्ययमहरूबाट गर्ने र त्यस्तो माध्यम प्रभावहीन भएमा वा चाहेको परिणाम प्राप्तिका लागि कुनै उपाय नहुने भएमा मात्र बल तथा हतियारको प्रयोग गर्न सक्ने[3] उल्लेख गरेको छ । यस सिद्धान्तको विशेष व्यवस्थामा आत्मसुरक्षा वा मृत्यु वा गम्भीर चोट पटकको नजिकको खतरा विरूद्ध अन्यको बचाउ, जीवनको संगीन खतरा समावेश भएको विशेषत: गम्भीर अपराधको रोकथाम, यस्तो खतरा प्रदर्शन गर्ने र तिनको अधिकारको प्रतिकार गर्ने व्यक्तिलाई पक्राउ गर्न वा भाग्नबाट रोक्ने उद्देश्य प्राप्तिका अन्य माध्यमहरू अपर्याप्त भएमा कानुन कार्यान्वयन गर्ने अधिकारीले व्यक्ति विरूद्ध गोली गट्ठाको प्रयोग गर्न सक्ने द्ध उल्लेख छ । तर यस्तो अवस्थामा सूचनाको पर्याप्त समय र स्पष्ट चेतावनी दिनु पर्दछ ।[5]

अर्थात्बल प्रयोग निश्चित मापदण्डका आधारमा मात्र हुन्छ । यस्ता मापदण्डहरूमा कानूनी वैधता (Legality), आवश्यकता (Necessity) र समानुपातिकता (Proportionality) हुन्। सुरक्षा निकायले बल प्रयोग गर्दा विचार यि विषयवस्तुहरूमा ख्याल गर्नुपर्ने हुन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ भनी बाँच्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यस्तै, नागरिक तथा राजनैतिक अधिकार विषयक अभिसन्धि १९६६ को धारा ६ मा जीवनको अधिकार तथा धारा ९ मा प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकारबाट बञ्चित नगराइने भन्ने स्पष्ट प्रावधानहरू रहेको छ ।

नेपाल सन्धि ऐन, २०२९ को दफा ९ बमोजिम नेपाल पक्ष भएका सन्धि, सम्झौताहरूको प्रावधान वाध्यकारी हुने भन्ने उल्लेख भएबाट उल्लेखित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन गर्ने गराउने दायित्व स्वत: नेपाल सरकारको हुनजान्छ ।

यस पश्चात अधिकारमुखी पद्धती अनुसार घटनालाई विवेचना गर्दा निम्न लिखित संवैधानिक हक अधिकारका विषयवस्तुहरू स्वत: सृजित हुने भएकोले त्यसतर्फ विचार गरौं ।

माथिनै विवेचना भए अनुसार नेपालको संविधान, २०७२ को धारा १७ को स्वतन्त्रताको हक अन्तर्गत यस घटनासँग सम्बन्धित निम्न लिखित हकहरू उपभोग गर्न पाउने प्रत्येक व्यक्तिको हकको रूपमा स्वीकार गरिएको पाइन्छ । अपितु यस्ता हकहरू पूर्ण रूपमा (absolute) हुँदैनन्।

उल्लेखित मौलीक हकहरूको निर्वाध उपभोग गर्न पाउनु प्रत्येक नागरिकको अधिकारलाई मानव अधिकारकै परिभाषा भित्र राख्न सकिन्छ । २०७३ फाल्गुन २३ गते ने.क.पा. (एमाले) ले मेची महाकाली अभियान अन्तर्गत राजविराजको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र भित्र कार्यक्रम गरेको निर्विवाद तथ्य स्थापित भएकै छ । कार्यक्रम आयोजना हुनुपूर्व सदरमुकामको रंगशालामा गर्ने योजना रहेकोमा सुरक्षा निकाय, एमाले तथा मोर्चाका कार्यकर्ताबिच पटक पटक वार्ता भएको तथ्यमा सबैको समान भनाई रहेको देखिन्छ । रंगशालामा गर्ने भनिएको कार्यक्रम मोर्चाको विरोधका कारण औद्योगिक क्षेत्रमा गर्ने गरी तय भएको पनि खुल्न आएको छ । २२ गते एकाएक औद्योगिक क्षेत्रमा समेत कार्यक्रम गर्न नदिने मोर्चाको अलिखित निर्णय भएपछि स्थिती तनावपूर्ण बन्दै गएको भन्ने सुरक्षा निकायको भनाई रहेको छ । सुरक्षा निकायले एमालेका कार्यकर्तालाई राजमार्ग केन्द्रित कार्यक्रम गर्न दिएको सुझाव एमालेले नमानेको र यसलाई राजनीतिक प्रतिष्ठाको विषय बनाएको देखिन्छ । यस्तै, मोर्चाका कार्यकर्ताले एमालेलाई राजविराजमा प्रवेश गर्न नै नदिने नीतिका कारण सुरक्षा चुनौती थपिएको स्पष्ट छ ।

सम्भावित सुरक्षा खतरालाई मध्यनजर राखी २०७३।११।२३ गते विहानै जिल्ला सुरक्षा समितिको बैठक बसी एकीकृत सुरक्षा योजना बमोजिम सुरक्षाकर्मीको शक्तिमा वृद्धि गर्न माथिल्लो निकायमा अनुरोध गरी हिंसात्मक रूपमा प्रस्तुत हुने भीड तथा समूहको प्रतिकार गर्न सक्ने नेपाल प्रहरी र स.प्र. बलको टोली खटाउने र परिस्थितीलाई मूल्यांकन गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा १ (ख) बमोजिम शुरू देखि अन्तिम सम्मको बल प्रयोग गर्ने निर्णय गरेको देखिन्छ ।

२३ गते विहानैदेखि मोर्चाका कार्यकर्ताहरूले सार्वजनिक स्थलहरू, बाटोघाटो, नाकाहरूमा भेला, जम्मा भएर एमालेको कार्यकर्ताहरूलाई कार्यक्रम स्थलसम्म आउन अवरोध गरेको भन्ने सुरक्षा निकाय र ने.क.पा. (एमाले) का कार्यकर्ताहरूको भनाई रहेको देखिन्छ । मौका, परिस्थितीमा प्रहरीले संकलन गरेको सूचनाहरूमा समेत सोही कुरा उल्लेख भएको पाइन्छ । घटनाको पृष्ठभूमिले समेत उक्त तथ्य विवादयुक्त छैन । यसर्थ मोर्चाका कार्यकर्ताहरूले एमालेको कार्यक्रम विथोल्न वा कार्यक्रम रोक्न हरसम्भव प्रयाश गरेको थियो भन्ने स्पष्ट हुन आयो ।

दुई राजनीतिक शक्तिहरूको हठका कारण उत्पन्न भएको सुरक्षा चुनौतीलाई प्रहरीले जसरी पनि सामना गर्दै धन जन, शान्ति सुरक्षाको प्रत्याभूति दिनैपर्ने हुन्छ । सुरक्षा निकायले उच्च सुरक्षा चुनौती हुनसक्ने पूर्वानुमान गरेरै उल्लेख्य संख्यामा नेपाल प्रहरीलाई अग्रपंक्तिमा र थप मद्दतको लागि सशस्त्र प्रहरी बललाई दोश्रो पंक्तिमा परिचालन गरेको तथ्य खण्डबाट स्पष्ट हुन्छ ।

झडपका क्रममा कयौंपटक प्रहरीहरू पछि हट्न बाध्य भएको दृष्य समेत देखिएको छ । प्रहरीले स्थितीलाई नियन्त्रणमा लिन सशस्त्र प्रहरीबाट ५१ सेल अश्रुग्याँस प्रहार गरेको, कम्तिमा १० राउण्ड हवाई फायर गरेको र १५ ओटा ज्यान जान सक्ने गोली ९ँषिभ दर्गाभितϘ प्रहार गरेको भनी तत्कालीन सशस्त्र प्रहरी उपरिक्षकले आयोगमा उपस्थित भई गरेको बयानमा उल्लेख भएको छ ।

यस्तै, जिल्ला प्रहरी कार्यालय सप्तरीले दिएको विवरणमा प्रहरीको तर्फबाट १२७ सेल अश्रुग्याँस, एसएलआर डोमी २ राउन्ड, सर्टगन रबरबुलेट ९ राउण्ड प्रहार गरिएको, ३ जना व्यक्तिहरूको घटनास्थलमै मृत्यु भएको, १९ जना प्रदर्शनकारीहरू घाइते भएको, ३१ जना प्रहरीहरू घाइते भएको, १० जना प्रदर्शनकारीहरू पक्राउ पश्चात छाडिएको, रायपुर स्थित रूपनी सडक खण्डमा बम फेला परेकोमा निष्कृय बनाइएकोभन्ने समेत उल्लेख भएको छ ।

रायपुर गाविस स्थित रूपनी सडक खण्डमा २ ओटा बम फरक फरक समयमा फेला पारी निस्कृय बनाइएको, सशस्त्र प्रहरी बलको दैनिक चेकपोष्ट मोर्चाका कार्यकर्ताहरूले भत्काई आगो लगाई जलाएको, सडकमा टायर बाली पूर्व पश्चिम लोकमार्ग बन्द गरेको, पातो बजारमा पसल बन्द गर्दै हिँडेको भन्ने समेतको लिखित जानकारी सशस्त्र प्रहरी बलबाट प्राप्त भएको छ ।

एमालेको कार्यक्रमस्थलमा भेला भएका सबै व्यक्तिहरू विरोधकर्ता नै हुन् भन्न सकिने अवस्था रहेको देखिँदैन । कार्यक्रम हेर्न भनी सर्वसाधारण तथा पेशागत समूहका व्यक्तिहरू समेत उपस्थित भएको पनि देखिन्छ ।

मृतक तथा घाइते व्यक्तिहरू प्राय: सर्वसाधारण रहेको भन्ने देखिएको छ । चारैतर्फबाट मोर्चाका कार्यकर्ताहरू औद्योगिक क्षेत्रभित्र जान खोज्दथे । प्रहरीले रोकेको थियो । धेरै पटक झडप भयो, धेरै राउन्ड अश्रुग्यास चल्यो । यस्तो परिस्थितीमा दिनभरी संयमता अपनाएको प्रहरीले एक्कासी किन गोली चलाएको भन्ने प्रश्न श्रृजना हुनु स्वभाविकै देखिन्छ । स्वयम् केही प्रहरी कर्मचारीहरूले केही समय धैर्यता लिन सकेको भए मानवीय क्षति हुदैनथ्यो भन्ने अनुमान गरेको पाइएको छ ।

छानविनको क्रममा नेपाल प्रहरीले लाइफ बुलेट चलाएको थिएन भन्ने सूचना प्राप्त भएको छ भने सशस्त्र प्रहरीले चलाएको गोली लागि मानिसहरूको हताहत भएको देखिन्छ । तथापी कोही कसैलाई नियतबस मारौं भन्ने अभिप्राय वा उत्तेजित मनोभावना भएको देखिँदैन । जब कार्यक्रम सकिने अवस्था आयो, त्यस समयमा विरोधमा उत्रिएका मोर्चाका कार्यकर्ताहरू एकतृत भएर औद्योगिक क्षेत्र आसपासमा एक्कासी सभा स्थलतर्फ अगाडी बढ्न लाग्दा सुरक्षाको उच्च चुनौती प्रहरीले महसुष गरेको अवस्था देखिन्छ । यसै समयमा मोर्चाका कार्यकर्ताहरू ठूलो संख्यामा औद्योगिक क्षेत्रको पर्खाल नाघी सभास्थल भित्र छिर्न थालेको । अन्तिम अवस्थामा सुरक्षाकर्मीहरू आफ्नै आत्मरक्षा र सभामा सहभागी नेता कार्यकर्ताको सुरक्षाको लागि गोली चलाउनु पर्ने परिस्थिती श्रृजना भएको तथ्यहरूबाट देखिन्छ । यस्तो अवस्थामा गोली नचलाएको भए अन्य थुप्रै धन जनको क्षतिहुन सक्ने अनुमान गर्नु अस्वभाविक देखिँदैन । यसर्थ घटना दु:खद भएपनि थोरै क्षतिमा ठूलो क्षति रोकियो भन्ने घटनास्थलमा सुरक्षार्थ खटिएका सुरक्षा अधिकारीहरूको भनाईहरू आधारहीन देखिन आउँदैन ।

गोली लागेका अधिकांश व्यक्तिहरूलाई कम्मरभन्दा माथिकै भागमा गोली लागेको देखिन्छ । मृत्यु भएका ४ जना व्यक्तिहरूलाई पनि छाती र टाउको मै गोली लागेको देखियो । कानून बमोजिम प्रहरीले गोली चलाउने परिस्थिती श्रृजना भएपनि कम्मर भन्दा माथि गोली हानिएकोले उक्त कार्य कानून विपरित भएको भन्ने आरोप प्रहरीलाई लागेको छ । यस विषयमा प्रहरीले भौगोलिक परिस्थिती, अश्रुग्यासको कारण प्रहरी नै प्रभावित भएको र अन्तिम अवस्थामा ताकी ताकी गोली हान्न सक्ने परिस्थिती विद्यमान नभएको भन्ने भनाई प्राप्त भयो । प्रहरीको भनाई र स्थलगत अवलोकन गर्दा भौगोलीक अवस्थाको स्वरूप मिल्दो जुल्दो नै देखिन्छन् । तर घाइते भएका अधिकांश व्यक्तिहरूलाई कम्मर भन्दा माथि गोली लाग्नु, मर्ने व्यक्तिहरूलाई छाती र टाउकैमा गोली लाग्नुले प्रहरीले अन्धाधुन्ध गोली चलाएकै हो की भनी अनुमान गर्न सकिन्छ । अन्धाधुन्ध गोली चलाउँदा सर्वसाधारण व्यक्तिहरूको जीउज्यान जान सक्नेतर्फ सशस्त्र प्रहरी सचेत नभएकै हो । कहाँ कहाँबाट सुरक्षा खतरा बढी भईरहेको छ भन्ने राम्रो विश्लेषण नगरीकनै गोली चलाएबाट प्रहरीहरू हतास भएको जस्तो देखिन्छ ।

श्रव्य दृष्यबाट सशस्त्र प्रहरीले नियन्त्रणमा लिएका केही व्यक्तिहरूलाई कुटपीट गरेको देखिएको छ । सँगै रहेका नेपाल प्रहरीले छुट्याउने प्रयाश पनि गरेको देखिन्छ । उक्त दृष्यबाट अन्तिम क्षणमा सशस्त्र प्रहरीहरू हतास र उत्तेजित अवस्थामा देखिएका छन्।

सभ्य समाजमा हिंसाले प्रश्रय पाउनु हुँदैन । जस्ले गरेपनि हिंसा हिंसा नै हो । हिंसा प्रजातान्त्रिक समाजको लागि असभ्य र अस्वीकार्य व्यवहार हो । यसर्थ पहिलो सवालका सन्दर्भमा प्राप्त भएका तथ्यहरूले सम्भावित धेरै मानवीय क्षतिको अवस्थालाई रोक्न र आत्मरक्षाको लागि समेत गोली चलाएको देखिएकोले प्रहरीले अनावश्यक र अत्यधिक बल प्रयोग गरेको भनी भन्न मिल्ने अवस्था विद्यमान देखिँदैन तर षिभ दर्गाभित चलाउने सन्दर्भमा कानूनले निर्धारण गरेको प्रकृया अवलम्बन भने गरेको देखिँदैन ।

६.२. घटनाको जिम्मेवारी

आयोजक राजनैतिक दलहरूको कुनै दायित्व सृजना हुन्छ कि हुँदैन? भन्ने सवालतर्फ बिचारगर्दा मलेठ घटनाका जिम्मेवार पक्षको पहिचान गर्नु आवश्यक देखियो । तथ्यगत विवेचना एवम् विश्लेषण र घटना एवम् घटनास्थलको प्रकृती तथा परिस्थितीको विवेचनाबाट घटनाको जिम्मेवारी पनि कस्को हो भन्ने कुरा स्पष्ट भएर आएको छ ।

छिमेकी देश भारत लगायत अनेक प्रजातान्त्रिक मूलुकमा दुई पक्ष बिच मुठभेड हुने स्थितीमा र शान्ति, सुरक्षामाथि गम्भीर खतरा हुने भएमा, कुनै खास दिन वा स्थानमा सभा, जुलूस वा ऱ्याली निकाल्ने वा शक्ति प्रदर्शन गर्नेगरी राजनैतिक कार्यक्रम गर्न प्रशासनले स्वीकृती दिन इन्कार गर्दछ वा जिम्मेवार संस्था वा राजनैतिक दल आफैंले संभावित परिणामको विचार गरी पूर्वनिर्धारित कार्यक्रम रद्द गरेको हामी देख्दछौं ।

२०७३ फाल्गुन २३ गतेको पूर्व निर्धारित कार्यक्रम पनि सोझै टकरावको स्थिती र परिस्थितीको गम्भीरतालाई दृष्टिगत गर्दै सभा प्रारम्भ हुनलाग्दा अन्तिम घडीमा पनि सो आयोजनालाई आफ्नो कार्यकर्ता र आफ्नै सुरक्षाको दृष्टिले र पार्टीको दीर्घकालीन हितमा एवम्सम्भावित दुष्परिणामलाई टार्ने व्यापक उद्देश्य प्राप्तिका लागि रद्द गर्नु नै सम्बृद्ध सबै पक्षको हितमा हुने थियो । तर दुर्भाग्यबश मलेठ घटनाको सम्बन्धमा दुई विरोधी राजनैतिक शक्ति आफ्नो शक्ति प्रदर्शन गर्ने अडान र होडबाजीको कारण अनाहकमा ५ जनाको ज्यान जाने र कैयन घाइते हुनेगरी घटना हुन पुगेको हो । यसर्थ यसको मुख्य जिम्मेवारी ने.क.पा. (एमाले) र लोकतान्त्रिक मधेशी मोर्चाले लिनु पर्ने यस समितिको निष्कर्ष रहेको छ । त्यसपछि थोरै मात्रामा सो घटनाको जिम्मेवारी प्रशासन र सुरक्षा निकायको हुन आउने देखिन्छ । जिम्मेवारीका हिसावले निम्न लिखित रूपमा विवेचना गर्न सकिन्छ:

**१. ने.क.पा. (एमाले) :** राष्ट्रिय राजनीतिमा मुख्य भूमिका रहेको र प्रमुख राजनीतिक शक्तिको हैसियतमा रहेको राजनीतिक दल मध्ये ने.क.पा. (एमाले) पनि हो । सुरक्षा निकायहरूको सल्लाह, सुझाव, पृष्ठभूमिलाई समेत मध्यनजर गरी हेर्दा सो ठाउँमा कार्यक्रम गर्ने एमालेको अडानलाई संवैधानिक हक अधिकार र व्यवहारीक दुवै पक्षबाट विचार गर्दा, मुलुकको जिम्मेवार पार्टीले देश र नागरिकको सुरक्षाका खातिर, अरूको मानव अधिकारको सम्मान र सुरक्षामा निश्चित रूपमा संवेदनशील बन्नै पर्दछ । यसर्थ संवैधानिक हक अधिकारको उपभोग गर्दा श्रृजना हुनसक्ने परिस्थितीलाई पूर्वानुमान गरेर भए पनि सो कार्यक्रम नै नगर्नु सर्वोत्तम निर्णय हुने थियो । त्यसो नगरी कार्यक्रम गरेरै छाड्ने एमालेको अडानको कारण दुखद स्थितीको सृजना भएको देखियो ।

एमालेले स्थानीय निर्वाचनलाई लक्षित गरी प्रचार अभियानको अंगको रूपमा मेची महाकाली अभियान संचालन गरेको थियो । सोही क्रममा सप्तरी जिल्लाको राजविराजमा २०७३।११।२३ गते आमसभा गर्ने भनी उक्त पार्टीले घोषणा गरेकोमा सभास्थल राजविराजको रंगशालाबाट ३ किलोमीटर उत्तर तर्फ रहेको औद्योगिक क्षेत्र परिसरलाई बनाएबाट ने.क.पा. एमाले मलेठ घटनाको प्रमुख पक्ष हुन गएको देखिन्छ । लोकतान्त्रिक व्यवस्था भएको देशमा जति ठूलो पार्टी उत्ति ठूलो जिम्मेवारीको अपेक्षा गर्नु स्वभाविक हो । सैद्धान्तिक आधारमा संचालन हुने पार्टीले आफ्नो अधिकार भन्दा आफ्नो जिम्मेवारी र आम जनताको अधिकारको बारेमा बढी सजग रहनु पर्ने हुन्छ । लोकतान्त्रिक अभ्यासमा यस सिद्धान्तलाई उपेक्षा वा बेवास्ता गर्ने हो भने जुनसुकै बेला अनपेक्षित घटना वा अनर्थ हुन सक्ने संभावना रहिरहन्छ । त्यसकारण मलेठ घटना घट्नुको जिम्मेवारी सर्वप्रथम ने.क.पा. एमाले माथि रहेको छ ।

**२. आन्दोलनरत मधेशी मोर्चा :** मलेठ घटनाको दोश्रो जिम्मेवारीको पक्ष मधेशी मोर्चा देखियो । शान्तिपूर्ण आन्दोलन गर्ने मोर्चाको घोषित नीति हो । लोकतान्त्रिक मूल्य र मान्यता अनुरूप शान्तिपूर्ण ढंगले कुनै विषयमा आफ्नो समर्थन वा विरोध गर्न पाउने सबै राजनैतिक दलको कानूनी अधिकार हो । तर सो अधिकार प्रयोग गर्दा अर्काको लोकतान्त्रिक अधिकारमाथि आघात पार्ने ढंगले कार्यक्रम गर्ने हो भने त्यसबाट अनपेक्षित र यदाकदा दु:खद परिणाम निस्कन सक्ने सम्भावनालाई इन्कार गर्न सकिँदैन ।

२३ गते विहानै देखि राजविराजमा मोर्चाका कार्यकर्ता र प्रहरी बिच झडप भएको स्वयम् मोर्चाका कार्यकर्ताको जिम्मेवार नेताले छानविन समिति समक्ष दिएको बयानमा उल्लेख भएकैछ । मोर्चाका कार्यकर्ताहरूको संख्या एकीन नभएपनि कम्तिमा ३ हजार देखि ८-१० हजार प्रदर्शनकारीहरू उपस्थित भएको, उनीहरूको हातमा लाठी, भाला, रड समेत रहेको भन्ने बुझिएका व्यक्तिहरूको भनाईहरू रहेको छ । यस्तो परिस्थितीलाई शान्तिपूर्ण विरोध कार्यक्रम भनी स्वयम्परिभाषित गरिनु दु:खद पक्ष हो । शान्तिपूर्ण विरोधका कार्यक्रमहरूमा कुनै हात हतियार प्रयोग हुनु, प्रहरीउपर आक्रामक शैलीमा प्रस्तुत हुनु, ढुंगामुढा गर्नु, प्रहरीले निषेध गरेका स्थानहरूमा प्रवेश गर्नु, भीडले नेपाल प्रहरी र सशस्त्र प्रहरीको सञ्चार सेट, पेस्तोल खोस्नु जस्ता क्रियाकलापहरूलाई निश्चय पनि शान्तिपूर्ण मान्न सकिँदैन ।

छानविन समितिलाई प्राप्त भएको श्रव्य दृष्य प्रमाणमा मोर्चाका कार्यकर्ताहरूले सर्वसाधारणको घर, रूखमुनी लुकी छिपी प्रहरीलाई ढुंगामुढा गरेको, सडकमा आगो बाली सडक अवरूद्ध गरेको घेरिएको पर्खाल भित्र भई रहेको सभा बिथोल्न जवरजस्ती सो भित्र प्रवेश गर्न खोज्ने समेतका दृष्यहरूले उनीहरूको विरोधको शैली शान्तिपूर्ण मान्नै सकिँदैन । यसर्थ मलेठ घटनामा मधेशी मोर्चा दोश्रो जिम्मेवार पक्षको रूपमा देखियो ।

**३. जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित सुरक्षा निकायहरू:** जिल्लाको शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने, सर्वसाधारण जनताको जीऊधन एवम् सार्वजनिक सम्पत्तिको सुरक्षागर्ने र त्यसबाट राष्ट्रिय हितको प्रवर्द्धन गर्ने दायित्व बोकेका उल्लेखित प्रशासनिक र सुरक्षा निकायहरूले आफ्नो दायित्वप्रति अत्यन्त सजग र संवेदनशील रहनुपर्ने हुन्छ । जिल्ला भित्रको प्रत्येक राजनैतिक एवम् सामाजिक गतिविधिहरूलाई गम्भीरतापूर्वक नियाल्दै अवाञ्छित कृयाकलाप र कार्यलाई समयमानै रोक्न सक्नु पर्दछ । त्यसैले हुन गइरहेको कार्यबाट सार्वजनिक शान्ति, सुरक्षा र जनताको जीउधन माथि पर्न सक्ने प्रभावको अनुमान र आंकलनमा यि निकायहरूले गल्ती गर्ने गुन्जायस रहनु हुँदैन । कुनै ठूलो अप्रिय घटना घटी सकेपछी एक अर्का माथि आरोप प्रत्यारोपबाट वा जिम्मेवारी पन्छाउने कार्यबाट पनि सो घटनाबाट पुगेको क्षतिको शोधभर्ना हुन सक्दैन । त्यसमा पनि कसैको जीवनको क्षति हुन गएमा त्यसको क्षतिपूर्ति असम्भव हुन्छ ।

सुरक्षालाई चुस्त दुरूस्त बनाइराख्न सरकारले सुरक्षा निकायलाई श्रोत साधनसम्पन्न बनाउनु पर्दछ । अन्यथा सुरक्षा कारवाहीमा अप्रिय परिणाम आउन सक्ने तर्फ सजग रहनु पर्दछ । विगतका तराई आन्दोलनका परिणामहरूले समेत यस्लाई पुष्टि गर्दछन् । यथेष्ठ मात्रामा रवर बुलेट वा घाइते मात्र बनाउने गोलीहरूको प्रयोग गरिएको भए पनि ५ जना व्यक्तिहरूको दु:खद मृत्यु हुने थिएन । कयौं व्यक्तिहरू घाइते हुने थिएनन्। यसका अतिरिक्त सुरक्षा फौजले सदैव तनावपूर्ण अवस्थामै कार्य गर्नुपर्ने हुन्छ । तनावका समयमा समेत धैर्यता पूर्वक कार्य गर्ने सोच, विचार र मानसिकताको विकास गर्नु जरूरी हुन्छ । यसैले तनाव व्यवस्थापनको तालीम सबै प्रहरी कर्मचारीहरूलाई दिइनु पर्दछ ।

घटना घट्नुमा उक्त निकायहरूको मुख्य दोष नदेखिएपनि अन्तिम अवस्थामा ज्यान जानसक्ने गोली चलाउँदाको क्षणमा सुरक्षा निकाय चुकेको देखिन्छ । कानूनले निर्धारण गरेको प्रकृयालाई अवलम्वन गरिएको देखिएन । सशस्त्र प्रहरीले अनावश्यक रूपमा केही व्यक्तिहरूलाई कुटपीट गरेको देखिन्छ । यसर्थ सशस्त्र प्रहरीको भूमिका पनि जिम्मेवार रहेको देखियो ।

यस पश्चात घाइते व्यक्तिहरूको सम्बन्धमा नेपाल सरकारले संबोधन गर्नु पर्छ कि पर्दैन भन्ने सवालमा मानव अधिकारको दृष्टिकोणबाट विवेचना गर्दा राज्य सबै नागरिकको अभिभावक हो । प्रत्येक मृतकका परिवारले नेपाल सरकारबाट रू. १० लाख राहत प्राप्त गर्नु सकरात्मक पक्ष हो । तर सोही घटनामा परी घाइते भएका केही व्यक्तिहरू अझैसम्म शरीरमा गोली बोकी बाँचिरहेका छन् । तत्कालका लागि उनीहरूको नि:शुल्क उपचार भएपनि दीर्घकालीन रूपमा उपचार गर्नुपर्ने अवस्थाका घाइतेहरूको भविष्यमा लाग्ने उपचारको व्यवस्था नेपाल सरकारले गरी असल अभिभावकको अनुभूती गराउनु पर्दछ । यस्तै घाइते भएकै कारण केही व्यक्तिहरूको शारिरीक सक्षमतामा ह्रास आएको छ । त्यस्ता व्यक्तिहरूलाई समेत नेपाल सरकारले सम्बोधन गर्नुपर्दछ । घाइतेहरूको वर्गीकरण गरी निजहरूको दीर्घकालीन उपचारको लागि व्यवस्था गर्न र घाइतेको गाम्भीर्यतालाई विचार गरी उचित राहत उपलब्ध गराउनु पर्दछ ।

**६.३. मेडिको लिगल विश्लेषण**

मलेठ घटनाका सम्बन्धमा मेडिको लिगल सम्बन्धी प्रश्नहरू पनि उब्जिएका छन्। मेडिको लिगल सम्बन्धी खाश कार्यहरूमा विवाद आउँदा सत्य कुरा पत्ता लगाउन समस्या हुनसक्छ । सत्यकुरासँग न्याय जोडिएको हुन्छ । यसैले न्याय प्राप्ती गर्ने ढोका नै बन्द हुन सक्छ । यस्तो गम्भीर विषय भएको कारण मेडिको लिगल सम्बन्धी विषयहरू संवेदनशील हुन्छन् । तर धेरै विवादित मुद्दाहरूमा मेडिको लिगल सम्बन्धी समस्याहरू देखिदै आएका छन्। यद्यपी मेडिको लिगलका धेरै विषयहरू सुधारोन्मुख अवस्थामा छन्।

इनर यादवको देब्रे पटी छातीको तल्लो भागमा गोली लागी दाहिने पटी पेटको माथिल्लो भागबाट निस्केको देखिन्छ । जस्लेगर्दा पेटका अंगहरूमा चोट परेको र उपचारको क्रममा ती चोटहरूको असर कम गर्न प्रयास गरेको समेत देखिन्छ । सबै मृतकहरूको गोली प्रवेश गरेका घाउमा र वरीपरी के कस्तो अवस्था थियो वा कपडामा केही थियो थिएन भनी खुलाएको अवस्था नभएकोले कति टाढाबाट गोली लागेको हुन सक्ने भन्ने तथ्य विश्लेषण गर्न सकिँदैन ।

मृतकहरू ५ जना मध्ये ३ जनाको घटनास्थल वा बाटोमा लैजाँदै गर्दा मृत्यु भई सकेकोले लासजाँच गर्दा शरिरमा कपडाहरू लगाइएकै अवस्थामा हुनु पर्दछ तर कपडाको विश्लेषण केही नभएको प्रतिवेदनबाट देखिन्छ ।

टाउकोमा ठूलो चोट देखिएका एक मृतकको घाउको विश्लेषण विस्तृत रूपमा नगरिएकोले उक्त चोट झट्ट हेर्दा गोली लागेको नभै अन्य धेरै गह्रुङ्गो चिज वस्तुले टाउकोमा पटक पटक प्रहार भएर हुन सक्ने चोटसँग समेत मेल खाने देखिन्छ । तर एक्स रे मा गोली वा अन्य धातुको उपस्थिती देखिएकोले र परिस्थितीजन्य अवस्था भने गोली लागेर नै ढलेकोसँग मेल खाने हुँदा सो चोट गोलीबाटै भएको हुनु पर्दछ । कपाल काटेर राम्रोसँग घाउलाई सफा गरेर नहेरेमा टाउकोमा भएको सानो प्वाल (Intry Wond) छुट्न सक्तछ ।

मेडिकल जाँच गर्दा चाहे शव परिक्षण होस् वा जिउँदो व्यक्तिको जाँच गरी तयार गरिने प्रतिवेदन हुन्, ति सबैमा केशको विगत अवस्था (History of the case), परिस्थितिजन्य प्रमाण र जाँच गर्दा देखिएका लक्षणहरूको विस्तृत रूपमा अभिलेखीकरण (सम्भव भए फोटो समेत खच्नु पर्ने) गरिएमा मात्र पूर्ण रूपमा मेडिकल जाँच गरिएको मानिन्छ । यस घटनाका सन्दर्भमा उपलब्ध भएका सबै जाँच प्रतिवेदन अध्ययन गर्दा उक्त पूर्णताको अभाव देखिन्छ । त्यसैकारण पनि गोली लागेका मृतक वा घाइतेहरूलाई कति टाढाबाट गोली लागेको हो भन्न सकिने अवस्था छैन । लाश जाँच प्रतिवेदन अति छोटो देखिन्छ । प्रतिवेदन जम्मा जम्मि एक पक्ति (Paragraph) मात्र रहेको छ । यस्तै, प्रहरीहरूको घाउजाँच प्रतिवेदन अध्ययन गर्दा घाउजाँचको क्रममा भएका चोटपटकहरूको विस्तृत रूपमा गर्नुपर्ने अभिलेखीकरण गरेको भन्ने देखिँदैन । यस्ता अभिलेखहरूमा कुन् हतियार वा वस्तुले लागेको चोट, चोटको लम्बाई, चौडाई, गहिराई जस्ता पक्षहरू उल्लेख नहुँदा घटनालाई विश्लेषण गर्न कठिनाई देखियो । पोष्टमार्टम प्रतिवेदनको ढाँचामा समेत त्रुटी रहेको छ । जस्मा चिकित्सकले लेख्नुपर्ने स्थानहरूको समेत अभाव देखिन्छ । यसर्थ पोष्ट मार्टम प्रतिवेदन र घाउ जाँच प्रतिवेदनमा समय सापेक्ष सुधार गर्नुपर्ने देखिन्छ ।

**६.४. मलेठ घटनाको प्रकृति :**

छानविनको क्रममा यस समितिले प्राप्त गरेको तथ्यहरू र तिनको विश्लेषणबाट २०७३।११।२३ गते सप्तरी जिल्लाको मलेठ गाउँ नजिकै रहेको औद्योगिक क्षेत्रमा ने.क.पा. (एमाले) को आम सभा र त्यसको विरोध गर्दै मधेशी मोर्चाबाट गरिएको प्रदर्शनलाई सामान्य घटनाको रूपमा लिन सकिँदैन । किनकी सभास्थल वरिपरिको ठाउँ समग्रमा एक प्रकारको रणभूमि (War zone) को रूपमा परिणत भएको यस समितिले अनुभव गरेको छ । घटनास्थलमा कमाण्ड गरी रहेका सशस्त्र प्रहरीका प्रहरी ९ र नेपाल प्रहरीका प्रहरी ८को भनाईलाई नै आधार मान्ने हो भनेपनि क्रमश: ५०० सशस्त्र र ७०६ जना नेपाल प्रहरी घटनास्थलमा खटिएका थिए । यसको अतिरिक्त ने.क.पा. (एमाले) का नेताहरू आउने बाटोको ठाउँ ठाउँमा खटाइएका दुवैतर्फका प्रहरीहरूलाई पनि २३ गते अपरान्हतिर सभास्थल सुरक्षार्थ बालाईएको थियो । यसरी सभास्थल भित्र बढीमा २–३ हजार मानिसहरूलाई पार्टीका नेताहरूले सम्बोधन गरिरहँदा बाहिर ५–७ हजार प्रदर्शनकारीहरूलाई रोक्न कम्तिमा १५००–२००० प्रहरीहरू तैनाथ थिए ।

प्रहरीहरू तैनाथ मात्र थिएनन्, अपितु दिनभरीजसो उग्र प्रदर्शनकारीहरूसँग भीडन्त गरिरहेका दृष्यहरू विभिन्न श्रव्यदृष्य फुटेजहरूबाट देखिन्छ । ठाउँ ठाउँमा नक्कली–सक्कली बमहरू राखिएका थिए । प्रहरीसँग भएको लाठी भन्दा ठूला ठूला लाठीहरू र कसै कसैले फलामे रड समेत लिएर आएको श्रव्यदृष्य फुटेजहरूबाट देखिन्छ । प्रदर्शनकारीहरूबाट व्यापक रूपमा ढुंगा, ईटा प्रहरीतर्फ हानिएको र केही प्रहरीहरूद्वारा पनि सोही ढुंगा, ईंटा प्रदर्शनकारीतर्फ हानिएको देखिन्छ । मूख्य सडक लगायत ठाउँ–ठाउँमा प्रदर्शनकारीद्वारा खर, पराल समेत जलाएर आगो लगाएको, प्रहरीले हानेको अश्रुग्याँसको गोला रोकेर प्रहरीतर्फ प्रहार गरेको र यदाकदा स–साना बोतलमा राखिएको पेट्रोल बम जस्तो पदार्थ पनि प्रहरीतर्फ प्रहार गरेको समेत देखिएको छ । प्रहरीको लाठी प्रहार, अश्रुग्याँस, डमी फायर, रबर बुलेटको प्रहारबाट उग्र प्रदर्शनकारी तितर बितर भएको वा धेरै पछि हेटेको देखिएन । बरू तिनीहरूको लाठी, ढुंगा प्रहारबाट प्रहरीहरू पटक पटक पछि हटेको समेत देखिएको छ ।

यस्तो तनावपूर्ण अवस्थामा एमालेको सभास्थल बाहिर सडक र खेतमा समेत कम्तिमा ५–७ हजारको संख्यामा रहेका उग्र प्रदर्शनकारीहरूसँग करिव डेढ दुइ हजार प्रहरीहरू विहान १०– ११ बजे देखि अपरान्ह ५ बजेसम्म मुठभेड गरीरहेका थिए । घटनास्थलमा दुवैतर्फबाट लाठी प्रहार, ठूलो आवाजमा हो–हल्ला भईरहेको थियो । कम्तिमा ५१ देखि १२७ राउण्ड अश्रुग्याँस, ९ राउण्ड शर्टगनबाट रबर बुलेट प्रहार भएपछि एस.एल.आर. ९ब्वीच्Ϙ राइफलबाट हवाई फायर र मानिसलाई ताकेर गोली फायर हुँदा सम्म पनि एमालेको सभा रोकिएन । चारैतिरको पर्खाल भित्र किल्लाबन्द भएर सभा चलिनै रहेको घटना आफैंमा अभूतपूर्व हो । त्यस्तो अवस्थामा पनि पूर्व प्रधानमन्त्री समेत भई सकेका अत्यन्त महत्वपूर्ण व्यक्तित्वहरू ९ख्ख्क्ष्Ϙ समेतका बरिष्ठनेताहरूले २–३ हजार मानिस वा कार्यकर्ता उपस्थित रहेको सभालाई सम्बोधन गर्नुको औचित्य र सार्थकता पुष्टि गर्न सकिँदैन । यद्यपी सभाका वक्ताहरूले कुनै उत्तेजक भाषण गरेको भन्ने कसैको भनाई छैन । तर उक्त दिन र सो अवस्थामा गरिएको सभा उपलब्धि विहीन र प्रत्युत्पादक हुने सजिलै अनुमान गर्न सक्नुपर्ने थियो ।

**६.५. घटनापश्चातको वस्तुस्थिति**

फाल्गुन २३, २०७३ मा भएको दु:खद घटनाको परिणाम स्वरूप केही दिनसम्म राजविराज अशान्त रहेको थियो । केही प्रतिकारात्मक घटनाहरू पनि भएका थिए । जुलुश, ऱ्यालीका साथै प्रतिकारमा केही हिंस्रक घटना पनि भएका थिए । तर हालका दिनहरूसम्म आइपुग्दा राजनीतिक र सरकारी स्तरबाट केही महत्वपूर्ण कार्यहरू भएका छन्। अनेक कारण संवाद र सम्पर्क विहीन अवस्थामा रहेका आन्दोलनरत मधेशी मोर्चा र सरकार पक्ष बिच अनेक स्तरबाट सम्पर्क र संवादहरू भएका छन् । सो घटनाबाट पीडितहरूलाई क्षतिपूर्ति र राहत पुऱ्याउने काममा पनि प्रगति भएको छ । घाइतेहरूलाई सरकारी अस्पतालहरूमा भएको उपचार खर्च सरकारले बेहोर्ने काम भएको छ । सो घटनामा दु:खद मृत्यु भएका व्यक्तिहरूका आश्रित एवम् परिवारलाई प्रति मृतक रू. १० लाखका दरले क्षतिपूर्ति दिइएको छ भने सो घटनाको गम्भीरतालाई मनन् गर्दै सम्मान स्वरूप मृतकहरूलाई नेपाल सरकारबाट शहीद घोषणा गर्ने कार्य सम्पन्न भएको छ । यसबाट पीडितहरूलाई केही हदसम्म भएपनि राहत मिलेको छ । यसका साथै सो घटनाबाट अत्यधिक उत्तेजित सप्तरीको राजनैतिक परिदृष्य पनि धेरै हदसम्म सामान्य हुँदै गएको समितिले अनुभव गरेको छ । फलस्वरूप मलेठ घटनाबारे कुनै कानूनी वा अदालती कारवाही पनि नभएको भन्ने बुझिन आएको छ । कुनै कसै उपर मुद्दा चलेको छैन र सो सम्बन्धमा कोही थुनामा छैनन्। यसरी अशान्त वातावरण विस्तारै शान्त हुँदै गएको देखिएको छ ।

क्रमश:...

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोगको वेबसाइट*

# सरकारको कार्यशैली जनपक्षीय छैन



डा. नारायण खड्का

नेपाली कांग्रेस एउटा सशक्त प्रतिपक्षको रूपमा भूमिका खेल्दै आएको छ। जनता र राष्ट्रिय हितका विषयमा कांग्रेस जहिले पनि अगाडि आउँदैछ। सरकारले अहिले जसरी प्रस्तुत हुन्छ, त्यसको आधारमा कांग्रेसले पनि त्यसको समर्थन वा विरोध गर्छ। जनता र राष्ट्रको हितमा जुन निर्णय यो सरकारले गर्छ त्यसमा हाम्रो समर्थन रहन्छ। जहाँ राष्ट्रघाती र जनघाती कार्य गर्छ त्यहाँ हामीले सशक्त विरोध गर्छौं। कांग्रेससँग मुद्दा नै नभएको होइन, अहिले पनि सदनमा हामी जनताको पक्षमा खडा हुन्छौं। यो सरकारले जसरी जनतामाथि गोली बर्साएर जनतालाई घाइते बनाएको, यो एकदम निन्दनीय कार्य हो। अहिले संघीय संसदमा एउटै पार्टीका सभामुख र उपसभामुख रहेका छन्, त्यसमा पनि हाम्रो विरोध छ। दुवै पद एउटै पार्टीको हुनु हुँदैन भन्ने हाम्रो मान्यता छ। हामीले भन्न खोजेको के हो भने यो सरकारले कसरी देश र जनताको हितमा काम गर्छ त्यसमा हाम्रो जोड रहन्छ। कांग्रेसले जहिले पनि समानता र न्यायको पक्षमा वकालत गर्दै आएको छ।

कांग्रेस एउटा लोकतान्त्रिक पार्टी हो। यसपटकको निर्वाचन परिणाम हाम्रो पक्षमा नभए पनि हामी आगामी दिनमा सशक्त र ठूलो पार्टीको रूपमा आउँछौं। निर्वाचनका बेला दुई कम्युनिष्ट एक भएपछि स्वाभाविकरूपमा यस्तो परिणाम आएको हो। तर, कांग्रेसलाई पनि कम मत प्राप्त भएको छैन। चुनावका बेला अहिलेका कम्युनिष्टहरू छिमेकी राष्ट्र भारतको विरोध गरेर ठूलो राष्ट्रवादी देखाउने प्रयास गऱ्यो तर, अहिले सबै छर्लङ्ग भइरहेको छ। चुनावका बेला कम्युनिष्टहरूले जुन प्रतिबद्धताहरू गरेका थिए त्यो पूरा गर्न सकिरहेको छैन। उल्टै डा. केसीका मागहरू जायज छन् भने त्यसप्रति सरकारले किन यत्रो उदासीनता देखाएको, किन सम्बोधन नगरेको भन्ने मात्र थियो। डा. केसीको माग जायज छन् भन्ने कांग्रेसको ठहर थियो। यो सरकारले दुई तिहाईको दम्भको आधारमा आफ्नो प्रस्तुति देखाउँदै आएको थियो। तर, हामीले डा. केसीसँग वार्ता गर्न सरकारलाई बाध्य बनायौं। उहाँसँग सहमति भएको छ तर त्यसको कार्यान्वयनका लागि कांग्रेसको सशक्त भूमिका आवश्यक छ।

कमजोरभन्दा पनि निर्वाचनमा तलमाथि हुने गर्छ। कांग्रेस कमजोर भएको छैन, संघीय संसदमा संख्याको हिसावले हामी कम छौं। मुलुकमा प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न कांग्रेसले संसदमा अहम् भूमिका निर्वाह गर्छ। मूल्यवृद्धि गरेर समृद्धिको कुरा गरिरहेको छ। जनताले सबै कुरा बुझिरहेका छन्। आगामी दिनमा यसको पनि परिणाम आउँछ। कतिपय ठाउँमा हामीले थोरै पनि मतले पराजित भएका छौं। हामीले हिसाव गर्दा अहिले पनि कांग्रेस कमजोर अवस्था छैन। संसदमा हाम्रो संख्या कम अवश्य छ तर कमजोर छैन। जनताको आशा र भरोसाको केन्द्र कांग्रेस नै हो।

कांग्रेसभित्र गुटउपगुट रहेको कारण अलि कमजोर जस्तो देखिएको हो। तर, हामीले यस्ता समस्याहरूको समाधानका लागि गम्भीर छौं। लोकतान्त्रिक विधिबाट चल्ने पार्टीमा गुट-उपगुट हुनु स्वाभाविक हो। तर ती कुराहरूलाई सम्बोधन गर्दै जानुपर्छ। पार्टीभित्रका गुट-उपगुटलाई समाप्त पारेर पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढ्नेतिर लागेका छौं। वास्तवमा गुट-उपगुटले पार्टीलाई कमजोर बनाउँछ भन्ने कुरा हामीले महसुस गरेका छौं।

हामी संसदमा सशक्तरूपमा आवाज उठाउन नसकेपनि बाहिर हामी एकजुट भएर आवाज उठाउँदै आएका छौं। संसदमा पनि हामी सशक्त आवाज उठाउँदैछौं। पार्टीभित्र जति पनि गुटउपगुट भए पनि देश र जनताको पक्षमा आवाज उठाउन कांग्रेस चुकेको छैन। हामीभित्र एकताबद्ध भएर जाने कुरा गरेका छौं। अहिलेको अवस्थामा कांग्रेस कमजोर भयो भने जनआकांक्षा पूरा हुन सक्दैन। किनकि यो सरकारको कार्यशैली जनपक्षीय देखिएको छैन। हामी प्रमुख प्रतिपक्षको हैसियतले जनता र देशको पक्षमा उभिरहेका छौं।

सरकारका हरेक नियुक्ति वा निर्णयहरूप्रति कांग्रेस गम्भीरतापूर्वक हेरिरहेको छ। भारतका लाग नेपाली राजदूत नियुक्तका लागि गरिएको सिफारिसको विषयमा कांग्रेसले आफ्नो धारणा ल्याउँदैछ। कुनै व्यक्ति विशेषलाई टारगेट गरेर विरोध गर्नुको आवश्यक्ता छैन। तर, संविधानले गरेको व्यवस्थाअनुसार छैन भने त्यसको सशक्त विरोध गर्छौं। यस विषयमा पनि हामी कानूनी बाटोका लागि छलफल गर्छौं। यस विषयमा हामी सरकारलाई सचेत गराउँछौं। अहिले सरकारले सिफारिस मात्र गरेको छ, त्यसैले तत्कालै विरोध गरिहाल्नुपर्ने आवश्यक छैन। संविधान सम्मत हुनुपर्छ भन्ने कांग्रेसको मान्यता हो।

अहिले तत्काल देखिएका समस्याहरू जस्तै बाढी पहिरोबाट जनता पीडित छन्, किसान आकाशे पानीको भरमा खेती गर्न बाध्य छन्। मलखाद पाउन सकेका छैनन्। यी र यस्ता मुद्दाहरूप्रति कांग्रेस गम्भीर छ। हाम्रा कतिपय सांसदहरूले यस्ता मुद्दाहरू उठाउँदै आएका छन्। डुबानबाट पीडित हुने जनताहरूलाई सरकारले उचित राहत र उचित वासस्थानको व्यवस्था गर्नुपर्छ भन्ने हाम्रो माग रहँदै आएको छ। किसानको समस्याहरूबारे पनि हामीले सरकारलाई ध्यानाकर्षण गराउँदै आएका छौं। त्यसैले गर्दा कांग्रेसले जनजीविकासँग सम्बन्धित मुद्दाहरू छाडेको छैन।

**पार्टीभित्र जति पनि गुटउपगुट भए पनि देश र जनताको पक्षमा आवाज उठाउन कांग्रेस चुकेको छैन। हामीभित्र एकताबद्ध भएर जाने कुरा गरेका छौं।**

*(कांँग्रेस केन्दीय सदस्य तथा सांसद् डा. खड्कासँग मधेशवाणीले गरेको कुराकानीमा आधारित)*

# "दलितकै अगुवाईमा दलित विधेयक बनाउनुपर्छ"

**राजकुमार पासवान**

राजविराज। प्रदेश नं. २ का सरकारले ल्याउन लागेको 'प्रदेश नं. २ दलित सशक्तिकरण विधेयक २०७५' माथि सप्तरीका दलित अगुवाहरूबाट राय सुझाव संकलन मंगलबार सुरू गरेको छ। दलित सरोकार मञ्च नेपाल सप्तरीको आयोजनामा मंगलबार राजविराजमा सुझाब संकलन कार्यक्रममा दलित सशक्तिकरण ( विधेयक)ऐनमा दलितकै सहभागिता देखिएको छैन। ऐनमा नगरपालिका र गाउँपालिका स्तरमा गठन हुने स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समितिमा अध्यक्षमा मेयर तथा अध्यक्षलाई प्रमुख बनाइएको प्रति सहभागी दलितहरूले आपति जनाएका छन्।

दलित अगुवाहरूले मेयर तथा अध्यक्षहरू अहिले नै कतिपय ठाउँमा दलितहरू विभेद गर्दै आएको आरोप लगाउँदै उक्त ठाउँमा दलित अधिकारको क्षेत्रमा काम स्थानीयस्तरकै दलित अधिकारकर्मीलाई अध्यक्ष बनाउनु पर्ने बताएका छन्।

दलित अधिकारकर्मी तथा राय सुझाब समितिका संयोजक भोला पासवानले भने,- प्रदेश नं.२ सरकारले ल्याएको दलित सशक्तिकरण विधेयक दलित प्रति अधिकार सम्पन्न स्वायत विधेयक( ऐन) बनाउनु पर्ने बताउनु पर्ने बताउदैं सो विधयेकद्धारा दलित समुदायको शैक्षिक, सामाजिक, रानीतिक, साँस्कृतिक अधिकार कानुनी व्यवस्था गर्नुपर्ने बताएका छन्।

दलित अधिकार परिषद प्रदेश नं. २ का सदस्य प्रथमलाल रामले 'ऐन' मा दलित विकास समिति सम्बन्धी व्यवस्थामा सामाजिक विकास मन्त्री अध्यक्ष रहने प्राबधानलाई हटाएर कम्तिमा ५ बर्ष दलित क्षेत्र विषेश योगदान दिने दलित अधिकारकर्मीलाई अध्यक्ष बनाउनु पर्ने बताएका छन्।

जिल्ला समन्वय समिति सप्तरीकी सदस्य गिता देवी खंगले भनीन्- विधेयकमा नि:शुल्क शिक्षाको व्यवस्था समेत खुलासा नभएकोले त्यसलाई स्पष्ट गर्नुपर्ने हुन्छ। राष्ट्रिय जनता पार्टीका दलिथ नेता श्याम सरदारले भने प्रदेश नं.२ सरकारले ल्याएको दलित सशक्तिकरण विधेयकमा प्रत्येक समितिमा दलितको अगुवाई हुनुपर्ने,सो विधेयकको समितिमा आर्थिक तथा प्रशासनिक खर्च व्यवस्था मिलाउनु पर्ने र प्रादेशिक समितिमा आठवटै जिल्लाबाट एउटा दलित प्रतिनिधित्व हुनुपर्ने व्यवस्था उल्लेख गनुपर्ने बताएका छन्।

दलित अगुवाहरूले दलित सशक्तिकरण ऐनमा दण्ड सजायको व्यवस्था तथा सिफारिस गर्ने समेत उल्लेख नभएको भन्दै असन्तुष्टि जनाएका छन्। उनीहरूले प्रस्तुत 'ऐन'मा स्वस्थ्य क्षेत्रमा विशेष व्यवस्था गर्नुपर्ने प्रावधान भएपनि कति प्रतिशत गर्ने उल्लेख नभएकोले उल्लेख गर्नुपर्ने बताएका छन्। 'दलित सशक्तिकरण ऐन २०७५' माथि राष्ट्रिय दलित आयोगका पूर्व सदस्य बौवालाल शर्मा,नेपाल राष्ट्रिय समाजका जगजिवन राम,दलित अधिकार परिषदका सदस्य राजेन्द्र विश्वकर्मा तथा दलित अगुवा नथुनी पासवान,मनाज मैहतर लगायतले राय सुझाव दिएका थिए।

**राय सुझाव समिति गठन**

प्रदेश नं. २ का सरकारले श्रावण १३ गते जनकपुरमा दलित अधिकारकर्मीहरूलाई बोलाएर ल्याउन लागेको प्रदेश सरकारले 'प्रदेश नं २ दलित सशक्तिकरण ऐन २०७५' मा राय सुझाव दिनका लागि आग्रह गरेको थियो। दलित अगुवाहरूले प्रदेश सरकारले ल्याएको 'ऐन'माथि टिप्पणी हुन थालेपछि प्रदेशका महान्यायधिवक्ता दीपेन्द्र झाले समिति गठन गरी १५ दिन भित्र राय सुझाव मागेका छन्। राय सुझाव संकलनका लागि भोला पासमानको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरिएको हो। समितिमा विनोद महरा, राज किशोर रजक, अम्बिका विश्वकर्मा, हरिनन्दन कुमार रजक, चन्देश्वर सादा, शान्ति पासमान रहेका छन्। उनीहरूले लिखित रूपमा राय सुझाव प्रस्तुत गर्नेछ।

## दलित परिवारलाई सोलर बत्ति वितरण

राकेश यादव, रौतहट। रौतहट जिल्लाको गौर नगरपालिका वडा नम्बर १ का दलित परिवारलाई सोलर बति वितरण गरिएको छ। १ नम्बर वडा कार्यालयमा आयोजित एक कार्यक्रममा नगरपालिका कार्यालयले उपलब्ध गराएको सोलर वड़ा अध्यक्ष भरत साहले हस्तानान्तरण गरेका हुन्। वडा अध्यक्षको कार्यकक्षमा भएको वितरण कार्यक्रममा १० जना दलित परिवारलाई सोलर दिइएको हो। स्थानीय रजिया देवी, माया देवी, छनमन्ति कुमारी देवी, जगरनाथ दास, सोहली देवी पासवान, सुमिंत्र देवी दासलाई घरमा प्रयोग गर्नका लागि सोलर दिइएको वडा अध्यक्ष साहले बताएका छन्। निर्वाचित भएदेखि नै वडाको पूर्वाधार विकास, शिक्षाको सुधार, सामाजिक विकास, बालिका शिक्षामा लगानी गर्दै आएका वडा अध्यक्ष साह गौर नगरपालिकाका सबैभन्दा जनप्रिय वडा अध्यक्षको रूपमा स्थापित हुँदै गएका छन्। शिक्षा, स्वास्थ्यको सुधार मुख्य उद्देश्य रहेको साहले बताए। अरू वडा कार्यालयले कम्प्यूटर तालिम सीमित अवधिका लागि सञ्चालन गरे पनि वडा अध्यक्ष साह पदभार सम्भालेदेखि नै अहिलेसम्म कम्प्यूटर कक्षा नि:शुल्क रूपमा नियमित सञ्चालन गर्दै आएका छन्। कम्प्यूटर तालिममा बालिकाहरू मात्र सहभागी रहेको साहले जानकारी गराएका छन्। उनले आफ्नो वार्ड नमूना र शिक्षित वडाको रूपमा स्थापित गर्ने दावी गरेका छन्।



स्थानीय सम्वाद

# वडाभित्र फोहोरको समस्या बढी छ



**राकेश गुप्ता रोशन**
**वडा अध्यक्ष**
**लहान नगरपालिका वडा नं. ७**

**० तपाईंको वडामा के–कस्ता कार्यहरू भइरहेका छन् ?**

– अघिल्लो बजेटमा निर्धारित भएर यस वडाको लागि परेका योजनाहरूको काम सम्पन्न भइसकेको छ। आब ०७५/७६ को लागि हाम्रो वडामा जुन जुन योजनाहरू परेका छन् त्यसको लागि काम कसरी अगाडि बढाउने भनेर छलफलमा छौं।

**० २०७४/७५ को बजेटमा तपाईंहरूले कति खर्च गर्न सक्नुभयो ?**

– मेरो वडाका लागि बजेट पनि थोरै थियो र १००% खर्च भयो। लहान नगरपालिकाको केही बजेट खर्च हुन नसकेर फ्रिज भएको भनेर मैले जानकारी पाएको छु।

**० आर्थिक वर्षको अन्त्यमा असारे विकास गरेर बजेट सकाउने गरिन्छ भन्ने आम जनगुनासो रहने गरेको छ नि ?**

– हाम्रो वडामा त्यस्तो जनगुनासो छैन। यो बजार क्षेत्र हो, यसमा विकासका कार्यक्रमहरू पनि सबै ठोस कार्यक्रमहरू नै रहने गरेका छन् ती सबै कामहरू हामीले निर्धारित समयमा नै सकाएका छौं। असारभन्दा पहिले नै हामीले काम सकिसकेका छौं।

**० विगतको बजेटमा तपाईंले कुन कुन विषयलाई प्राथमिकतामा राख्नुभएको थियो ?**

– हामी जितेर आउनुभन्दा पहिले कर्मचारीहरूले बजार एरिया सञ्चालन गरेका थिए। त्यतिबेलाका कामकाजमा जनताले खासै चासो नराख्ने भएको हुनाले आफ्नै हिसाबले काम कारवाही अगाडि बढेको हुन्थ्यो। अहिले जनप्रतिनिधिहरू आएपछि जनताको चासो पनि धेरै बढ्यो। यो अवस्थामा हामीले बडा भेला गराएरै कुन कुन विषयलाई मुख्य रूपमा अगाडि बढाउनुपर्छ भनेर भेलाबाट नै योजनाहरू छनोट गऱ्यौं। बजार क्षेत्रको सबैभन्दा ठूलो समस्या पानीको निकाु नहुनु देखियो। बर्खाको समयमा पानीको निकास नभएर जलमग्न हुने अवस्था आउने गर्दथ्यो। त्यसैलाई मध्यनजर गरेर गत वर्षको योजनामा पनि हामीले पानीको निकास व्यवस्थित रूपमा गर्ने कामलाई महत्व दिएका थियौं।

**यो सबै व्यवस्था जबसम्म पुरा हुँदैन तबसम्म जनताले पूर्ण रूपले स्थानीय सरकारको अनुभूति गर्न पाउँदैनन् जस्तो मलाई लाग्छ।**

**० तपाईंहरूको काम गराईबाट जनता सन्तुष्ट भएका छन् ?**

– हामीले गरेको विकास कार्यबाट कोही असन्तुष्ट छैन। तर, असन्तुष्ट हुने अर्को पाटो भने छ। सहरी क्षेत्र भएको हुनाले पनि यो क्षेत्रमा सरसफाईको एकदमै ठूलो समस्या रहेको छ, फोहर संकलन गर्ने, उठाएर लगेर व्यवस्थित गर्ने काम म्यानपावरको अभावले गर्दा हुन सकिरहेको छैन। यो विषयमा जनगुनासो रहेको छ। पहिले लहान नगरपालिकामा जम्मा १० वटा वडा मात्र थियो। अहिले थपिएर २४ वडा बनाइएको छ। नेपालमा नै सबैभन्दा पनि वडा भएको नगरपालिका लहान नगरपालिका हो। म्यानपावर चाँहि १० वटा वडामा जति थियो अहिले २४ वटा वडा हुँदा पनि त्यति नै रहेका छन्। काम बढी भयो तर म्यानपावर उतिकै नै भएको हुनाले हामीले सरसफाईमा ध्यान दिन अलि समस्या भइरहेको छ। यो विषयमा जनगुनासो पनि रहेको मैले पाएको छु।

**० चुनावको समयमा गर्नुभएको प्रतिबद्धता कसरी पूरा गर्दै हुनुहुन्छ ?**

– हामी निर्वाचित भएर आएको समय धेरै भएको छैन। छोटो समयमा जति पनि काम गऱ्यौं यो प्रतिबद्धता भित्रै रहेर काम गरेका छौं। तर सबै काम पूरा गर्न त समय लाग्छ।

**० तपाईंको मुख्य प्रतिबद्धताहरू के-के थियो ?**

– सहरलाई सफा र सुन्दर बनाउने। हाम्रो बजारक्षेत्रको बीचबाट एउटा नहर गएको छ त्यो नहरलाई व्यवस्थित गर्ने एउटा प्रतिबद्धता थियो जसको लागि बजेट आइसकेको छ अहिले बर्खाको समय भएर काम भइरहेको छैन। छिट्टै यो काम अगाडि बढ्छ। यो सहरलाई कसरी ग्रीन सिटी बनाएर लैजाने र एउटा सामाजिक सद्भाव कसरी कायम गर्ने, शैक्षिक बेरोजगारको समस्या कसरी हटाउने यी सबै विषयहरूमा हामी प्रतिबद्ध छौं। केही कुराहरू केन्द्रबाट मात्र हुन सक्छन्। त्यसमा हामीले हस्तक्षेप गर्न मिल्दैन तर स्थानीय रूपले हुने कुराहरूमा हामी काम गरिरहेका छौं।

**० स्थानीय निर्वाचन पश्चात् सिंहदरबार गाउँगाउँमा भन्ने गरिन्थ्यो। यसको अनुभूति तपाईंका वडाका जनताले गर्न पाएका छन् ?**

– छैनन्। स्थानीय सरकार सञ्चालन ऐनका अनुसार हरेक वडाको कार्यालय आफ्नै वडाभित्रै हुनुपर्ने त्यसमा अधिकृत स्तरको वडा सचिव हुनुपर्ने त्यो अधिकृतको मातहतमा ५ जना वडा स्तरकै प्राविधिक समेत गरी कर्मचारी हुने भन्ने व्यवस्था छ। यो सबै व्यवस्था जबसम्म पुरा हुँदैन तबसम्म जनताले पूर्ण रूपले स्थानीय सरकारको अनुभूति गर्न पाउँदैनन् जस्तो मलाई लाग्छ।

**० आगामी आर्थिक वर्षमा तपाईंका प्राथमिकताका विषयहरू के–के रहेका छन् ?**

– जनतालाई स्थानीय सरकारको अनुभूति गराउने मेरो पहिलो उद्देश्य हो। यसको लागि कर्मचारीको अभाव हुनुहुँदैन, कानुन प्रष्ट रूपमा आउनुपर्दछ। विकासका कार्यहरू नियमति भइरहने कामहरू हुन्। यहाँको शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत आवश्यक्ता पूरा गर्न म हर तबरले लागिरहनेछु। लाहन नगरपालिका वडा नम्बर ७ ले यसपालिको बजेट चैत्र मसान्तसम्म नै काम गरेर सकाउने लक्ष्य लिएको छ।

## शान्ति समाजका अध्यक्षलाई दिल्लीमा सौर्य अवार्ड

काठमाडौं। नेपालका युवा समाजसेवी तथा शान्ति समाज नेपालका अध्यक्ष शान्ति दिप रेग्मीलाई भारतको नयाँदिल्लीमा अल ईन्डिया सौर्य अवार्ड अर्थात अखिल भारतीय सौर्य पुरस्कार २०१८ बाट सम्मानित हुने भएका छन्। अगस्ट १२ तारिखका दिन गान्धी आर्ट ग्यालरी मेहरौली गुरगाँउ रोड स्थित एक बिशेष समारोह बिच सम्मानित हुने भएका छन्। भारतीय स्वतन्त्रता दिवसको उपलक्ष्यमा सो पुरस्कार घोषणा हुनेछ। नेपालबाट उनी पहिलो पटक सम्मानित हुने समाजसेवी हुन्। यसभन्दा अगाडी कुनै नेपालीले यो सम्मान प्राप्त गरेका छैनन्। सामाजिक सस्था अग्निपथद्वारा यो सम्मान नेपाली युवा समाजसेवीलाई मनोनयन गरिएको छ। नेपालमा समाजसेवा मार्फतआफूलाई अगाडि बढाउँदै समाजमा अपाङ्गता भएका महिलाहरूलाई सीपमुलक तालिम सिलाई, कटाई, ब्युटि पार्लर लगायतका तालिम नियमित रूपमा दिई उनीहरूलाई रोजगारी सृजना गरिरहेका छन्। हालसम्ममा उनको संस्थाबाट करिव ५ सय जनाले विभिन्न किसिमका तालिम लिइसकेका छन् भने दश जनाले आफै ब्यवसाय गरी रोजगारीसमेत सृजना गरेका छन्। उनले नेपालमा आएको भुकम्प र विभिन्न शीतलहर पीडितलाई न्यानो कपडा सकंलन गरि सम्वन्धित ठाउमा गई बितरण गर्ने गरेका छन् भने बिभिन्न समयमा राहत लगायत समाग्रीहरू पनि बितरण गरेका छन् भने उनलाई बिभिन्न १५ देशबाट सम्मान तथा पुरस्कार हरू पनि प्राप्त भएका छन्। उनले कर्णालीमा जाडो समयमा न्यानो कपडा बितरण गर्नका लागि आफुले प्रयोग गर्दे आएको टीभी र दराज समेत बिक्री गरि सो कपडा कर्णाली पठाए हाल सम्म उनले एघार सय जनालाई न्यानो कपडा बितरण गरेका छन्। अग्नीपथ संस्थाका अध्यक्ष महेन्द्र कुमार लुथरा का अनुसार सम्मान कार्यक्रममा भारतका बिभिन्न पन्ध्र राज्यका ७१ जना समाजेवी सम्मान गरिने छ भने नेपालबाट शान्ति दिप रेग्मी एक्ला समाजसेवी हुन्।

## विश्व परिवेश

# जनरलहरूले पत्रकारहरूलाई राष्ट्रघाती भन्न थाले

**मंजुर अहमद**




पाकिस्तानी सेनाका जनरलहरूले अहमदी, शिया, बलोच, हजरा, हिन्दु, इसाई, केही सिन्धी र पस्तुन समुदायकाहरूलाई राष्ट्रघाती घोषित गर्दै पहिला प्रतिबन्धित गरेपछि अब अन्याय र अत्याचारका विरूद्ध आवाज उठाउने पत्रकारहरूलाई समेत राष्ट्रघाती घोषित गर्न थालेका छन् ? अझ हास्यास्पद कुरो के भने आतंकवादीहरूका नाईके हाफिज सईद जस्तालाई तीनै जनरलहरूले देशभक्त समेत भन्न थालेका छन् । हालै पाकिस्तानी सेनाको सूचना संकाय र अन्तर जनसम्पर्क सेवाको लेफ्टिनेन्ट जनरल स्तरका एक महानिर्देशकले वरिष्ठ पत्रकारहरूले तिनीहरूले भने अनुसारको प्रचारबाजी नगरी दिएपछि वरिष्ठ पत्रकारहरूलाई राष्ट्रविरोधी भनेका थिए । सेनाद्धारा सञ्चालित सुरक्षा बल र अन्य निकायहरूको काम कारवाहीहरूको आलोचना गरेका ब्रिटिश पाकिस्तानी नागरिकसहित दुई जना पत्रकारहरूको अज्ञात व्यक्तिहरूद्धारा अपहरण पश्चात् सेनाका जनरलले त्यस्तो गुनासो पोखेका थिए । हुन त दुबै पत्रकारलाई केही घण्टा थुनामा राखेपछि मुक्त गरेको थियो । तर पनि त्यस्तो गर्नुको उद्देश्य अज्ञात व्यक्तिहरू मार्फत पत्रकारहरूको अपहरण गराउनुबाट सेनाका जनरलहरू नै त्यस्तो गराउने अज्ञात समूहको संरक्षक रहेको र त्यस्तो फोहोरी खेलमा सेनाकै हात रहेको हुन आउँछ । डाँन जस्तो प्रतिष्ठित पत्रिका लगायत अन्य समाचारपत्रहरूले सेनाको गलत काम-कारवाहीहरूको आलोचना र तिनीहरूले भने अनुरूप नगरेको कारण ती पत्रिकाहरूले वितरण कार्यलाई सेनाले अवरोधित पारीदिएको कुरो कम दु:खद होइन ।

यस महिनाको शुरूमै आफ्नो स्टुडियो कार्यक्रम संचालन गर्न जान लागेकी एक टेलिभिजन विश्लेषिका तथा समाचारपत्रहरूका स्तम्भकार गुल बुखारीलाई आधी रात भन्दा केही अगाडी केही अज्ञात समूहले अपहरण गरेर लगेको केही घण्टा पछि मात्र मुक्त गरेको थियो भने अर्को टेलिभिजन 'बोल' का संचालक अस्साद खारललाई समेत लाहौर विमानस्थलबाट निस्केपछि अज्ञात व्यक्तिहरूले केही घण्टा भित्रै अपहरण पश्चात् छाडेको थियो । आगामी आम निर्वाचनभन्दा अगाडि हुने गरेका यस प्रकारका घटनाहरूले पत्रकारहरू असुरक्षित महशुश गर्न थालेका छन् । खास गरिकन जनरल परवेज मुशर्रफले आन्तरिकस्तरदेखि वैदेशिकस्तर समेतमा निरन्तर रूपले नीति-नियम विपरीतका वक्तव्य दिएपछि संचारमाध्यमहरूले उनको भर्त्सना गरेपछि मात्र जनरलहरूले पत्रकारहरूलाई समात्ने गरेका छन् र मुशर्रफले त्यसपछि एक सामान्य अपराधी जस्तै देश र सेनासमेतलाई छाडेर गएका थिए । मुशर्रफको कार्यकालमा सेनाले जनसाधारणको आस्था गुमाउनु परेको थियो । त्यसैले, जनरलहरूले सामाजिक र पारम्परिक संचारमाध्यमहरू मार्फत हुने गरेको टिप्पणीले गर्दा पत्रकारहरूमाथि हुने गरेको त्यस प्रकारको गतिविधिको पुनरावृत्ति गर्नु हुँदैन ? जनरलहरूले मानव अधिकारकर्मी लगायतका अन्य त्यस्ता व्यक्तिहरूलाई लक्षित गरेर पत्रकारहरूलाई विभिन्न प्रकारले यातना दिने जस्ता प्रताडनापूर्ण कारबाही गर्नु हुँदैन किनकी विगतमा पनि प्रख्यात पत्रकार हमीद मीरसाथ सेनाले त्यस्तै व्यवहार गरेको थियो भने केही हत्या गर्ने, थुनामा राख्ने जस्ता कार्य गरेको थियो । आगामी निर्वाचन अगाडि जनरलहरूबाट त्यस प्रकारका क्रियाकलाप झन् बढ्न गएको छ ।

गुमनाम समुदाय मार्फत संचारकर्मीहरूलाई दबाब दिने र परेशान गर्ने सम्बन्धी फ्रिडम नेटवर्क भन्ने अग्रणी संचारमाध्यमको अन्तिम प्रतिवेदनमा त्यस्ता १५७ वटा घटनाहरूको उल्लेख गरिएको छ । जसमा ५ जना पत्रकारको हत्या, ११ जनाको अपहरण, ३९ जनालाई अनियमित रूपमा थुनेको, ५८ जनालाई शारिरीक यातना दिने र बेपत्ता पार्ने तथा २३ जनालाई मौखिक र लिखित रूपमा चुनौती दिने कार्य रहेको छ । त्यस प्रतिवेदनमा इस्लामावादलाई पत्रकारहरूका लागि सबभन्दा चुनौतीपूर्ण र खतरनाक ठाउँ रहेको छ भने संघीय राजधानीमा त्यस्ता उल्लेखनीय कार्य जम्मा ३५ % वा ५५ भएको उल्लेख गरिएको छ ।

सम्पादक तथा संचार व्यवसायीहरूको विश्वासमाथि संगठन 'इन्टरनेशनल प्रेस इन्स्टीच्युट' ले पाकिस्तान सरकारलाई लेखेको पत्रमा यसरी उल्लेख गरेको थियो - 'थुप्रै समाचारपत्रका सम्पादकहरूलाई समाचारपत्रहरूको स्तम्भ कटौती गर्न बाध्य पारिएको थियो । प्रतिवेदनमा ठूलो महानगरीय क्षेत्र तथा मध्यम प्रकृतिका नगरहरूमा दिनहुँ हस्तक्षेप गर्ने गरिन्थ्यो । पाकिस्तान इलेक्ट्रोनिक मिडिया रेगुलेटरी अथरिटी जी.इ.ओ समाचार चैनलहरू तथा डाँन समाचारपत्रलाई श्रोतामाझ पुग्न नदिने कार्य नियमित रूपमा गर्ने गरिन्थ्यो । पाकिस्तान मानव अधिकार आयोगले - आम निर्वाचनको दुई महिनाभन्दा कम समय रहे पनि अज्ञात समूहद्धारा खासगरीकन पत्रकारहरू र समाजसेवीहरूमाथि गरिने आक्रमण पश्चात् पनि उनीहरूलाई राष्ट्रविरोधी भन्न जायज हुन्छ ? शारिरीक सुरक्षाको अभावमा के निर्वाचनलाई सुरक्षित रूपमा संचालन गरेर देशमा स्पष्ट लोकतान्त्रिक प्रक्रियालाई संरक्षित गर्न सकिन्छ ? त्यस्ता प्रकारका अतिरिक्त संवैधानिक प्रयोगद्धारा नागरिकलाई हतोत्साहित पार्ने क्रमको हामी घोर र तीव्र भर्त्सना गर्दछौं । भन्ने अभिव्यक्ति समेत सार्वजनिक गरेको छ । डाँनले आफ्नो सम्पादकीयमार्फत समेत पाकिस्तानको संचारमाध्यम र संचारकर्मीहरूमाथि कालो बादल छाएको छ र वर्षौंदेखि मारिदै आएकाहरू मध्ये मात्र तीन हत्यारालाई दोषी ठहऱ्याएको समाचार सम्प्रेषित गर्दै जनरलहरूले खुलेर पत्रकारहरूलाई धम्काउने र तर्साउँदै गम्भीर प्रकृतिको सजाय दिने प्रसंगले सेनाका जनरलहरूले पत्रकारहरूलाई राष्ट्रघाती घोषित गर्ने गरेको पुष्टि हुन आउँछ ?

*– एजेन्सीको सहयोगमा*

# डेढ महिनापछि नेपाल-भारत पशुपतिमैत्री धर्मशाला सञ्चालन हुने

काठमाडौं । नेपाल-भारत पशुपतिमैत्री धर्मशाला निर्माण सम्पन्न हुने चरणमा पुगेको छ । शिलान्यास भएर १६ वर्षसम्म बन्न नसकेको धर्मशाला विसं २०७१ साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदीको पशुपतिनाथ मन्दिरमा दर्शन एवं विशेष पूजासहितको भ्रमणपछि अघि बढेको थियो । हाल रंग रोगन, बत्ती, धारा जडानलगायत केही प्राविधिक काम मात्र बाँकी रहेको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा प्रदीप ढकालले जानकारी दिए । मैत्री धर्मशालाको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्रप्रसाद अधिकारी, पूर्वसांसद डा राजन भट्टराई, नेपालका लागि भारतीय राजदूत मञ्जिभसिंह पुरी, काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य, महानगरपालिका वडा नं ८ का अध्यक्ष दीनेश डंगोललगायतले निरीक्षण गरेका छन् । तीनतारे होटलको सुविधा हुनेगरी निर्माण गरिएको धर्मशालाका लागि भारत सरकारले रू २२ करोड सहयोग गरेको कोषले जनाएको छ । धर्मशाला निर्माणपछि नेपाल, भारतलगायत तेस्रो मुलुकका धार्मिक पर्यटकलाई पनि 'टुर प्याकेज' मा यात्रा गराउन सकिने विश्वास गरिएको छ । तिलगंगा आँखा अस्पतालको दक्षिण पश्चिम भागको १० रोपनी क्षेत्रफलमा निर्माण भएको धर्मशालामा तीन चोक, तीन तला र ५९ कोठा छन् । चार कोठा विशिष्ट व्यक्तिका लागि बनाइएको छ ।

धर्मशालामा एकैपटक ४०० तीर्थयात्री बस्न सक्नेछन् । यसले गर्दा नेपालको धार्मिक एवं आध्यात्मिक पर्यटन प्रवर्द्धन हुने विश्वास गरिएको कोषका सदस्य सचिव डा ढकालले बताए । "डेढ महिनामा रंगरोगनलगायत पानी, बत्ती जडानको काम सकेर मैत्री धर्मशाला उद्घाटन हुनेछ, सञ्चालनमा आएपछि धार्मिक पर्यटकका लागि सुविधा बढ्ने विश्वास छ, योभन्दा सुविधा सम्पन्न अर्को धर्मशाला तिलगंगा क्षेत्रमै निर्माणका लागि गृहकार्य भइरहेको छ", उनले भने । धर्मशालाको निर्माणपछि निम्न वर्ग र निम्न मध्यम वर्गका यात्री पनि बस्न सक्नेगरी सहुलियतको व्यवस्था गरिने कोषले जनाएको छ । हाल पशुपति दर्शनमा आउने धार्मिक पर्यटकलाई सुविधा सम्पन्न धर्मशालाको व्यवस्था नहुँदा महंगो होटलमा बस्न बाध्य हुने गरेका छन् । विसं २०५८ देखि विभिन्न व्यक्तित्वले चारपटक धर्मशालाको शिलान्यास गरेका थिए । जसमा शंकराचार्य जयन्द्र सरस्वती र राष्ट्रियसभाका पूर्वअध्यक्ष बेनीबहादुर कार्कीलगायत थिए । गत चैतमै निर्माण सम्पन्न हुने भनिए पनि केही काम बाँकी रहेकाले भदौसम्ममा सकिने जनाइएको छ । धर्मशाला निर्माणको ठेक्का रमण/लामा जेभीले पाएको थियो । नेपाली शैलीमा निर्माण हुने धर्मशालामा मल्लकालीन रातो इँटा 'दचि अपा' को प्रयोग गरिएको कोषले जनाएको छ । निरीक्षणपछि मन्त्री अधिकारीले धर्मशालासम्म जाने सडक मर्मतका लागि सडक विभागका महानिर्देशक रवीन्द्रनाथ श्रेष्ठ र ढल निर्माणका लागि खानेपानी तथा ढल निकास विभागलाई निर्देशन दिए ।

## भारतद्वारा दुई अर्बभन्दा बढी पुनर्भुक्तानी



काठमाडौं । भूकम्पपछिको पुन:निर्माणका निम्ति भारत सरकारले अनुदान सहायता उपलब्ध गराउने प्रतिबद्धताअनुरूप रू दुई अर्ब १० करोड ४३ लाख प्रदान गरेको छ । अर्थमन्त्री युवराज खतिवडाको उपस्थितिमा अर्थमन्त्रालयमा आयोजित एक कार्यक्रममा नेपालका लागि भारतका राजदूत मञ्जिभसिंह पुरीले अर्थसचिव राजन खनाललाई उक्त रकमको चेक हस्तान्तरण गरे । गोरखा र नुवाकोटका ४२ हजार ८६ वटा निजी घर निर्माणका निम्ति अनुदानस्वरूप उक्त रकम नेपाल सरकारलाई पुनर्भुक्तानी भएको हो ।

त्यस अवसरमा राजदूत पुरीले शताब्दीऔं पुरानो नेपाल-भारत सम्बन्ध प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल र उहाँका नेपाली समकक्षी प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणबाट नयाँ उचाइमा पुगेको बताए । 'समृद्ध नेपाल सुखी नेपाली' बनाउने वर्तमान सरकारको लक्ष्य प्राप्तिमा भारतले हरसम्भव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले दुई देशबीच भएका सम्झौता इमान्दारीपूर्वक कार्यान्वयन गर्न भारत दृढ रहेको पनि बताए ।

## सीमा क्षेत्रमा सशस्त्र प्रहरीको उच्च सतर्कता

काठमाडौं । भारतसँग सिमाना जोडिएको पश्चिम नवलपरासीको नेपाल-भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालयले उच्च सतर्कता अपनाएको जनाएको छ । सीमा क्षेत्रमा शान्ति सुरक्षासहित दशगजा क्षेत्रको अतिक्रमण रोक्ने र सीमा स्तम्भ (पिलर) को समेत रेखदेखका साथै आपराधिक क्रियाकलाप, चोरी तथा तस्करी नियन्त्रणका लागि उच्च सतर्कता अपनाइएको सशस्त्र प्रहरी उपरीक्षक गाहारधन राईले जानकारी दिए । करीब २८ किलोमिटर दूरीमा रहेको नवलपरासी पश्चिम जिल्लाको नेपाल-भारत क्षेत्रमा पश्चिममा सनईदेखि पूर्वमा सुस्तासम्म गरी कूल १६ वटा सीमा स्तम्भ छन् । नेपाल-भारत सीमा क्षेत्रमा देखिएको आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने स्थानीय प्रशासनको मुख्य दायित्व भएकाले सबै सुरक्षा निकायसँग समन्वय गरी सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेले जानकारी दिए । पूर्वी नवलपरासी र पश्चिम नवलपरासीको समेत कार्य क्षेत्र रहेको सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय बेलासपुरअन्तर्गत जिल्ला कमाण्ड पोष्ट एक, अस्थायी पोष्ट एक, बिओपी तीन, औद्योगिक सुरक्षा बेस दुई र सुरक्षा बेस तीन छन् ।

"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## जिल्ला समाचार

### "सम्मान गर्ने परिपाटीको अन्त्य भएको छ"

चन्द्रकान्त खनाल, रूपन्देही । वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितले मानविय सेवा नै सबैभन्दा ठुलो समाजसेवा भएको बताएका छन् । कर्मयोगी, धर्मपाल, बरिष्ठ समाजसेवी स्व. गणेशमान सैंजुको प्रथम स्मृति जयन्तीका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै पुर्वमन्त्री प्रश्रितले मानवले मानवलाई सम्मान गर्ने परिपाटीको अन्त्य भएकोमा चिन्ता व्यक्त गरे । स्व. गणेशमान सैंजुको निस्वार्थ समाजसेवाको स्मरण गर्दै उनले शिक्षा, स्वास्थ्य लगाएतका क्षेत्रमा अविछिन्न सेवा गर्नुका साथै नारीलाई सम्मान गर्ने, लागु पदार्थ बिरोधी अभियान संचालन गर्ने, गरिब जेहन्दार बिद्यार्थीलाई छात्रबृत्ती प्रदान गर्ने आदी कार्य गरेर अरूलाई अनुसरण गर्ने अवसर समेत प्रदान गरेको बताए । स्व. सैंजुको समाजसेवा अनुकरसणय र सच्चा जिवनको कर्मयोग भएको वताएका छन । मानविय सेवा, त्याग र समर्पण मानव जिवनका अमुल्य सम्पत्ती भएको चर्चा गर्दै प्रश्रितले आफुभन्दा कम भाग्यमानीको सेवा गर्नु नै सच्चा समाज सेवा भएको बताए ।

### मुख्यमन्त्री कार्यालयमा चटचाङ प्रतिरोधात्मक संयन्त्र

विराटनगर । प्रदेश नं १ का मुख्यमन्त्रीको कार्यालय विराटनगर-१२ मा चटचाङ प्रतिरोधात्मक संयन्त्र जडान गर्ने कार्यको तयारी पूरा भएको छ । गृह मन्त्रालय र एडीपीसीद्वारा संयुक्त रूपमा जडान गर्ने उक्त संयन्त्रबाट कार्यालयको चटचाङ पर्दा जोखिमबाट मुक्त हुने जनाइएको छ । नेपालको दक्षिण पूर्वी तराई र चुरे क्षेत्रमा चटचाङको जोखिम ज्यादा हुने र यसबाट जनधनको क्षति दिनप्रतिदिन वृद्धि भइरहेकाले यस प्रकारको चटचाङ प्रतिरोधात्मक संयन्त्र जडान आवश्यक रहेको छ । घरको आकार अनुसार उक्त सयन्त्रको मूल्य न्यूनतम रू ३ हजारदेखि रू ५० हजार रहेको छ । चटचाङ विशेषज्ञ डा श्रीराम शर्माले नेपालमा प्रत्येक वर्ष २०० जनाको मृत्यु चटचाङको कारणले हुने गरेको बताउँदै यसबाट मृत्यु हुने चौपाया र भौतिक क्षतिको मूल्याङकन अत्यधिक रहेको छ भने । उनले नेपालमा चैत महिना देखि साउनसम्म दिउँसो ४ बजेदेखि ८ बजेसम्म चटचाङ पर्ने भएकाले सो समयमा कोठाभित्र बसेमा सुरक्षित हुने बताए ।

### गायन क्षेत्रमा धुम मच्चाउँदै श्रुति

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बस्ने श्रुति वर्माले १४ वर्षको कलिलो उमेरबाट गीत संगित तथा गायन क्षेत्रमा प्रवेश गरेकी छिन् । उनका केही गीत सामाजिक सञ्जाल फेसबुक, टुइटर, युटुब, इन्सटाग्राम जस्ता सञ्जालमा पोष्ट भएपछि एकाएक नेपाल भारत लगयात अन्य देशमा भाईरल बनेको छ । यसले उनको गायकीपनको चर्चा तारिफ बटुलेको छ । उनी कपिलवस्तुको श्री तिलौराकोट माध्यमिक विद्यालय, गोबरीका शिक्षक सजय कुमार बर्माको छोरी हुन् । उनका गीतले अहिले लाखौंको मन जितेको छ । कक्षा १० मा अध्ययनरत वर्माले अधिकांश गीत हिन्दीमा गाएकी छिन् । तर, स्रोताको माग नेपाली भाषामा भएको हुँदा उनी नेपाली गीतहरू पनि अभ्यास गरिरहेकी छिन् । चाडैं नै नेपाली गीत पनि सुन्न पाइन्छ उनी बाल्यकालदेखि नै गायनमा लागेकी छिन् । मिठो स्वरकी धनी बर्माले गायन क्षेत्रबाट कपिलवस्तु जिल्लाको नाम राख्न चाहेको बताइन् ।

### सिकलसेलको नि:शुल्क परीक्षण

नेपालगन्ज । स्थानीय भेरी अञ्चल अस्पतालले विशेषत: थारू समुदायमा हुने सिकलसेल एनिमियाको नि:शुल्क परीक्षण शुरू गरेको छ । अस्पतालले यसअघि सिकलसेल परीक्षणका लागि प्रतिव्यक्ति रू एक हजार शुल्क लिँदै आएको थियो । सिकलसेल एनिमियाका कारण बिरामी र तिनका परिवारको आर्थिक अवस्थालाई ख्याल गरेर नि:शुल्क जाँचको व्यवस्था मिलाइएको सो अस्पतालका प्रमुख डा.प्रकाशबहादुर थापाले बताए । यसअघि सो अस्पतालले सिकलसेल एनिमिया भएका प्रत्येक एक जनाबाट रू एक लाख बराबरको नि:शुल्क उपचार सेवा दिँदै आएको थियो ।

### बस्तीको व्यवस्थापन गरिने : मुख्यमन्त्री राई

विराटनगर । प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले भौगोलिक जोखिममा रहेका मानव बस्तीलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्न प्रदेश सरकार सचेत रहेको बताएका छन् । गृहमन्त्रालय र प्रदेश नं १ को आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रूपमा सोमबार यहाँ आयोजित विपद् जोखिम न्यूनीकरण व्यवस्थापनसम्बन्धी छलफल कार्यक्रममा उनले प्राकृतिक विपद्बाट यस क्षेत्रका जनतालाई सुरक्षित राख्न आवश्यक सामग्रीको भण्डारणका लागि गोदामलगायतका सम्पूर्ण तयारी गरिएको बताए । मुख्यमन्त्री राईले सरकारले प्रदेशमा आइपर्ने विभिन्न जोखिमको न्यूनीकरणका लागि संघीय तथा स्थानीय सरकारको सहयोगमा कार्य गर्ने बताउँदै सम्भावित जोखिम क्षेत्रमा आवश्यक पर्ने जस्तोसुकै सहयोगका लागि तयारी अवस्थामा रहेको धारणा व्यक्त गरे । उनले प्रदेश सरकार विपद् व्यवस्थापनका लागि मुख्यमन्त्री प्राकृतिक विपद् सहयोग कोषसमेत खडा गरिएको जानकारी दिँदै प्राकृतिक प्रकोपलगायत अन्य जोखिम व्यवस्थापनका लागि सबै पक्षसँग आवश्यक छलफल गरिरहेको बताए ।

### ५९ सीमास्तम्भ पुन:निर्माण

तुलसीपुर । दाङको नेपाल-भारत सीमाक्षेत्रमा ५९ वटा सीमास्तम्भ पुन:निर्माण गरिएको छ । तीन वर्षअघि नेपाल र भारतको संयुक्त टोलीले सीमास्तम्भ पुन:निर्माणको काम शुरू गरेको हो । इँटा र सिमेन्टले बनाएका सीमास्तम्भ भत्किन थालेपछि पुन:निर्माण थालिएको थियो । दुवै देशको सहमतिमा जीर्ण भएका ती सीमास्तम्भ पुन:निर्माण गरिएको प्रमुख जिल्ला अधिकारी गजेन्द्रबहादुर श्रेष्ठले जानकारी दिए । "अब पाँचवटा सीमास्तम्भ पुन:निर्माण गर्न बाँकी छ," उनले भने । नेपाल र भारतको सहमतिमा नेपालतर्फ बिजोर तथा भारततर्फ जोर नम्बरका सीमास्तम्भ पुन:निर्माण गरिएको हो । नेपालले १४ वटा मुख्य तथा २१ वटा सहायक सीमास्तम्भ पुन:निर्माण गरेको हो । "नेपालले अब चारवटा मुख्य र एउटा सहायक सीमास्तम्भ पुन:निर्माण गर्न बाँकी छ," सीमा सुरक्षाबल अर्जुनखोलाका सशस्त्र प्रहरी उपरीक्षक तुलसीराम दाहालले भने । भारतसीत जोडिएको दाङको ८३ किलोमिटर सीमामा ३७ मुख्यसहित ७७ सीमास्तम्भ रहेका छन् ।

### ट्राफिक व्यवस्थापन अस्तव्यस्त

वीरगञ्ज । केही समययता पर्साको ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएको छ । सडक पेटीको अभाव, जथाभावी चौपाया छोड्नु, पैदल यात्रीमा ट्राफिक नियमको चेतना नहुनु, जथाभावी सवारीसाधन पार्किङ गर्नु, सडकपेटीमा फुटकर व्यापार गर्नु, सडक नै ढाकेर राजनीतिक तथा धार्मिक कार्यक्रम गर्नुजस्ता कारणले पर्साको ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको छ । दुर्घटना नियन्त्रण, न्यूनीकरण, रोकथाम तथा सर्वसाधारणलाई ट्राफिक ऐन नियमको पालना गर्न गराउन जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले विशेष अभियान सञ्चालनमा ल्याएको छ । वीरगञ्जको घण्टाघरदेखि नारायणी उपक्षेत्रीय अस्पतालसम्म व्यवस्थित पार्किङ, धार्मिकस्थल माईस्थानको अगाडि ठेला तथा फुटकर व्यापारीलाई हटाउने, निश्चित ठाउँमा पार्किङको व्यवस्था गरिएको छ । सवारी नियमको पालना नगरी जथाभावी सवारी पार्किङ गरिएको भेटिएमा कारवाही गरी जरिबाना गर्नेजस्ता ट्राफिक व्यवस्थापनसम्बन्धी कार्ययोजना बनाएर अघि बढी रहेको ट्राफिक प्रहरी निरीक्षक सुरेशकुमार शाहले बताए ।

### वेदको गलत परिभाषा गर्नुहुन्न : मन्त्री बराल

रूपन्देही । प्रदेश ५ सरकारका सामाजिक विकासमन्त्री सुदर्शन बरालले कतिपयले वेदको गलत परिभाषा गर्दा हिन्दुधर्मप्रती वितृष्णा पैदा भएको बताएका छन् । इ-सेवा समाज नेपालको प्रथम साधारणसभाको सोमबार बुटवलमा उद्घाटन गर्दै उनले कतिपय पण्डितहरूले वेदको व्याख्या सहि रूपमा गर्न नसकेको समाजमा कुरीति कायम रहेको बताएका छन् । उनले समाजमा विद्यमान कुरितिलाई अन्त्य गर्न सरकार प्रतिवद्ध रहेको उल्लेख गरे । मन्त्री बरालले प्रदेश सरकारले कुरिति विरूद्धको अभियानमा साथ दिनेलाई प्रोत्साहन गर्ने पनि समेत बताए । कार्यक्रममा पूर्व सभाषद विनोद पहाडीले दलित समुदायले नयाँ नयाँ कामको थालनी गरेर गैरदलितसँग प्रतिस्पर्धा गर्नुपर्ने बताए । उनले पहिचानसहितको आन्दोलनमा अगाडि बढ्पर्ने वताए । कार्यक्रममा इसेवा समाजका अध्यक्ष सुनिल खड्काले इसेवा समाज समानताका पक्षमा सबैका लागि भनेर खोलिएको संस्था भएको बताए ।

### पत्रकारमाथि दुर्व्यवहार

कपिलवस्तु । नेपाल विद्युत प्राधिकरण तौलिहवा वितरण केन्द्रका प्रमुख हिमांशु कुमार यादवले पत्रकार खगप्रसाद चापागाईलाई दुर्व्यवहार गरेका छन् । वितरण केन्द्रले गत आर्थिक बर्षमा ट्रान्सफर्मर वितरण गर्दा र कार्यालयले वितरण गरेको कोटेशनमा अनियमितता भएको जन गुनासोका आधारमा गत श्रावण २ गते कार्यालयमा सूचनाको हक अनुसार गत आवको ट्रान्सफर्मर बितरण गर्दा र कार्यालयले बितरण गरेको कोटेशनको संख्या र भुक्तानीको अवस्था बारेको सुचना माग्दै निवेदन दिएका थिए । पत्रकार चापागाईले दिएको निवेदनमा बितरण केन्द्र प्रमुखले तोक नलाउदा निवेदन दर्ता नभएकाले तोकका लागी प्रमुखको कार्यकक्षमा पुग्दा प्रमुख यादवले सुचना दिन नमिल्ने भन्दै दुर्व्यवहार गरेका थिए । आफनो पहुच केन्द्र सम्म रहेको बताउदै सुचना नदिने र सुचना मागे कुटेर ठिक पार्ने उनले चेतावनी दिएका थिए ।

### कैलालीमा ५७ प्रतिशत मुद्दा फर्छ्योट

धनगढी । कैलाली जिल्ला अदालतले एक हजार सात सय ७६ मुद्दा मध्ये नौ ९२ मुद्दा फर्छ्योट गरेको छ । आर्थिक वर्ष २०७४/७५ मा ५७ प्रतिशत मुद्दा फछ्र्योट गरेको कैलाली अदालतका श्रेष्तेदार इन्द्रबहादुर कठायतले जानकारी दिए । कैलाली जिल्लामा आर्थिक वर्ष २०७५/७५ मा देवानीका चार सय ,फौजदारीका सात सय ७० ,निषेधाज्ञाका २० गरेर एक हजार एक सय ९० र आर्थिक वर्ष २०७३/७४ बाट जिम्मेवारी सरेर आएका पाँच सय ८६ गरी एक हजार सात सय ७६ मुद्दा दर्ता भएका थिए । अदालतले देवानीका तीन सय २८ फौजदारीका छ सय ५१ , निषेधाज्ञाका १७ र विविध दुईवटा मुद्दा फछ्र्योट गरेको छ । अदालतले देवानीका तीन सय ४६ ,फौजदारीका चार सय १६ ,निषेधाज्ञाका १५ र विविध एक गरी सात सय ७८ मुद्दा फछ्र्योट हुन बाँकी छन् ।

### सवारी दुर्घटनामा मृत्यु

धनुषा । मिथिला नगरपालिका६ स्थित ज. ११ प ६४३८ नम्बरको मोटरसाइकलले मंगलबार साईकलयात्री सोही ठाँउ बस्ने ५० वर्षीय भोला महतोलाई ठक्कर दिँदा घाइते भएकाले उपचारको लागि विराटनगर लैजाने क्रममा बाटोमै मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकलमा सवार सोही नगरपालिका(१० बस्ने २२ वर्षीय सौरभ श्रेष्ठ घाइते भएकाले उपचारार्थ बर्दिवास महोत्तरी लगिएको छ । मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रधानमन्त्री केपी ओलीले डा. केसीलाई स्वास्थ्य शिक्षामा सुधार गर्न चिकित्सा शिक्षा आयोगकै अध्यक्ष बन्न आग्रह गर्नुभएको छ। यो त, मधेशीलाई उप.प्रम बनाएर संविधान संशोधनको कुरा गरे झै भयो। **जेपी गुप्ता**

पाकिस्तानको चुनावी नतिजाले पनि बिश्वब्यापी रूपमा आ-आफ्नो सापेक्षतामा नयाँ र बैकल्पिक राजनीतिक शक्तिको उदय हुने हाम्रो विश्लेषणलाई सही सावित गरेको छ। दुर्भाग्य नेपालमा हामीले अपेक्षित प्रदर्शन गर्न सकेनौं। तर अब दृढ र एकतावद्ध हौं, देशलाई नयाँ विकल्प झन् बढी आवश्यक देखिन थालेको छ। **डम्बर खतिवडा**

नेपालमा सरकारी वन क्षेत्र रहेसम्म सुकुम्बासी समस्या समाधान हुँदैन। यो नेभर इन्डिङ प्रोबलेम हाम्रा नेताजिहरूको लागि भोट पाउने रामबाण र सदाबहार चुनावी नारा हो। वन क्षेत्र र सुकुम्बासी समस्या एक ठाउँमा राखेर समाधान हुनसक्दैन। चुरे संरक्षण, वन संरक्षण गर्ने हो भने पहिलो चरणमा अबैध बस्ती हटाउनैपर्छ। **सुरेश शर्मा**

सत्तालाई परम सत्य,'कुर्ची'लाई परम सुख र 'शक्ति'लाई परम आनन्द ठान्नेहरूले जनता र नागरिक समाजलाई भेडै ठान्दा रैछन्। त्यसैले त समाजमा 'भेडिया धसान'का पात्रहरू धेरै भेटिने गर्छ। कोही भेडा बथानको पछिपछि र कोही टमटमका घोडा झै अघिअघि छन्। यसले न त देश उभो लाग्छ, न समाज उन्नत बन्न सक्छ। **दिनेश यादव**

यो छैटौं पटक हो। सिरहा सदरमुकामको नाला (ढल) को सफाई। प्रत्येक वर्ष ३ देखि ५ लाख नाला सफाईमा खर्चिन्छ। एउटा कुरा भन्न मन लाग्यो। नाला (ढल) जाम हुनुमा पेय पदार्थरपानीका बोतल, गुटखा जस्ता प्लास्टिकका साधनको महत्त्वपूर्ण अंश रहेको छ। यस्ता बोतल ढक्कन छैन भनेर नालामा फाल्ने को हो ? **सुरेन्द्र कामती**

मधेश सधैं विभेदमा पर्यो भन्नेहरूले आफ्नो आवश्यकता अनुसार लुट्न नपाएर केन्द्रिय सरकारको विरोध गरेका रहेछन्। मधेश आन्दोलनमा तिमीहरूकै कारण मारिएका जनताको एक-एक लासले तिम्लाई श्राप देला तिनीहरूकै बलमा सत्तामा पुगेर आफ्नो पदको दुरूपयोग गर्दा। **संगीता रेग्मी**

पहाडी मूलकी केटीले मधेशी मूलका केटासँग विहे गरेर मधेशी कोटामा आरक्षण लिन पाउँछन् तर मधेशीले आफ्नो रितिरिवाजअनुसार भारतीय केटीसँग विवाह गरेर भित्र्याएपछि श्रीमानसरह अधिकार समेत पाएको अवस्था छैन। अन्तर्राष्ट्रिय अभ्यासमा आरक्षण नपाउने समुदायको केटीले आरक्षण पाउने समुदायको केटासँग विहे गरे पनि आरक्षण कोटाका लागि वैधानिकता प्राप्त गर्न सकिदैन तर यहाँ जात र समुदायको अनुसार नीति नियम बन्छ। **जेपी यादव**

नेकपाले नेपाली राजनीतिमा पाएको ऐतिहासिक उपलब्धिलाई अवमूल्यन गर्दै केवल कांग्रेसलाई गिज्याएर दम्भ देखाउने र कांग्रेस भने आन्तरिक रूपमा निती, ब्यवहार र विधि सबै गुमिरहेको अवस्थामा पनि नेकपाको विरोध गर्ने। खै त परिवर्तन ? **मनिष झा**

मेयरले महँगो गाडी चढेर नेताले म्याकबुक भिरेर देशको हैसियत सुध्रिदैन। गरीबले कुन सुविधाका साथ यात्रा गर्छन् , प्रविधिमा आम जनताको पहुँच कति छ त्यसले देशको हैसियत मापन हुन्छ। पावरवालाले सुविधा पाए, यो त के समाचार भो र ? **समा थापा**

अभियोगको निस्पक्ष छानबिन हुनुपर्छ र छानबिन बमोजिम अगाडी बढ्नुपर्छ। तर अभियोग छल्दै दुराशयपूर्ण तरिकाले प्रशासनिक निकायबाट हुने/गरिने र गराइने गतिविधि निन्दनीय हो। पत्रकार राज कमल सिंह लाई तत्काल रिहा गर्न माग गर्दछु। **किशोर गुरू**

# दुई पक्षीय संयन्त्र सक्रिय : प्रचण्ड



काठमाडौं। नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल र भारतबीचको सहकार्यका प्रतिबद्धताको कार्यान्वयनका लागि दुईपक्षीय संयन्त्र सक्रिय हुन थालेको बताएका छन्। कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्धका लागि एसियाली प्रतिष्ठान तथा नेहरू स्मृति संग्रहालय र पुस्तकालयले आयोजना गरेको "नेपाल-भारत सम्बन्धको प्रवर्द्धनका लागि प्रबुद्ध वर्गको भूमिका" विषयक सम्मेलनको मंगलबार उद्घाटनका अवसरमा अध्यक्ष प्रचण्डले आपसी सम्बन्ध खुल्ला र प्रगतिशील मानसिकताका साथ साझा स्वार्थका लागि अघि बढाउन आफूहरूले प्रयत्न गरिरहेको बताए।

उनले नेपालको स्थिरता, शान्ति र समृद्धि भारतको पनि स्वार्थको विषय भएको तथा छिमेकीको सहयोग बिना नेपालको समृद्धि हासिल गर्न नसक्ने भएकाले दिगो विकास लक्ष्यको परिधिमा रहेर साझा गन्तव्य पहिल्याउन आवश्यक भएकामा जोड दिए। उनले भने, "नेपालको गरिबीको अवस्था लामो समयसम्म रहिरहन सक्दैन। छिमेकीले विकास गरिरहँदा हामी पछि पर्न सक्दैनौं। भारतसँगको समझदारीअनुसार रेल र जलमार्ग हुँदै आर्थिक समृद्धिको यात्रामा अगाडि बढ्न आवश्यक छ।" समान सार्वभौमसत्ता र साझा स्वार्थका आधारमा आपसी सम्बन्ध नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गर्दै अध्यक्ष प्रचण्डले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पछिल्लो नेपाल भ्रमणले सिर्जना गरेको ताजा विश्वासलाई समेत आधार मानेर सहकार्य र सम्बन्धलाई गाढा बनाउन जोड दिएका हुन्। सो अवसरमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले दुई देशका प्रधानमन्त्री तहमा पछिल्लो समयमा भएको भ्रमण आदानप्रदानले सम्बन्ध सुध्रिएको बताउँदै दुई देशले गठन गरेको प्रबुद्ध वर्ग समूहले आपसी सम्बन्धलाई नयाँ इतिहासमा लाने गरी प्रतिवेदन दिने उल्लेख गरे।

बुद्धिजीवीहरूले नकारात्मक वा सकारात्मक पक्षको मात्रै प्रकाश पारिने प्रवृत्ति अन्त्य गर्न यस्ता सम्मेलनले भूमिका निर्वाह गर्ने बताउँदै उनले नेपाल र भारतबीच जनता र सरकारका बीचमा नजिकको सम्बन्ध भएकाले कहिलेकाहीँ खटपट देखा परेपनि पुन: मिलेर रहने गरेको अवस्थालाई सबैले आत्मसाथ गर्नुपर्नेमा जोड दिए।

भारतीय जनता पार्टीका महासचिव श्रीराम माधवले दुई देशबीच संस्कृति, सम्पर्क सञ्जाल र वाणिज्यलगायतका क्षेत्रमा नजिकको जनाउँदै नेपालको बहुमतको स्थिर सरकारले लोकतन्त्रलाई सफल बनाउने अपेक्षा व्यक्त गरे। भारतीय प्रधानमन्त्री मोदीको छिमेकी नीतिले निरन्तरता पाउने बताउँदै आपसी सम्बन्धलाई ज्ञानमा आधारित सम्बन्धका रूपमा पनि विकास गर्न सम्मेलनले योगदान दिने उल्लेख गरे।

नेपालका लागि भारतीय राजदूत मञ्जिभसिंह पुरीले पछिल्लो समयमा नेपाली र भारतबीच अरूण ३ परियोजना र वीरगञ्जको संयुक्त चेकजाँचका सम्बन्धमा भएको सम्झौताले आपसी आर्थिक सहकार्य अभिवृद्धि हुने बताए। दुबै देशका बुद्धिजीवी सहभागी सम्मेलनमा विभिन्न सत्रमा राजनीतिक र बुद्धिजीवी क्षेत्रका प्रतिनिधिबीच अन्तर्क्रिया हुनेछ।

# नेपाल-भारतबीच थप साझेदारी हुने : रेग्मी

काठमाडौं। मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले नेपाल र भारतबीच पारस्परिक हितमा थप साझेदारी हुने विश्वास व्यक्त गरेका छन्। नेपाल-भारत थिंक ट्याङ्क शिखर सम्मेलनलाई राजधानीमा सम्बोधन गर्दै रेग्मीले दुई देशबीच पारस्परिक साझेदारीका सम्बन्धमा सर्वोत्कृष्ट विचारहरू जन्माउन सम्मेलन सफल हुने विश्वास समेत व्यक्त गरे। 'भारतसँग अत्यन्तै निकट सम्बन्ध रहेको नेपाल दुवै देशको साझा स्वार्थका विविध विषयमा साझेदारी र संयोजन हुने कुरामा आशावादी छ,' पूर्वअध्यक्ष रेग्मीले भने, 'आगामी दिनहरू दुवै देशको विकासका लागि अत्यन्तै महत्त्वपूर्ण र अवसरहरूले भरिएका छन् भन्ने कुरामा आशावादी रहँदै म विद्वान थिंक ट्यांकहरूलाई नेपाल र भारतबीचको पारस्परिक साझेदारीका सम्बन्धमा सर्वोत्कृष्ट विचारहरू जन्माउनका लागि आह्वान गर्दछु।' साथै सम्मेलनले दीर्घकालीन सम्बन्ध र परास्परिक सहअस्तित्वको संवर्द्धनका लागि उपयुक्त वातावरण बनाउने उनको विश्वास थियो।

# रामायण र बुद्ध पर्यटन सर्किटको संयुक्त रूपमा प्रवर्द्धन गरिने

काठमाडौं। भारत र नेपालले रामायण र बुद्ध पर्यटक सर्किटको संयुक्तरूपमा प्रचार तथा प्रवर्द्धन गर्ने जानकारी भारतीय पर्यटनमन्त्री के जे अल्फोन्सले लोकसभालाई जानकारी दिएका छन्। रामायण र बुद्ध पर्यटन सर्किटको प्रवर्द्धनको बारेमा भारत र नेपाल सरकारले गरेको प्रयासबारे उठेको प्रश्नमा जवाफ दिँदै उनले सो कुरा बताएका हुन्। अल्फोन्सका अनुसार गत जुलाई ६ मा काठमाडौँमा भएको संयुक्त बैठकमा दुवै सरकार, सरकार र निजी क्षेत्र सम्मिलित, इन्डो नेपाल टुरिजम फोरम (आईएनटीएफ) गठन गर्न सहमत भएको थियो। गत मे महिनामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सीताको जन्मभूमि जनकपुरदेखि रामको जन्मभूमि आयोध्यासम्म जोड्ने बस सेवाको पनि शुरूवात गरेका थिए। सन् २०१६ मा भारतको पर्यटन मन्त्रालयले नेपाल र श्रीलंका सम्मिलित बुद्ध सर्किटलाई देशको पहिलो अन्तरदेशीय पर्यटकीय सर्किटको रूपमा प्रबर्द्धन गर्ने घोषणा गरेको थियो। पर्यटन मन्त्री अल्फोन्सका अनुसार आईएनटीएफले दुई देशको आपसी छलफलमा आधारित रहेर प्रबर्द्धन कार्यक्रम अघि बढाउने छ। त्यस्तै, यो समूहले रामायण र बुद्ध सर्किटलाई समान ब्रान्डिङ र मार्केटिङ अभ्यासबाट प्रबर्द्धन गर्नेछ। अल्फोन्सले नेपालमा सीप विकास र आतिथ्य क्षेत्रमा भारतले थप सहकार्य गर्ने पनि जानकारी दिए।

# हवाई सम्झौता संशोधन

काठमाडौं। नेपाल र भारतबीचको द्विपक्षीय हवाई सम्झौता संशोधन भएको छ। संशोधनअनुसार नेपाल र भारतका एयरलाइन्सहरूले एकआपसमा कोड साटासाट गर्न पाउने भएका छन्। मन्त्रिपरिषद्को बैठकले हवाई सम्झौताको संसोधनलाई अनुमोदन गरेसँगै नेपाल र भारतका एयरलाइन्सले एकआपसमा यात्रु ओसारपसारमा साझेदारी गर्ने बाटो खुल्ला भएको हो। कोड सेयर भनेको दुई एयरलाइन्सबीचको सम्झौताअनुसार एक ठाउँबाट ल्याएका यात्रुलाई त्यही टिकट र बोर्डिङ पासमा अर्को ठाउँमा पठाउने व्यवस्था हो। यो व्यवस्था लागू भएपछि लन्डनबाट सिधै काठमाडौंका लागि यात्रुले टिकट लिन सक्छन्। त्यहाँको विमानस्थलबाट बोर्डिङ पास लिएर आएको यात्रुले भारतको नयाँ दिल्ली हुँदै काठमाडौं आउन सक्छन्। एयरलाइन्स र जहाज परिवर्तन भएपनि उही टिकटमा यात्रुले काठमाडौंसम्म आउनसक्ने व्यवस्था खुल्ला भएको छ। भारतमा विश्वका मुख्य देश र सहरमा उडान पहुँच भएको र त्यहाँबाट यात्रुहरू सिधै काठमाडौंको टिकट लिएर आउनसक्ने विश्वाससहित सरकारले अनुमोदन गरेको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारीले बताए। यसबाट नेपाल र भारतका एयरलाइन्सलाई व्यापार विस्तारको अवसरको ढोका खुलेको मन्त्री अधिकारीको भनाइ छ। अब नेपाल र भारतका एयरलाइन्स जसको जहाँ आफ्नै उडान छैन त्यहाँको टिकट काट्न सक्छन्। आफूले उडान नगरेको ठाउँमा पनि यात्रुहरूलाई सेवा दिनसक्नेगरी व्यवस्था गर्नसक्छन्।

# गायिका अञ्जली पटेल भारतमा सम्मानित



राकेश यादव, रौतहट। सानै उमेरदेखि गीत संगीतको क्षेत्रमा लगनशीलता देखाएकी रौतहटको चेली भारतमा सम्मानित भएकी छिन्।

गौर नगरपालिका वडा नम्बर २ महादेवपट्टी निवासी चन्देश्वर राउतको छोरी अञ्जली पटेल भारतको उदयपुर राजस्थानमा आयोजित इंटरनेशनल फेसबुक अवार्ड सेमिनार कार्यक्रममा इंटरनेशनल टैलेंट अवार्ड २०१८ बाट सम्मानित भएकी हुन्।

बूबा शिक्षक हुनुको साथसाथै संगीतमा पनि संलग्न रहेको हुदा बाल्य अवस्थादेखि नै संगीतप्रति बढी रूचि राखेकी अंजली गायन क्षेत्रमा परिचित भएकी छिन्।

मैथली, नेपाली भाषामा गाएको गीतले प्रशिद्ध रहेकी पटेललाई सामाजिक न्यायका पक्षधर डाक्टर शोकिन वर्माले अवार्डबाट सम्मानित गरेका हुन्। संगीतको क्षेत्रमा रौतहटमा अवार्ड लिनेमा पटेल पहिलो महिला बनेकी छिन्। छोरीले विदेशमा सम्मानित भएपछि गौरस्थित जुद्ध माध्यमिकका प्राध्यानध्यापक समेत रहेका चन्देश्वर राउतले बधाई दिएका छन्। छोरीको आगामी सफलताका लागि उनले कामना समेत गरेका हुन्।

## आर्थिक समाचार

### राजविराज नपाको बजेट ७४ करोड

राजविराज। राजविराज नगरपालिकाले चालू आर्थिक वर्षका लागि कूल रू ७४ करोड नौ हजार ४२ को बजेट विनियोजन गरेको छ। नगरपालिकाले चालूतर्फ रू ४२ करोड दुई लाख ५० हजार र पूँजीगततर्फ रू ३१ करोड ९७ लाख ५९ हजार ४४२ बजेट नगरसभाले स्वीकृत गरेको नगरप्रमख प्रमुख शम्भुप्रसाद यादवले बताए। गत आवको कूल बजेट रू ६१ करोड ७२ लाख ११ हजार ६९ मध्ये चालूतर्फ रू २१ करोड ४१ लाख ५५ हजार र पूँजीगततर्फ रू १४ करोड ८० लाख ६६ हजार ३८५ खर्च भएको थियो। सामाजिक सुरक्षातर्फ रू सात करोड ४३ लाख ८८ हजार, उपदानतर्फ रू एक करोड ३९ लाख ९० हजार ९९६ खर्च भएको थियो भने खर्च हुन नसकेको रू १३ करोड ८४ लाख २५ हजार ८९६ चालू आवमा खर्च गर्ने गरी सारिएको नगर नगरप्रमुख यादवले जानकारी दिए। उनले चालू आवमा नागरिकता सिफारिस दस्तुर पूरै मिनाहा गरिएको र सवारीसाधन कर छुट गरिएको पनि बताए। जसअनुसार टाँगा, रिक्सा, अटोरिक्सा तथा इ-रिक्साबाहेक अन्य सवारीसाधनमा पूर्णरूपले कर छुट भएको छ भने मदिरा व्यवसाय, स-मिल, इँटा उद्योग, सुर्तीजन्य उद्योग व्यवसायमा करको साविक दरमा ५० प्रतिशतले वृद्धि भएको छ। यसैगरी अन्य व्यवसायको साविक दरमा २५ प्रतिशत, बिटौरी दस्तुरमा ५० प्रतिशत, कवाडी व्यवसायमा वार्षिक रू दुई हजार ५००, बहाल कर १० प्रतिशतले वृद्धि गरेको नगरपालिकाले जनाएको छ।

### मेगा बैंकले नि:शुल्क मेहेन्दी लगाइदिने

काठमाण्डौं। मेगा बैंकले महिला ग्राहकका लागि साउन महिनाभरि मेहेन्दी उत्सव आयोजना गरेको छ। यो उत्सवमा ग्राहकले मेगा बैंकका विभिन्न शाखाबाट नि:शुल्क रूपमा आकर्षक मेहेन्दी लगाउन सक्ने जनाएको छ। मेगा बैंकको राइजिङ मलस्थित मुख्य शाखामा हालै मेहेन्दी लगाउने ग्राहकको भिड थियो। मेहेन्दी उत्सव आयोजना गरेकोमा बैंकलाई धन्यवाद दिँदै ग्राहक मेहेन्दी लगाउन ब्यस्त थिए। उत्सव मेगा बैंकका राजधानी र राजधानीबाहिरका हरेक शाखामा पालैपालो यो कार्यक्रम हुनेछ। इच्छुक ग्राहकले आफूलाई पायक पर्ने नजिकको शाखामा सम्पर्क गरेर मेहेन्दी लगाउन सक्ने मेगा बैंकले जनाएको छ।

### रावा र युनाइटेडबीच बैंकास्योरेन्स

काठमाडौं। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले युनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडको बिमालेख आफ्ना शाखाहरूबाट बेच्ने भएको छ। आइतबार दुई कम्पनीबीच बैंकास्योरेन्स सम्झौता भएको बैंकले जनाएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र युनाइटेड इन्स्योरेन्सका कामु प्रमुख कार्यकारी अधिकृत रमेशकुमार भट्टराईले हस्ताक्षर गरेका थिए। अब राष्ट्रिय वाणिज्य बैंकका ग्राहकले आफ्नो धितो तथा अन्य सम्पत्तिको बिमा युनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडबाट गर्न सक्नेछन्।

# गदाललाई भारतमा अन्तर्राष्ट्रिय पुरस्कार

काठमाडौं। भारतको नयाँदिल्लीस्थित नेपाली संस्कृति परिषद् अन्तर्राष्ट्रिय समितिद्वारा गीतकार एवं साहित्यकार ज्ञानेन्द्र गदाललाई अन्तर्राष्ट्रिय भानु नेपाली भाषा साहित्य सम्बर्द्धन पुरस्कार प्रदान गरिएको छ। आदिकवि भानुभक्त आचार्यको २०५औं जन्मजयन्तीका अवसरमा आयोजित 'भानु सम्मान पुरस्कार समारोह' कार्यक्रममा विभिन्न क्षेत्रबाट समाज र मानव समुदायको हितमा अन्तर्राष्ट्रिय स्तरमा सेवा पुर्‍याएवापत पाँचजनालाई सम्मानित गरिएको हो।









# भारतीय दूतावासको कार्यालय बन्द

विराटनगर। नेपालस्थित भारतीय दूतावासअन्तर्गतको विराटनगर क्याम्प कार्यालयबाट प्रदान गरिने सबै सेवा बुधबारदेखि बन्द भएका छन्। भारतीय दूतावासद्वारा जारी विज्ञप्तिअनुसार दूतावासको विराटनगर कार्यालयबाट प्रदान गरिँदै आएका यातायात अनुमति, भारतीय नागरिकका लागि प्रमाणपत्र दर्ता, जन्म/मृत्यु पञ्जीकरण प्रमाणीकरणलगायत सेवा बन्द गरिएका हुन्। हालसम्म विराटनगर कार्यालयबाट प्रदान गरिने सबै सेवाका लागि आज अगष्ट १ देखि काठमाडौँस्थित भारतीय दूतावासमा सम्पर्क गर्न आग्रह गरिएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पछिल्लो नेपाल भ्रमणका बेला सो कार्यालय बन्द गर्ने बारेमा सहमति भएको थियो। विसं २०६५ भदौमा कोशी बाँध भत्किएर आएको बाढीपछि भारतीय भूमिबाट गरिने यातायात सहजताका लागि सो कार्यालय स्थापना गरिएको थियो।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं